LACC

# ल्याक लेन्स

## २०७९

ल्याक महिला हक हेल्पलाइनमा दर्ता भएका
सत्य घटनाहरू तथा लेखहरू

Year 2021

## LACC Geographical Coverage

Province 1
Taplejung
Jhapa

**Madhesh Province**
Rautahat
Siraha
Saptari
Sarlahi

**Lumbini Province**
Banke
Rupandehi

**Bagmati Province**
Kathmandu
Bhaktapur
Lalitpur
Makwanpur
Chitwan

**Karnali Province**
Surkhet

**Sudurpaschim Province**
Bajhang
Bajura
Doti
Dadeldhura
Kailali
Kanchanpur




Legal Aid & Consultancy Centre
Manbhawan, Lalitpur (AVM School Compound)
P.O. Box : G.P.O. Box: 3216, Kathmandu, Nepal.
Tel : 977-1-5543111, 5542999

# ल्याक लेन्स

## २०७९

| | | |
|---|---|---|
| अंक | : | ३६ |
| संस्करण | : | पहिलो (भाद्र, २०७९) |
| प्रकाशक | : | कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)<br>मानभवन, ललितपुर |
| प्रकाशन संख्या | : | ५०० |
| सम्पादक | : | अनिता न्यौपाने थपलिया |
| डिजाईन | : | कम्प्यूटर लग<br>पुल्चोक, ललितपुर । फोन : ९८५११३४९७७ |

# कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) परिवार

**अध्यक्ष**
अ.अनिता न्यौपाने थपलिया

**उपाध्यक्ष**
प्रा. डा. सावित्री कक्षपति

**महासचिव**
अ. रविना श्रेष्ठ

**कोषाध्यक्ष**
हेमलता मुडभरी

**सदस्यहरु**
अ.शितल सुवेदी
अ.उमा तामाङ
अ.सजनी जोशी
मन्जु पाण्डे
अ.मनिषा पौडेल

**सल्लाहकारहरु**

**श्री महेन्द्र प्रसाई**
**प्रा. डा. बरिष्ठ अ.शशी अधिकारी**
**बरिष्ठ अ.बिजयकान्त मैनाली**

**कर्मचारीहरु**
**अ. चण्डेश्वरी तण्डुकार**
वरिष्ठ कानुन अधिकृत
**सीता बस्याल न्यौपाने**
वरिष्ठ लेखा अधिकृत
**रक्षा रिसाल**
वरिष्ठ कार्यक्रम अधिकृत
**अ. पुण्य शिला दवाडी घिमिरे**
वरिष्ठ कानुन अधिकृत
**सरस्वती योञ्जन**
प्रोजेक्ट मेनेजर
**सगुन सत्याल**
लेखा अधिकृत
**अ. शकुन्तला बस्नेत**
कानुन अधिकृत
**अ. अन्जना खनाल न्यौपाने**
कानुन अधिकृत
**भाग्यश्री रावल**
अनुगमन तथा मूल्याकन अधिकृत
**सौम्या रिसाल**
अनुगमन तथा मूल्याकन अधिकृत

**जिल्ला संयोजकहरु**

**अ.उमा कार्की, झापा**
**अ.बलराम भट्टराई, ताप्लेजुड.**

**बबिता तण्डुकार**
प्रशासनीक सहायक

**नवराज थपलिया**
अफिस सहायक

**हरिमाया आले मगर**
कार्यालय सहयोगी

**नारायणी क्षेत्री**
नाइट गार्ड

# विषय सूची


| सि.नं. | विषयहरु | पेज नं. |
|---|---|---|
| १. | कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) परिचय<br>*अधिवक्ता अनिता न्यौपाने थपलिया*<br>*अधिवक्ता पुण्यशिला दवाडी* | ७-१६ |
| २. | मनोञ्जन क्षेत्रमा कार्यरत महिला श्रमिकका सवाल र कानून कार्यान्वयनको अवस्था<br>*अधिवक्ता अनिता न्यौपाने थपलिया* | १७ -२२ |
| ३. | हिंसा पीडित महिला तथा बालबालिकाको अवस्था<br>*अधिवक्ता पुण्यशिला दवाडी घिमिरे* | २३-३० |
| ४. | बोक्सीको आरोपमा महिलाले भोग्नु परेको हिंसा र हिंसा अन्त्यको लागि नेपालले गरेको प्रयास<br>*अधिवक्ता चण्डेश्वरी तण्डुकार* | ३१-४१ |
| ५. | मानव बेचबिखनका प्रभावितहरुको न्यायमा पहुँच र चुनौतिहरु<br>*अधिवक्ता उमा तामाङ, कानून अधिकृत* | ४२-४७ |
| ६. | बालविवाह सम्बन्धी कानून र बालविवाहले निम्त्याएको चुनौति<br>*अधिवक्ता सजनी जोशी* | ४८-५० |
| ७. | सम्बन्ध विच्छेद<br>*अधिवक्ता शकुन्तला बस्नेत के.सी.* | ५१-५५ |
| ८. | लैगिक हिंसा सम्बन्धि कानून र कार्यान्वयनमा देखिएका चुनौतिहरु<br>*अधिवक्ता राधा तण्डुकार* | ५६-६१ |
| ९. | **Institutionalizing Paralegals in Nepal its Challenges and Prospects**<br>*Adv. Manisha Paudel* | ६२-६५ |
| १०. | **Rape Related Laws and compensation for rape victims: An Overview**<br>*Adv. Anjana Khanal Neupane* | ६६-७२ |
| ११. | **Same-Sex Marriage in Nepal – A legal and social viewpoint**<br>*Adv. Shoumya Risal* | ७३-७५ |

# प्राक्कथन



महिलाहरु आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक रुपमा पछाडी परेका कारणले दिनानुदिन हिंसाका शिकार भैरहेका छन् । कानुनी सहयोग तथा परामर्श कन्द्र (ल्याक) ले आफ्नो स्थापनाकाल देखी नै महिलाको न्यायमा सहज पहचु अभिवृद्धिका लागि नि:शुल्क कानुनी सहायता लगायतका बिभिन्न कार्यक्रमहरु गर्दै आएको छ । विभिन्न प्रयासको वावजुद पनि महिलाको हक अधिकार तथा महिला विरुद्ध हुने हिंसा नियन्त्रणका लागि भएका कानूनी व्यवस्थाहरुका वारेमा जनमानसमा कम जानकारी भएकोले गर्दा न्यायमा पहुच पुग्न सकेको छैन । तसर्थ महिलाको कानूनी अधिकारको बारेमा सबैलाई जानकारी गराउनुका साथै कार्यान्वयनको अवस्था र चुनौतिको बारेमा जानकारी दिनु अति आवश्यक भएकोले तथा कानुनी व्यवस्थाहरु तथा सत्य घटनामा आधारित कार्यन्वयनमा परेका चुनौतीहरु समेतलाई समेटी सोको सम्बन्धमा जानकारी गराउने उद्देश्यले यस ल्याक लेन्स प्रकाशित गरेको छ । यस पुस्तिकाले लैङ्गिक सवालहरु समेटी राष्ट्रिय कानूनहरुका महत्वपूर्ण प्रावधानहरुलाई तथा ल्याकमा आएका मुद्धाको विवेचना सहित एकिकृत रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । यो पुस्तिका महिला अधिकारका क्षत्रेमा कार्यरत कानून व्यवसायी, संघ सस्थाका प्रतिनिधी तथा सेवा लिन आउनु हुने सेवाग्राही विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु समेतका लागि समेत लाभदायक रहने छ । अन्त्यमा, यो पुस्तिका तयार पार्ने कार्यमा मलाई सहयोग गर्नुहुने तथा लेख उपलब्ध गराई दिनु हुने सम्पूर्णमा आभार व्यक्त गर्न चाहन्छु । यस प्रकाशनबाट महिला अधिकार, महिला हिंसा नियन्त्रणमा नयाँ आयाम थपिनेछ भन्ने विश्वास लिएको छु ।

\- *अनिता न्यौपाने थपलिया*
*कार्यकारी अध्यक्ष*

# कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) परिचय

*अ. अनिता न्यौपाने थपलिया*
*अ. पुण्यशिला दवाडी*

## परिचय र ऐतिहासिक पृष्ठभूमि

कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक), सन् १९८७ मा स्थापना भएको एक गैह्र सरकारी संस्था हो । यस संस्थाले स्थापना काल देखि नै निरन्तररुपमा महिला तथा वालवालिकाको न्यायमा पहुंच अभिवृद्धिका लागि कामगर्दै आएको छ ।

२०४६ सालको राजनीतिक परिवर्तन पछि समाजमा रहेका सबै वर्गको समान अधिकारको कुरा उठिरहेको अवस्थामा संयुक्त राष्ट्रसंघबाट महिला माथि हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) पारित भएको कारणले पनि महिलामाथि हुने हिंसा र महिला अधिकारका विषयमा आवाज उठिरहेको समयमा नेपालमा प्रजातान्त्रिक वातावरणमा धेरै नेपाली जनताहरुको विभिन्न सेवामा मानवअधिकार तथा विकासमूलक कार्यक्रम माग गर्न थाले । तत्कालिन समयमा महिलाहरु हिंसा सहेर घरभित्रै बस्न बाध्य भएका र त्यसको विरुद्ध आवाज उठाउन नसकेका कारण उनीहरूको न्यायमा पहुँच पुर्याउन अती जरूरी महशुस गरेर कानूनी सहयोग तथा परामर्श केन्द्र ल्याकको स्थापना सन् १९८७ मा प्राध्यापक डाक्टर शान्ता थपलियाको नेतृत्वमा भएको थियो । महिलामाथि गरिएको विभेदपूर्ण व्यवहार, सबै प्रकारका हिंसा विरुद्ध आवाज उठाउने, महिलाको नेतृत्व विकास गर्ने तथा महिलाहरूको न्यायमा पहुँच सजिलै पुग्न सकोस भन्ने उद्देश्यका साथ यस संस्थाको स्थापना भएको हो ।

यस संस्थाका संस्थापक अध्यक्ष प्राध्यापक डाक्टर शान्ता थपलियाले आफ्नो बिद्याबारिधिको शोत्रपत्र तयार गर्ने क्रममा नेपालका धेरै गाउ बस्ति जाने क्रममा महिलाले भोग्दै आएका लैगीक हिंसा, यौनिक हिंसा, बिभेद, चेतना अभाव र विभेदकारी कानूनको कारणले न्यायमा पहुचको कहालिलाग्दो अवस्थाले यस संस्थाको स्थापना गर्न टेवा पुगेको थियो । सुरुवाति दिनमा संस्था मार्फत अनौपचारिक रुपमा सेवा प्रदान गर्दै आउनुभएको र देशमा प्रजातन्त्रको स्थापनासंगै औपचारिक रुपमा संचालक समिति गठन गरेर विधिवत संस्था दर्ता गरि प्राध्यापक डाक्टर शान्ता थपलियाको निवासको तल्लो तलामा यस संस्थाको स्थापना भएको थियो ।

महिलाहरुलाई कानुनी जागरण नभएको कारणले नै महिलाहरु आफ्नो अधिकारको विषयमा अनभिज्ञ भएका हुनाले र हिंसा तथा अन्यायमा पर्नुको मूलकारण पनि यही हो भन्ने ठानी उनीहरूलाई कानुनी जागरण गर्नुपर्छ भन्ने सोच राखी विभिन्न जिल्लामा कानुनी जागरण अभियानको थालनी गरियो । सुरुमा ग्लोबल फन्ड (Global Fund) को सानो परियोजनावाट नेपालगंज र झापामा कानूनी जागरण कार्यक्रम सुरु भयो । साथै केही कानुन व्यवसायीहरू नियुक्त गरी त्यस समयमा निबेदन लेख्ने, लिखत लेख्ने लगायतका सम्पुर्ण कार्य हातले नै गर्ने गरिन्थ्यो टाइपराईटर (typewriter) समेत पनि थिएन ।

यस संस्थामार्फत असहाय गरिब महिलाहरुले निःशुल्क कानुनी सहयोग तथा परामर्श पाई न्यायमा पहुच र अधिकारहरूको संरक्षण गर्न मद्दत पुगेको छ । महिला र पुरुषबीच राज्यको कानूनमा, राज्यले दिने सेवा सुविधामा र परिवार एवं समाजले महिलालाई हेर्ने दृष्टिकोणमा कुनै पनि भेदभाव हुनु हुँदैन भन्ने आवाज उठाएर प्राध्यापक डाक्टर शान्ता थपलिया ज्यू लगायतका अधिकार कर्मीले सडकदेखि सदनसम्म आवाज उठाउन भएको थियो । उक्त आवाजलाई सफल पार्न २०५२ सालमा महिलालाई पैतृक सम्पत्तिमा समान अधिकार चाहिन्छ की चाहिँदैन ? चाहिन्छ भने को बाट दिलाउनुपर्छ भन्ने जस्ता सवाल राखेर प्राध्यापक डाक्टर शान्ता थपलियाको नेतृत्वमा ल्याकले देशका सबै अंचल, जिल्ला, क्षेत्र र वर्गलाई समेटिने गरी २० जिल्लामा गाउँ गाउँका ११ हजार घर धुरी तथा काठमाण्डौ उपत्यकाको विभिन्न बर्ग, समूह, स्तर, क्षेत्र, समुदाय, उमेर तथा लिङ्गका मानिसहरुका विच अन्तरक्रिया र प्रस्नावलिको माध्यमवाट अध्ययन गरेको थियो । कानुन अध्ययन गरिरहेका विद्यार्थीहरुलाई परिचालन गरि उक्त सर्वे गरेको थियो । उक्त सर्वेको सिफारीसको आधारमा छारीलाई छोरासरह पैतृक सम्पत्तिमा समान अधिकारको लागी जागरण अभियान चलाएको थियो । सो अभियानलाई निष्कर्षमा पुर्‍याउन अधिवक्ता मिरा ढुंगानाले सर्वोच्च अदालतमा रिट दर्ता गर्नुभएको थियो । अन्ततः मुलुकी ऐन एघारौ संशोधन भइ छोरीलाई पनि छोरासरह पैतृक सम्पत्ति अधिकार दिने गरी २०५९ सालमा कानूनको संशोधन भयो । साथै यस संस्थाले विभिन्न समयमा नागरिकता, एसिड आक्रमण, घरेलु हिंसा नियन्त्रण तथा सजाय ऐन, सत्य निरुपण तथा मेलमिलाप ऐन, लगायतका ऐनको निर्माण तथा संशोधन प्रकृयामा समेत सकृय भुमिका निभाउदै आएको छ ।

संस्थाले निम्न बिषयगत क्षेत्रमा (Thematic Area) मा कार्य गर्दै आएको छ ।

**Access to Justice**

- Legal Aid
- Paralegal Support
- Public Interest Litigation (PIL)
- Evidence Based Advocacy
- Pro Bono

**Human Rights and Good Governance**

- Gender Based Violence (GBV)
- Human Trafficking (TIP)
- Transitional Justice (TJ)
- Sexual and Reproductive Health Rights (SRHR)
- Disaster Risk Reduction (DRR)
- Minorities Rights

**Women Empowerment**

- Leadership Development
- Vital Registration and Citizenship Support
- Socio-Economic Rights
- Women Lawyer Promotion

यस संस्थाले स्थापनाकालदेखि नै महिलाहरूको न्यायमा सहज पहुँच पुर्याउन विभिन्न काम गर्दै आएको छ । जस मध्ये

## १. निशुल्क कानुनी सहयोग

### १.१ महिला हक हेल्पलाइन

यस संस्थाले स्थापनाकाल सन् १९८७ देखि नै यसले निरन्तर रुपमा आथिक, सामाजिक, सास्कृतिक, जातिय तथा लैगिक हिंसाबाट पिडीत महिलाहरुलाई निशुल्क कानुनी सहयोग प्रदान गर्दै आएको, महिला संचेतना मूलक कार्यक्रम, पैरवी, (Advocacy) लगायतका कार्य गर्दे आएको थियो । र सन् १९९९ जनवरीमा महिला हक हेल्पलाइनको स्थापना गरि देखि व्यवस्थित रुपमा सफ्टवेरको माध्यमद्वारा तथ्यांकहरू राख्दै आइरहेको छ । महिला हक हेल्पलाइनले दक्ष तथा अनुभवि महिला कानून व्यवसायी निशुल्क कानूनी सल्लाह दिने तथा कानूनी सहयोग, मुद्धा लेखन, बहस, पैरवी तथा वकालत गर्ने कार्य गर्दै आएको छ । साथै आवश्यक्ता अनुसार फोन परामर्श, रेफरल, तथा पारालिगल सेवा समेत उपलब्ध गर्दै आएकोछ । सुरुमा पूर्वाञ्चलका लागि झापामा मध्यपश्चिमाञ्चलका लागी सुर्खेत र सुदूरपश्चिममा डोटी र उपत्यकाको ललितपुर जिल्लाबाट यो हेल्पलाइन को सुरुवात गरिएको थियो । हेल्पलाइन को मुख्य उद्देश्यनिम्न रहेको छ

- नि शुल्क कानुनी सल्लाह तथा सहयोग गर्ने
- अन्य संस्थाहरुसँग समन्वय गर्ने
- तथ्याङ्क राख्ने
- प्रचारप्रसार तथा जनचेतना कार्यक्रम संचालन गर्ने
- जनचेतना जगाउने प्रकाशन गर्ने

महिला हक हेल्पलाइनले महिलाहरूलाई कानूनी परामर्श दुई तरिकाले दिने गरेको थियो । एउटा भावनात्मक परामर्श अर्को कानुनी परामर्श भावनात्मक परामर्श गर्दा खेरि दुवै पक्षलाई सँगै राखेर उनीहरुका भावना तथा इच्छालाई बुझी समस्याको गहिराईसम्म पुगेर एक(अर्काको गल्ती कमजोरीलाई उनीहरुले नै पत्ता लगाई समस्याको समाधान गर्ने कोशिस गरिन्छ भने अर्को कानुनी परामर्श भावनात्मक परामर्शबाट समस्या समाधान हुन नसकेको अवस्थामा कानुनी बाटो देखाई अड्डाअदालत जानुभन्दा अघिकै अवस्थामा दुवै पक्षलाई राखेर पीडितलाई आफ्नो हकअधिकारको प्रतिस्थापना गर्न कानूनी उपचारका बाटाहरु के कस्ता रहेछन् यस्तो प्रक्रियामा जाँदा पक्षहरुले के गर्नु पर्छ,समस्या के के आउन सक्छन, कानूनी उपचारका के के वाटोहरू छन भन्ने सम्बन्धमा परामर्श दिइने गरिन्छ भने आवश्यकता अनुसार विभिन्न अदालतमा मुद्दा दर्ता गरी न्यायमा पहुच अभिवृद्धि गर्दै आएको छ ।

ल्याकले सन् २०१७ नोभेम्बर देखि राष्ट्रिय महिला आयोगद्धारा स्थापना तथा सन्चालन गर्दै आएको ११४५ हेल्पलाईनसंग सहकार्य गदै आएको र सो हेल्पलाईन मार्फत सिफारिस भई आएका मुद्धाहरुमा समेतलाई निशुल्क कानूनी सहायता दिदै आएको छ । उपरोक्त हेल्पलाईन मार्फत सिफारिस भई आएका १३९८ मुद्धामा यस संस्थाले निशुल्क कानुनी सेवा दिई सकेको छ ।

हालसम्म कानूनी सहयोग तथा परामर्श केन्द्रद्धारा निशुल्क कानूनी सहायता प्रदान गरिएका मुद्धाहरुको संख्या

| Year | Cases |
|---|---|
| 1987-1999 | 3500 |
| 2000-2002 | 2957 |
| 2003 | 1455 |
| 2004 | 1507 |
| 2005 | 1142 |
| 2006 | 1053 |
| 2007 | 1307 |
| 2008 | 817 |
| 2009 | 1411 |
| 2010 | 1178 |
| 2011 | 1222 |
| 2012 | 1230 |
| 2013 | 2011 |
| 2014 | 3179 |
| 2015 | 4513 |
| 2016 | 5508 |
| 2017 | 5173 |
| 2018 | 4214 |
| 2019 | 3821 |
| 2020 June-2021 July | 1367 |
| 2021 Aug- 2021 Dec | 725 |
| 2021July-2022 July | 306 |
| Total from Women rights Helpline | 49596 |
| Total from Children Justice Centre (1998-2005) | 929 |
| **Grand Total** | **50525** |

**हक हेल्पलाईन**

Children Justice Center

खबर गरौं ११४५
लैङ्गिक हिंसा विरुद्ध हामी

## २. बाल न्यायिक केन्द्र

बाल न्यायिक केन्द्रको स्थापना १५ नोभेम्वर १९९८ मा भएको हो । यस केन्द्रको स्थापनाको मुख्य उद्देश्य बाल शोषण, बालश्रम तथा बाल यौन दुर्व्यवहारका साथै बालबालिकामाथि हुने सबै प्रकारका शोषणबाट पीडित पुगेका बालबालिकाहरुलाई सक्रिय र व्यवस्थित रुपमा नि:शुल्क कानुनी सहयोग तथा सेवा पुर्याउने हो । यस बाल न्यायिक केन्द्रको शुरूवात झापा, सिन्धुपाल्चोक र उपत्यकाको काठमाण्डौ,ललितपुर र भक्तपुर जिल्लाबाट गरिएको थियो । यस कार्यक्रमअन्तर्गत बालश्रम शोषण नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुका साथै यस सम्बन्धमा विभिन्न प्रकारका पुस्तकहरु प्रकाशन पनि गरेको छ । अर्को महत्वपूर्ण कार्य यौन दुर्व्यवहारका साथै बालबालिकामाथि हुने सबै प्रकारका शोषणबाट पीडित हुन पुगेका बालबालिकाहरुका मुद्दा अदालतमा लैजाने, हेर्ने बहस पैरबी गर्ने लगाएत यस्ता पीडित बालबालिकालाई विभिन्न विद्यालयहरूमा शैक्षिक सहयोग उपलब्ध गराउँदै आइरहेको छ भने यौन दुर्व्यवहारका साथै बालबालिकामाथि हुने सबै प्रकारका शोषणबाट

पीडित हुन पुगेका तथा घरेलु हिंसाबाट पीडित बालबालिकालाइ अन्य संघसंस्थाहरु सँग समन्वय गरेर वासस्थानको ब्यवस्था समेत गर्ने गरेको छ । ल्याकले बालबालिकाका मुद्दाहरु अदालतमा लाने बहस पैरबी गर्ने गर्दै आएको थियो ।

**बाल न्यायिक केन्द्र मुख्य उदेश्य**

- नि शुल्क कानुनी सल्लाह तथा सहयोग गर्ने
- अन्य संस्थाहरुसँग समन्वय गर्ने
- तथ्याङ्क राख्ने
- प्रचारप्रसार तथा जनचेतना कार्यक्रम संचालन गर्ने
- प्रकासन गर्ने

वाल हेल्पलाईन मार्फत १९९८ देखी शुरू गरे पछि २००५ सम्म ९२९ मुद्धामा निशुल्क कानुनी सेवा दिएको थियो । हाल संस्थाले वालबालिकाको मुद्दाहरु समेत महिला हक हेल्पलाईन मार्फत नै निशुल्क कानुनि सहायता दिदै आएको छ ।

## ३. प्रकाशन तथा संचार

यस संस्थाले संवैधानिक तथा कानुनी अधिकार तथा महिलाको न्यायमा पहुच अभिवृद्धि गर्ने उदेश्यले जानकारी मुलक पुस्तक, जानकारी मुलक पोष्टर, सुचनामुलक क्यालेण्डर, अनुसन्धान रिपोर्ट, अनुसन्धान मुलक लेख रचना, तालिम म्यानुवेल, कानुनी सचेतना पत्रिका, केश स्टडी प्रकाशन गर्ने गरेको छ । यसका साथै यस सस्थाले विभिन्न सामाजिक विषयमा **भिडियो डकुमेन्ट्री, यु ट्युब च्यानल**, **मोवाइल एप** मार्फत कानुनी सुचना दिदै महिलाको न्यायमा पहुच बढाउदै आएको छ । यसका साथै यस संस्थाले विभिन्न जिल्लामा रेडयियो कार्यक्रमहरु समेत संचालन गर्दै आईरहेको छ ।











## ४. तालिम गोष्ठी कार्यशाला गोष्ठी र सेमिनार सञ्चालन सञ्चालन

महिलाहरुमा चेतनाको अभिवृद्धि गरी विकासको मूल प्रवाहमा महिलाहरुलाई समाहित गर्नुपर्छ भन्ने मान्यता अनुरुप महिला सशक्तिकरण सम्बन्धी विविध तालिम तथा कार्यशाला गोष्ठीहरुको यस संस्थाले आयोजना गर्दै आइरहेको छ । समानता, मानवअधिकार संरक्षण र द्वन्द व्यवस्थापन सम्बन्धमा पनि विभिन्न ५ वटा जिल्लामा कार्यशाला गोष्ठी गरेको थियो । सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरुसँग मुलुकी ऐन एघारौं संशोधन प्रयास र यसको कार्य प्रक्रिया जटिलता र प्रयोगमा सरलीकरण विषयक कार्यशाला गोष्ठी देशव्यापी पनि सञ्चालन गरेको थियो । लैङ्गिक सचेतना सम्बन्धी गोष्ठी पनि यसले सञ्चालन गरेको थियो । महिला सशक्तिकरण तथा नेतृत्व विकास तालिम १० वटा जिल्लामा सञ्चालन भएको थियो । यसका साथसाथै न्यायिक समिती, मेलमिलाप समिती, अनौपचारिक न्यायिक क्षेत्र तथा स्थानिय तथा समुदाय स्थित संस्थाको लैंगिक उत्तरदायी न्याय र सुचनामा पहुंच बढाउनका निमित्त क्षमता अभिवद्धिका लागी देश का ३३ वटा जिल्लामा कार्यक्रम गर्दै आएको छ । यसै गरि मनोरन्जन क्षेत्रका कामदारको क्षमता अभिवृद्धि देशका ५ वटा जिल्लामा, मानववेखन तथा ओसारपसार नियन्त्रणका निम्ति देशका ११ वटा जिल्लामा तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम गरेको थियो । महिला प्रजनन स्वास्थ्य अधिकार तथा छाउपडि अन्त्यका निमित्त कैलाली तथा अछाम जिल्ला विभिन्न कार्यक्रमहरु गरेको थियो भने छाउपडीका पिडीतलाई क्षँमता अभिवृद्धि, शसक्तीकरण तथा आश्रयका लागी रुपान्तरण गृहको समेत स्थापना गरि सन्चालन गरेको छ । मेलमिलाप सम्बन्धि पनि तालिम दिदै आएको छ । त्यसै गरी युवा तथा वालवालिकाको समेत कानुनी संचेतना तथा क्षमता अभिवद्धि गर्न स्कल तथा कलेजका छात्रछात्रा लाई समेत तालिम दिदै आएक्रो छ । यसरी हालसम्म देशका करिव ६० जिल्लाहरुमा विभिन्न समयमा विभिन्न कार्यक्रमहरु मार्फत करिब १० लाख ग्राहीलाइ यस संस्थाले सेवा दिएको छ ।

 

## ५. महिला कानुन व्यवसायीहरुको क्षमता अभिवृद्धि र पेशागत दक्षता अभिवृद्धि

कानूनमा स्नातक गरेका नवोदित कानुन व्यवसायीहरुलाई बारमा लिइने लाइसेन्स परीक्षाको तयारी गराउने तथा लाइसन्स लिइसकेका नवोदित कानून व्यवसायीहरु लाई Clinical legal education को तालिम दिने कार्य पनि गदै आएक्रो छ। कानुनी क्षेत्रमा महिला सहभागिता वृद्धि गर्नका साथै व्यवसायिक रुपमा स्थापित हुन सकुन भन्ने उद्देश्यले यस संस्थाले कानुनमा प्रमाणपत्र तह र स्नातक तहका उर्तिण महिला विद्यार्थीहरूको लागि women lawyer monitoring training दिई तालिम दिईदै आएको छ । यसरी तालिममा संलग्न महिला कानुन व्यवसायीहरु जिल्लामा गएर महिला जागरण, घर दैलो, कानुनी सचेतनामुलक कार्यक्रमहरुमा समेत संलग्न गराईन्छ । महिला छात्राहरलाई volunteer training प्रदान गर्न थालिएको छ । ल्याकले कानुनका छात्राहरुलाई व्यवसायमा स्थापित गराउन तीन महिने र 6 महिने तालिम सञ्चालनसमेत गरेको कारण आज धेरै महिला कानुन व्यवसायीहरू पेशामा स्थापित भएका छन ।

## ६. प्रोबोनो सेवा

यस कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) ले आफ्नो स्थापना काल देखि नै महिलाको न्यायमा पहुच अभिवृद्धिका लागि निशुल्क कानुनी सहायताका साथसाथै प्रो वानो सेवा दिदै आएको छ। संस्थामा कानुनी सहायताका निमित्त सहकार्य तथा सहयोग गर्ने सस्थाको अवस्थामा संस्था रहेका मुद्धामा पिडीतको न्यायमा पहुचको सुनिस्चितताका लागी प्शागत दक्ष्य कानुन व्यवसायी मार्फत प्रबोनो सेवा उपलब्ध गर्दआएको छ। यसका अलावा संस्थाले सार्वजनिक सरोकारको विषयमा समेत प्रो बोनो सेवा दिई आएक्रो छ। हाल सम्म यस सस्थाले ३२१० मुद्धाहरुमा प्रोबोनो सेवा दिईसकेको छ। यसका साथै यस संस्था प्रो बोनोलाई नेपालमा संस्थागत गर्नका निमित्त सन् २००९ देखी नै कन्चनपुर तथा मकवानपुर जिल्लामा विभिन्न कार्यक्रम गर्दे आएको थियो । यस संस्थाले Consortium lead को रुपमा सन् २०१८ मा BABSEACLE संगको सहकार्यमा एशिया 8th Asia Pro Bono Conference को आयोजना गरेको थियो । जसमा २०६ वटा देशबाट ६०० सहभागीले भाग लिएका थिए । यस संस्थाले कानून व्यवसायीका साथै समुदायमा स्थित संस्थाहरुको क्षमता अभिवृद्धि तथा समुदायमा पारालिगलहरुलाई

तालिम दिई सो संस्थाहरु र पारालिगललाई परिचालन गरि समुदायमा रहेका महिला तथा सिमान्तिकृत समुदायको न्यायमा पहुच अभिवृद्धि गर्न प्रो बोनो सेवा दिदै आएको छ। हालसम्म विभिन्न जिल्लाको २० वटा समुदायमा स्थित संस्था र ६० पारालिगलहरु मार्फत लैगिंक हिंसा तथा घटना दर्ता, तथा नागकितामा पहुच अभिवृद्धि गर्न परिचालन गर्दै आएको छ।










## ७. कर्मचारी तथा स्टाफको क्षमता अभिवृद्धि तथा exposure

यस कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) ले सरोकारवाला तथा लक्षित बर्गका साथसाथै आफ्ना कर्मचारी कार्य समिती, सल्लाहकार तथा सदस्यहरुका निमित्त समेत समय समयमा क्षमता अभिवृद्धि, मनोसामाजिक परामर्श, राष्टिय तथा अन्तराष्ट्रिय यात्रा तथा सहभागिता गराउदै आएको छ ।








## ८. नेटवर्क

यस संस्थाले आफ्नो कामलाई अझ बढि प्रभावकारी तथा बनाउन विभिन्न नेटवर्कमा रही काम गर्दै आएको छ। हाल सक्रिय रुपमा सहभागी रहेको नेटवर्क निम्न बमोजिम रहेको छ।

1. Civil Society Network for Citizenship Rights
2. CEDAW
3. BPFA (Beijing Platform for Action)
4. SDG national network (दिगो विकास राष्टिय लक्ष्य नेपाल)
5. National Women network
6. NNAGT (National Network Against Grils Trafficking) – Executive Board Member
7. Women security pressure group (WSPG) (founder + Executive Board Member 2021)
8. UPR को लागी नेपाली गैरसरकारी सस्थाको सन्जाल
9. Asia Pacific Regional CSO Engagement Mechanism ( APRCEM 2022)
10. Women NGO Federation (WNF)- Founder Member 2022 + Executive Board Member 2022)
11. National Pro Bono Network - Executive Board Member 2022

***

# मनोञ्जन क्षेत्रमा कार्यरत महिला श्रमिकका सवाल र कानून कार्यान्वयनको अवस्था

*अधिवक्ता अनिता न्यौपाने थपलिया*



**पृष्ठभुमि**

नेपालमा मनोरञ्जन क्षेत्र भन्नाले केलाई भनिन्छ भनि स्पष्ट परिभाषा कहिंकतै गरिएको नपाईएता पनि साधरणतया बोलीचालीको भाषामा रेष्टुरेन्ट, मसाज पार्लर, खाजाघर, व्युटीपार्लर, डान्स रेष्टुरेन्ट, डान्सबार, स्पा, क्याबिन, दोहोरी आदी व्यवसायलाई बुझिन्छ। केही समय अगाडी सो क्षेत्रमा कार्यरत महिला कर्मचारी (श्रमिक) को कानुनी क्षमता अभिवृद्धि कार्यक्रमको आयोजना गर्ने क्रममा निजहरुसंग प्रत्यक्ष रूपमा अन्तरक्रिया गर्ने अवसर मिल्यो । सोही अन्तरक्रियाको आधारमा यस क्षेत्रका महिला श्रमिकले भोग्दै आएका समस्याहरुलाई यस लेख मार्फत् उजागर गरेको छु । निज सहभागीहरुको सुरक्षा तथा गोपनियतालाई मध्यनजर गरी उनीहरुको नाम तथा कार्यस्थलको नाम गोप्य राखिएको छ ।

**समस्याहरु**

मनोरञ्जन क्षेत्र शब्द नै विभेदकारी भएको, जसको कारणले समाजले हेर्ने दृष्टिकोण विभेदकारी रहेको भन्ने ठम्याई सो क्षेत्रमा कार्यरत कामदारहरुको रहेको छ। यस क्षेत्रमा कार्यरत विशेषगरी महिलाहरुलाई समाजले भद्र व्यक्तिको रूपमा नहेर्ने र जो कोहीले पनि गलत फाईदा उठाउन खोज्ने तर समाजको अगाडी तर्किएर हिंड्ने गर्दछन् । कोठा भाडामा लिन जाँदा समेत आफ्नो कामको बारेमा भन्यो भने बस्ने कोठा नै पाईंदैन । कार्य स्थलको कुरा गर्ने हो भने श्रम ऐन, कामदारका अधिकार कुन चरिको नाम हो हामीलाई थाहा छैन । श्रम ऐनमा व्यवस्था गरेको कुनै पनि अधिकार हामीले उपभोग गर्न हामीले पाएका छैनौं । कहिले १२ घण्टासम्म लगातार काम गर्नुपर्ने हुन्छ, यसरी काम गर्दा समेत १०-१५ मिनेटको खाना खानको लागि ब्रेक पाईन्छ । यो क्षेत्रमा कार्यरत कामदारको बिदा भने कहिल्यै हुँदैन । कतिपय ठाउँमा त एकदिन छुट्टी लियो भने तीन दिनसम्मको तलब काट्छन् । क्रिया बिदामा बस्दा समेत तलब काट्ने गरेको तितो यथार्थ बताँउछन् उनीहरु । उनीहरुको मासिक तलब महिनाको ५ हजार देखि १० भन्दा बढि हुँदैन । काममा राख्ने बेलामा नै साहुले ग्राहकलाई खुशी पारेर लिने बाँकी पैसा भन्छन् । यस क्षेत्रमा कहिल्यै समयमा पूरा मासिक तलब दिने प्रचलन नभएको बताउँछन् उनीहरु । प्रायः तलब लिनुपर्ने दिन तलब दिने व्यक्ति नै बिदामा बसिदिने तलब लिनको लागि घण्टौ काउन्टरमा गएर कुरेर बस्नुपर्ने हुन्छ । तलब कहिले १००० कहिले ५०० गर्दै दिने हुँदा सधैं आर्थिक समस्या परिरहने बताउँछन् उनीहरु । चाडपर्वमा समेत कहिल्यै चाडपर्व पेश्की पाएको छैन । प्यान नं. कसैको छैन, चाहिन्छ भन्ने थाहा पनि छैन अधिकांशलाई । नियुक्ति-पत्र कसैलाई दिईंदैन । हाल धेरै संस्थाहरुले हस्तक्षेप गरेको कारणले र राती कामबाट फर्कंदा प्रहरीको चेकिङ्ग हुने भएकोले परिचय-पत्र दिन थालिएको बताउँछन् । नियुक्त गर्ने समयमा एउटा काम गर्न भनि लिईन्छ र जुनसुकै काम

गर्न लगाईन्छ, जस्तै गीत गाउन तथा नाच्नका लागि काम गर्न शुरु गरेतापनि ग्राहकको खानेकुराको अर्डर लिनुपर्ने, उनीहरुसंग बसेर रक्सी खानुपर्ने, उनीहरुले जे गर भन्छन् त्यही गर्नुपर्ने, कतिपय अवस्थामा यौनजन्य दुर्व्यवहार, शोषणको शिकार हुनुपर्ने अवस्था रहेको । यो क्षेत्रमा कार्यरत अधिकांश कामदारहरु कानुनी अधिकारको सम्बन्धमा अनभिज्ञ रहेका छन् । यदि कसैले कानुनी अधिकारको बारेमा थाहा पाएर कुरा मात्रै गऱ्यो भने पनि तुरुन्त काम छोड्न बाध्य बनाईन्छ । कुनै कारणले कुरा नमिलेर काम छोडेपछि उनीहरुको बलियो नेटवर्क भएको कारणले यसै क्षेत्रमा पूनः काम पाउन असम्भव नै हुन्छ । हामी यस क्षेत्रमा कार्यरत व्यक्तिलाई अरु क्षेत्रमा काम गर्ने अनुभव हुँदैन । त्यसकारण काम पाउन सकिन्न । संविधान, कानून, श्रम ऐन कुन चरीको नाम हो, हामीलाई थाहा छैन । प्रहरीबाट समेत हामीलाई कतिपय अवस्थामा हिंसा भएको छ । राती काम सकेर फर्किंदा बिच बाटोमा रोकेर जिस्क्याउने, बाटो मै नाच्न, गाउन लगाउने, बिनाकारण लगेर थुन्ने गरी बारम्बार हिंसा भैरहेको छ । हामी सबैतिरबाट पीडित छौं । साहु, ग्राहक, समाज, प्रहरी अनि अन्याय भएमा कसको शरणमा जाने? सरकारले हाम्रो सुरक्षाको व्यवस्था गरिदेओस् साथै समय-समयमा हाम्रो काम गर्ने स्थानको परिक्षण मोनिटरिङ गरिदेओस् । कामको आधारमा हामीमाथि विभेद नहोस् । यस क्षेत्रमा कार्यरत व्यक्तिहरु प्रायः कम शिक्षा, आर्थिक रूपमा विपन्न तथा कमचेतना भएका छन् । त्यसैकारणले आफ्नो अधिकारको बारेमा जागिर जान्छ भन्ने डरले बोल्न डराउँछन् । हिम्मत जुटाएर बेलाबखत बोलेमा पनि नराम्रो व्यवहारको शिकार हुनुपर्छ वा जागिर नै छोड्नु पर्ने हुन्छ भने कहिलेकाहिं कुटाई खानुपर्छ । त्यसकारण आवाज उठाउन सक्दैनन् । कतिपय होटल, खाजाघर, रेष्टुरेन्ट, पार्लर, मसाज पार्लर, स्पा, क्याफे आदी सम्बन्धित निकायमा दर्ता नै भएका छैनन् । यदि भएका छन् भने पनि नविकरण गरिएको हुन्न । कुनै पनि निकायले त्यसमा अनुगमन गरिएको समेत पाईन्न । त्यसकारण साहुहरु कामदार माथि शोषण गर्न कत्ति पनि हिचकिचाउन्नन् । कामदारमाथि बाहिरबाट आएका पाहुनाहरुले अन्य दुर्व्यवहार, गाली-गालौज तथा यौनजन्य दुर्व्यवहार गरेको देख्दा समेत साहुले कहिल्यै विरोध जनाउँदैनन् । यदि कामदार आफैले विरोध गऱ्यो भने साहुले तलब नै काटिदिने तथा कामबाट नै निकाली दिने गर्दछन् । चौध बर्षभन्दा कम उमेरका बालबालिका समेत काममा लगाईने र उनीहरुलाई अठार बर्ष भन्न लगाईने पनि गरेका खुलासा गर्छन् उनीहरु । कामदारहरुको बिचमा रूपरंगको आधारमा तथा उमेरको आधारमा विभेद हुने गर्दछ । डान्स रेस्टुरेन्ट, बारमा काम गर्ने कामदारहरु मध्येमा पनि स्टेजमा काम गर्ने र किचन डाईनिङमा काम गर्नेहरुको बिचमा पनि बिभेद गरिन्छ । स्टेजमा काम गर्नेलाई अनुहारमा मेकअप लगाउन तथा तडकभडकवाला कपडा लगाउन र आर्कषक देखिनका लागि समेत दवाब दिईन्छ ।

## संवैधानिक तथा केही कानुनी व्यवस्थाहरु

श्रमप्रति अवहेलना गर्न नहुने[1], समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गर्न नहुने, [2]प्रत्येक नागरिकलाई रोजगारी गर्न पाउने र रोजगारी छनौट गर्न पाउने हक हुनेछ,[3] भनि नेपालको संबिधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । नेपालको संविधानले उचित पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने व्यक्तिलाई श्रमिक भनि

[1]नेपाल को संविधान, धारा १७

[2]नेपाल को संविधान, धारा १८, (४)

[3]नेपाल को संविधान, रोजगारीको हक धारा ३३, उपधारा १र २

पारिभाषित समेत गरिएको छ । [4]प्रत्येक नागरिकलाई उचित श्रम अभ्यास गर्ने र श्रमवापत उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ[5] । श्रमको सम्मान उद्यमशिलता, अनुशासन, मर्यादा र शहिष्णुतामा आधारित सामाजिक, साँस्कृतिक मूल्यहरुको विकास गर्ने[6] भनि संविधानमा गरिएको मौलिक हकलाई कार्यान्वयन गर्नका निमित्त बिभिन्न कानूनको समेत निर्माण भई लागू भएको अवस्था विद्यमान छ। तर पनि यस क्षेत्रका श्रमिकले भोग्दै आएका समस्याका स्वरूप भने दिनप्रतिदिन भिन्न रूपबाट उजागर हुने र सोको समाधान भने हुन नसकेको अवस्था छ।

**"श्रमजीवि महिलाहरुप्रति डान्स रेस्टुरेन्ट, डान्स वार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५"**

यस क्षेत्रका श्रमिकका अधिकारलाई संरक्षण गर्न, महिला श्रमिकलाई शोषणमुक्त गर्न, मर्यादित एवं आत्मसम्मानपूर्वक, सुरक्षित वातावरणमा काम गर्नसक्ने वातावरणको सृजना गर्ने उद्देश्यले केही प्रयासहरु नभएका भने हैनन् । डान्स वार, रेष्टुरेन्ट, क्याविन, दोहोरी साँझ, मसाज पालरमा काम गर्ने महिला कामदारहरूलाई कार्यस्थलमा गरिने यौन उत्पीडनका व्यवहारहरूलाई नियन्त्रण गर्ने सम्बन्धमा हालसम्म नेपालमा कुनै कानूनको निर्माण नभएकोले, कार्यस्थलमा काम गर्ने श्रमजीवि महिला एवं अन्य कामदारहरूलाई मर्यादित एवं आत्मसम्मानपूर्वक, सुरक्षित वातावरणमा काम गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागि संसदले ऐन नबनाएसम्मका लागि भनि सर्वोच्च अदालतबाट "श्रमजीवि महिलाहरुप्रति डान्स रेस्टुरेन्ट, डान्स वार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५" लागू भएतापनि प्रभावकारी कार्यान्वयनको अभावमा श्रमिकहरुमाथि हुने शोषण तथा उत्पीडनमा कमी आउन सकेन । उक्त निर्देशिकाले श्रमिकका अधिकारलाई सुनिश्चित गर्नका लागि नेपाल सरकारद्वारा निर्धारित न्यनूतम पारिश्रमिक नदिई काममा लगाउन नहुने । यौन उत्पीडन हुने जस्तैः शारीरिक सम्बन्धको लागि प्रस्ताव या माग, यौन एवं उत्तेजक भाषा तथा उत्तेजक नृत्य, गीतको प्रयोग, श्रमजीवि महिलाले देख्ने गरी अश्लील साहित्य, पोष्टर, पर्चा, पम्प्लेट आदि राख्न नहुने, यौन सम्बन्धी छेडखानी, शारीरिक, मौखिक या यौनसम्बन्धी आचरण, यौन विकार उत्पन्न हुने अन्य कुनै व्यवहार, उत्तेजक पोशाक लगाई नृत्य, गीत गाउन बाध्य गर्न नहुने भनि व्यवस्था गरेको छ ।

त्यसैगरी यदि कसैले आर्थिक प्रलोभन दिई वा नदिई कसैसँग यौन सम्बन्ध स्थापित गर्न बाध्य पारे, श्रमजीवि महिलालाई थप आर्थिक सुविधा, पदोन्नती दिने, दिलाउने भनी लालचमा पारी वा आश्वासन दिई यौन सम्बन्ध कायम राखेमा वा राख्न लगाएमा, शुल्क वा रकमको प्रस्ताव गरी श्रमजीवि महिलासँग यौन सम्बन्ध राखेमा, यौन सम्बन्ध राख्ने वा नराख्ने उद्देश्यले श्रमजीवि महिलाको कुनै अंग स्पर्श गरेमा, मदिरा या लागू पदार्थ सेवन, ईच्छा विपरीत बाध्यतामा पारी यौन सम्बन्धमा राखेमा यौन शोषण गरेको मानिने छ भनि व्यवस्था गरेको छ । श्रमिकलाई अमर्यादित व्यवहार गर्न नहुने, निम्न कार्य गरिएको अवस्थामा सेवाग्राहीसँग बसी मदिरा लगायतका लागू पदार्थ सेवन गर्न गराउन, श्रमजीवि महिलालाई कार्यस्थलमा सेवाग्राहीसँग धुम्रपान गर्न लगाउन, अश्लील एवं यौन अर्थ दिने शब्दबाट

[4]नेपाल को संविधान, श्रमको हक धारा ३४, स्पष्टिकरण

[5]नेपाल को संविधान, श्रमको हक धारा ३४,

[6]नेपाल को संविधान, श्रमको हक धारा ५० (२)

सम्वोधन गर्न गराउन, श्रमजीवि महिलाले सुन्ने गरी वा सुनाउने उद्देश्यले यौन सम्बन्धी हसी-मजाक गर्न, गराउन तथा महिलासँग हसी-मजाक गर्न, श्रमजीवि महिला किशोरी वा नग्न प्रदर्शन गर्न लगाउने वा प्रदर्शन गर्न बाध्य पार्ने कार्य गरेमा अर्मयादित व्यवहार गरेको मानिन्छ। यसका अलावा निर्देशिकाले व्यवसाय सञ्चालक तथा सेवाग्राहीले पालना गर्नुपर्ने काम, कर्तव्य, अधिकारको बारेमा पनि व्यबस्था गरेको छ।[७]तर कार्यान्वयनको अवस्था एकदमै नाजुक भएको कारणले श्रमिकको अवस्था भने पीडादायी रहेको छ।

## श्रम ऐन २०७४ र श्रम नियमावली २०७५

श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न, श्रम शोषणका सबै अवस्थालाई अन्त्य गर्ने उद्देश्यले श्रम ऐन २०७४ र श्रम नियमावली २०७५ लागू भैसकेको छ। श्रम ऐनको दफा ११ मा रोजगारदाताले अनिवार्य रूपमा सम्झौता गर्नुपर्ने र उक्त सम्झौतामा पारिश्रमिक, सुविधा रोजगारीको शर्त लगायतका कुरा अनिवार्य रूपमा खुलाउनु पर्ने व्यवस्था गरेको छ । त्यसैगरी यस ऐनले श्रमिकहरुको अधिकारको संरक्षण गर्न अनिवार्य रूपमा श्रमिकको सामाजिक सुरक्षाको व्यवस्था, श्रमिकलाई प्रतिदिन ८ घण्टा वा प्रतिहप्ता ४८ घण्टाभन्दा बढि काममा लगाउन नपाईने, लगातार ५ घण्टा काम गरेपछि कम्तिमा आधा घण्टाको विश्राम दिनुपर्ने, यदि हप्ताको ४८ घण्टा भन्दा बढि काम लगाउनु परेमा प्रतिदिन ४ घण्टा तथा हप्तामा २४ घण्टाभन्दा बढि काममा लगाउन नहुने र यो अतिरिक्त समयको पारिश्रमिक डेढी दिनु पर्ने व्यवस्था गरेको छ। सूर्यास्त भएपछि वा सूर्योदय हुनुभन्दा अघि काम गर्नुपर्ने भएमा महिला श्रमिकलाई कार्यस्थलमा आउन तथा कार्यस्थलबाट फर्की जान रोजगारदाताले यातायातको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ भनि ऐनले सकारात्मक व्यवस्था गरेको छ। साथै श्रमिकलाई न्यूनतम मासिक पारिश्रमिक जम्मा रु १५,००० ।- भन्दा कम नहुने गरी दिनुपर्ने व्यवस्था गरेको छ। प्रत्येक श्रमिकले प्रत्येक बर्ष चाडपर्व खर्च वापत एक महिनाको आधारभुत तलब बराबरको रकम अनिवार्य रूपमा पाउने, प्रत्येक बर्ष कम्तिमा आधा दिन बराबरको पारिश्रमिक बढाउनु पर्ने, पारिश्रमिक भुक्तानी अवधि १ महिनाभन्दा बढि हुन नमिल्ने र पारिश्रमिक अनिवार्य रूपमा बैंक मार्फत भुक्तान गर्नुपर्ने भन्ने धेरै सकारात्मक व्यवस्थाहरु गरेको छ।

## कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१

सुरक्षित स्वच्छ र मर्यादित वातावरणमा काम गर्न पाउने प्रत्येक व्यक्तिको अधिकारलाई सुनिश्चित गर्दै कार्य स्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने[८] प्रमुख उद्देश्यले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ लागू रहेको छ। उक्त ऐनको कार्यस्थलको रूपमा सरकारी निकाय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था, प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था र कुनै व्यवसाय, कारोवार वा सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरेको वा दर्ता भएको फर्म, निकाय वा संगठित संस्थालाई बुझाउँछ[९] भनि कार्यस्थलको परिभाषा गरेको छ। त्यसैगरी कसैले आफ्नो पद, शिक्षा वा अधिकारको दुरूपयोग गरी, कुनै किसिमको

[7]"श्रमजीवी महिलाहरु प्रति डान्स रेस्टुरेन्ट, डान्स वार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५"
[8]कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, प्रस्तावना
[9]कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, दफा २ (ग)

दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साह गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई (क) यौनजन्य आशयले शरीरको कुनै अङ्गमा छोएमा वा छुने प्रयास गरेमा, (ख) अश्लील यौनजन्य, क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्र-पत्रिका, श्रव्य-दृष्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामग्री प्रयोग वा प्रदर्शन गरेमा, (ग) लेखेर, बोलेर वा इशाराले अश्लील यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा, (घ) यौनजन्य क्रियाकलापको लागि प्रयास गरेमा, (ङ) यौनजन्य आशयले जिस्काएमा वा हैरानी गर्ने कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिन्छ[10] भनि व्यवस्था गरको छ । यदि कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको ठहरेमा निजलाई कसूरको प्रकृति हेरी छ महिनासम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । कुनै व्यवस्थापकले सो ऐन बमोजिमको दायित्व वा अन्य व्यवस्था पालना नगरेमा निजलाई पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ । उजुरी सुन्ने अधिकारी वा निरीक्षण वा अनगुमन गर्ने, गराउनेले दिएको निर्देशन व्यवस्थापकले पालना नगरेमा निजलाई पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ । सो दफा बमोजिम सजाय पाएको व्यक्तिले सोही सजाय हुने कार्य पूनः गरेमा निजलाई पटकैपिच्छे दोब्बर सजाय हुनेछ । कसैले ऐन बमोजिम जानी-जानी झुट्टा उजुरी दिएको ठहरेमा निजलाई दश हजार रूपैयाँसम्म जरिवाना हुनेछ र यस दफा बमोजिम कुनै कर्मचारी वा व्यक्तिले सजाय पाएमा उजुरी सुन्ने अधिकारीले जानकारी सम्बन्धित निकायलाई गराउनुपर्नेछ भनि व्यवस्था भएको छ । तर तथाकथित मनोरञ्जन क्षेत्रको कार्यस्थलमा भने यो ऐन लागू नै नभएको दाबी गर्छन् कामदारहरु ।

### बालबालिका सम्बन्धी ऐन २०७५

चौध बर्षभन्दा मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन नहुने भनि व्यवस्था गरेको छ ।[11]

### निश्कर्ष

यस क्षेत्रमा कार्यरत व्यक्तिहरु प्रायः कम शिक्षा, आर्थिक रूपमा विपन्न तथा कम चेतना भएका छन् । त्यसैकारणले आफ्नो अधिकारको बारेमा जागिर जान्छ भन्ने डरले बोल्न डराउँछन् । हिम्मत जुटाएर बेलाबखत बोलेमा पनि नराम्रो व्यवहारको शिकार हुनुपर्छ वा जागिर नै छोड्नु पर्ने हुन्छ भने कहिलेकाहिं कुटाई खानुपर्छ, त्यसकारण आवाज उठाउन सक्दैनन् । कतिपय होटल, खाजाघर, रेष्टुरेन्ट, पार्लर, मसाज पार्लर, स्पा, क्याफे आदी सम्बन्धित निकायमा दर्ता नै भएका छैनन्, यदि भएका छन भने पनि नविकरण गरिएको हुन्न । कुनै पनि निकायले त्यसमा अनुगमन गरिएको समेत पाईन्न । त्यसकारण साहुहरु कामदार माथि शोषण गर्न कत्ति पनि हिच्किचाउन्नन् । कामदारमाथि बाहिरबाट आएका ग्राहकहरुले दुर्व्यवहार, गाली-गलौज तथा यौनजन्य दुर्व्यवहार गरेको देख्दा समेत साहुले कहिल्यै विरोध जनाउँदैनन्, यदि कामदार आफैले विरोध गऱ्यो भने साहुले तलब नै काटिदिने तथा कामबाट नै निकालिदिने गर्दछन् भनि आफ्ना समस्याहरु पोख्छन् उनीहरु ।

---

[10]कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, दफा ४

[11]बालबालिका सम्बन्धी ऐन २०७५, दफा ७(९)

यस तथाकथित मनोरञ्जन क्षेत्रका अधिकांश कार्यस्थलमा यस कानूनको पालना भएको छैन, जसको प्रत्यक्ष प्रभाव श्रमिकलाई परेको छ । यस क्षेत्रमा कार्यरत कर्मचारीहरुमा चेतनाको अभाव, उनीहरुको अधिकारका निमित्त बोली दिने तथा उनीहरुको संरक्षण गरिदिने संयन्त्रको अभाव र निःशुल्क कानुनी सहायता दिने संयन्त्रको अभावमा सबै विभेद तथा अन्याय सहन वाध्य भएका छन् । यथासक्य चाडो अनुगमन गरी कानूनको पालना नगर्ने व्यवसायीलाई कानूनको दायरामा ल्याउने, यस क्षेत्रमा कार्यरत कर्मचारीलाई पनि श्रमिकको रूपमा पहिचान दिंदै उनीहरुको संविधान प्रदत्त मौलिक अधिकारलाई सम्मान गर्दै, श्रम ऐनको पूर्ण रूपमा कार्यान्वयन, समय-समयमा यस्ता क्षेत्रको अनुगमन, श्रमिकलाई सुरक्षाको प्रत्याभूति, अधिकारको संरक्षण, क्षतिपूर्ति सहितको न्याय र उनीहरुको श्रमलाई सम्मान दिन सकेमा संवैधानिक तथा कानुनी उद्देश्य परिपूर्ति भई यस क्षेत्रमा कार्यरत महिला श्रमिकलाई न्याय महशुस हुने थियो ।

***

# हिंसा पीडित महिला तथा बालबालिकाको अवस्था



*अधिवक्ता पुण्यशिला दवाडी घिमिरे*

महिला र बालबालिकाको लागि सबभन्दा सुरक्षित ठाँउ कुन हो भनी कसैले प्रश्न गरेमा उत्तरमा सजिलैसंग आफू बस्ने घर भन्ने गर्दछौं । तर हाम्रो समाजमा घटेका हिंसाका घटनाहरु हेर्दा घर कतिको सुरक्षित छ त ? कुन ठाउँमा महिला तथा बालबालिकाहरु सुरक्षित हुन्छन् त भन्न त्यति सजिलो छैन । तल उल्लेखित तथ्याङ्कहरुबाट पनि पुष्टि भैरहेको छ भने प्रकाशमा नआएका कति तथ्याङ्कहरु हाम्रो समाजमा छन्, जसलाई उजागर गर्न बाँकी नै छ । महिला विरुद्ध हुने हिंसा हेर्दा नत घर परिवारका सदस्यबाट महिला सुरक्षित छन् नत उनीहरू राज्य प्रशासनबाटै सुरक्षित छन् नत आफन्त भन्नेबाट, आफ्नो घर-आँगनमा छरछिमेकीबाट नै सुरक्षित छन् । यसरी हृयविदारक अवस्थामा महिला तथा बालबालिका बाँच्नु परिरहेको छ । घरपरिवार, छरछिमेकी लगायत जो सुकैबाट पनि जुनसुकै समयमा महिला तथा बालबालिका हिंसामा पर्न सक्छन् । यसरी हिंसामा परेका महिला तथा बालबालिकाको संख्या कति छ त ? एकिन तथ्याङ्क राज्यसँग छैन ।

ओरेक नेपालले श्रावण २०७६ देखि असार २०७७ सम्मको अवधिमा १ हजार ७ सय ७ वटा हिंसाका घटना र श्रावण २०७५ देखि असार २०७६ सम्म १ हजार ३ सय १९ वटा महिला हिंसाका घटनाको अध्ययनसहितको विश्लेषण गरेको थियो । जसमा १ हजार ७ सय ७२ वटा घटनामा सबैभन्दा बढी ६३ प्रतिशत ९ हजार ११६ जना महिलामाथि आफ्नै घरभित्र हिंसा भएको छ । हिंसा गर्नेहरू सबैभन्दा बढी श्रीमान् र घरपरिवारका सदस्यहरू छन् । १ हजार ११० घरेलु हिंसामध्ये ७० प्रतिशत ९८६० जना महिला श्रीमान्बाट र २३ प्रतिशत ९२५ जना महिला घरपरिवारका सदस्यबाट हिंसामा परेका छन ।[12]

यस्तै सन् २०२१ म ११ प्रतिशत ९१८७ जना महिलामाथि बलात्कार र २ प्रतिशत ९३६ जना महिलामाथि बलात्कारको प्रयास भएको छ । ५६ प्रतिशत ९१०४ जना महिलामाथि छिमेकीबाट १५ प्रतिशत ९२८ जना परिवारका सदस्यबाट, १७ प्रतिशत ९३१ जना महिला आफुले आत्मीय ठानेका साथीबाट बलात्कृत भएका छन् । यसैगरी ५ प्रतिशत ९९ जना साथीबाट, ३ प्रतिशत ९५ जना सेवा प्रदायक संस्थाका अधिकारीबाट, २ प्रतिशत ९४ जना अविवाहित तर संगै बसेका साथीबाट ३ प्रतिशत ९६ जना महिला अपरिचित व्यक्तिबाट बलात्कार भएको तथ्याङ्कले देखाएको छ । प्रभावित महिलामध्ये सबैभन्दा बढी ४५ प्रतिशत ९८४ जना बलात्कारका घटना १६ वर्षमुनिका बालिकामाथि भएको तथ्याङ्कमा उल्लेख छ ।13

[12]https://www .worecnepal .org/content/294/2021-12-15
[13]https://www .worecnepal .org/content/294/2021-12-15

ओरेक नेपालका अनुसार सन् २०२१ मा ४ प्रतिशत ९६८ जना महिलामाथि यौन हिंसा भएको छ। जसमध्ये सबैभन्दा बढी ३८ प्रतिशत ९२६ जना यौन हिंसा महिलाले आत्मीय ठानेका साथीबाट भएको छ। त्यसैगरी २५ प्रतिशत ९१७ जना छिमेकीबाट, १५ प्रतिशत ९१२ जना परिवारका सदस्यबाट, सात प्रतिशत ९५ जना अविवाहित तर संगै बसेका साथीबाटयौन हिंसामा परेका छन। यसैगरि एक प्रतिशत ९१ जना साथीबाट, एक प्रतिशत ९१ जना सेवा प्रदायक संस्थाका सदस्यबाट, एक प्रतिशत ९१ शिक्षकबाट तीन प्रतिशत ९२ जना महिलामाथि अपरिचित व्यक्तिबाट यौन हिंसा भएको पाइएको छ ।14

नेपाल प्रहरीको तल उल्लेखित तथ्याङ्क अनुसार ।15

**Crime Data Against Women and Children**

| S .N . | Fiscal Year | Rape | Attempt to Rape | Polygamy | Child Marriage | Witch Craft | Abortion | Untouchability | Child Sexual Abuse | Domestic Violence |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 070/071 | 912 | 414 | 421 | 15 | 39 | 18 | 14 | – | 6835 |
| 2 | 071/072 | 981 | 562 | 518 | 23 | 43 | 17 | 10 | – | 8268 |
| 3 | 072/073 | 1089 | 452 | 463 | 20 | 28 | 22 | 19 | – | 9398 |
| 4 | 073/074 | 1131 | 536 | 464 | 26 | 24 | 22 | 17 | – | 11629 |
| 5 | 074/075 | 1480 | 727 | 602 | 59 | 48 | 18 | 18 | – | 12225 |
| 6 | 075/076 | 2230 | 786 | 1001 | 86 | 46 | 27 | 43 | 211 | 14774 |
| 7 | 076/077 | 2144 | 687 | 734 | 64 | 34 | 29 | 30 | 232 | 11738 |
| 8 | 077/078 | 2532 | 735 | 852 | 84 | 61 | 27 | 39 | 281 | 14232 |

माथीको तथ्याङ्कमा ओरेक नेपालको तथ्याङ्कबाट महिला तथा बालबालिका घरपरिवारका सदस्यबाट हुने हिंसामा बढी पर्ने रहेछन् र त्यसपछि अन्य व्यक्तिबाट हुने हिंसामा पर्ने रहेछन् भन्ने देखियो भने नेपाल प्रहरीको तथ्याङ्कले महिला तथा बालबालिकामाथि हुने हिंसाहरु घट्नुको सट्टा बढिरहेको देखियो ।

यसरी माथिको तथ्याङ्क हेर्दा प्रकाशमा आएका घटनाहरुको संख्या कहालिलाग्दा छन् भने अझ प्रकाशमा नआएका कति छन् कति । त्यस्तै गरेर आजकलका समाचार बुलेटिन तथा पत्र-पत्रिका महिला हिंसाका घटनाले भरिएका हुन्छन् । यसबाट पनि हाम्रो समाजमा महिला कति असुरक्षित छन् भन्ने कुराको पुष्टि भैरहेको छ। महिला भएकै कारणले कतिबेला कहाँ, कुन हिंसाको शिकार बन्न पुग्छु भन्ने कुराको सन्त्रासमा नेपाली महिला र बालिका बाँचिरहेका छन् ।

महिलामाथि गरिने कुटपिट, मानसिक यातना, गालीगलौज, घरेलु हिंसा, जबरजस्ती करणी, बैवाहिक बलात्कार, एसिड खन्याउने, बोक्सीको आरोपमा दुर्व्यवहार, बहुविवाह, बालविवाह, प्रेमको नाममा

[14]https://www .worecnepal .org/content/294/2021-12-15
[15]https://cid .nepalpolice .gov .np/cid-wings/women-children-and-senior-citizen-service-directorate

धोका, मानव बेचविखन तथा ओसारपसार, हाडनातामा करणी, वैदेशीक रोजगारीको नाममा ठगी, यौन शोषण, अत्याधिक काम, यौन दुरूत्साहन आदि अहिले जल्दोबल्दो रूपमा देखिएको महिला माथि हुने हिंसाका स्वरूपहरु हुन् ।

सन १९९४ मा संयुक्त राष्ट्रसंघले महिलामाथि हुने हिंसाका बारेमा परिभाषित गर्दै महिलालाई लैङ्गिक, शारीरिक र मनोवैज्ञानिक रूपमा गरिने शोषण नै महिला हिंसा हो भनी भनेको छ भने हिंसाबाट महिला तथा बालबालिकालाई जोगाउन संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुमा राष्ट्रहरुलाई पक्ष समेत बनाउँदै आएको छ ।

पीडितका लागि न्यायसम्बन्धी संयुक्त राष्ट्र संघीय आधारभूत सिद्धान्तको घोषणा-पत्र, १९८५[16]

- पीडितलाई छिटोछरितो, स्वच्छ, कम खर्चिलो र सुलभ रूपमा औपचारिक वा अनौपचारिक प्रक्रियाको माध्यमबाट उपचार प्राप्त गर्न सक्षम बनाउन आवश्यकता अनुसार न्यायिक तथा प्रशासनिक संयन्त्रहरू स्थापना र सुदृढ गरिनुपर्छ । यस्ता संयन्त्रहरूको माध्यमबाट उपचार प्राप्त गर्न पाउने उनीहरूका अधिकारबारे पीडितलाई सूचित गरिनुपर्ने,
- त्यसैगरी पीडितका आवश्कताप्रति न्यायिक र प्रशासनिक प्रक्रियाको जवाफदेहीतालाई देहायका तरिकाबाट सहज पारिनुपर्ने, खासगरी गम्भीर प्रकृतिको अपराध समावेश रहेका र सूचनाका लागि पीडितलाई अनुरोध गरिएका अवस्थामा उनीहरूको भूमिका र क्षेत्र, कारवाहीको समय र प्रगति तथा मुद्दाको स्वरूप वा प्रकृतिका बारेमा पीडितलाई जानकारी गराउने,
- कानुनी प्रक्रियाको अवधिभर पीडितहरूलाई उचित सहायता उपलब्ध गराउने,
- पीडितलाई हुने असुविधा कम गर्न तथा आवश्कता अनुसार उनीहरूको गोपनीयताको संरक्षण गर्ने, बचाउ निश्चित गर्ने, साथसाथै धाकधम्की र प्रतिशोधबाट उनीहरूका तर्फबाट तिनका परिवार र साक्षीहरूको सुरक्षाको प्रत्याभूत गर्ने र
- मुद्दाको फछ्र्यौट प्रक्रिया र पीडितका हकमा भएका निर्णय र आदेशहरूको कार्यान्वयनमा अनावश्यक ढिलाई हुन नदिने भन्ने प्रावधान रहेको पाइन्छ ।

नेपाल कैयौ अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी महासन्धिको पक्ष राष्ट्र हो । जसमध्ये महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (CEDAW) नेपालले २२ अप्रिल १९९१ तदानुसार ५ चैत २०४८ मा अनुमोदन गरे पश्चात् नेपाल पक्ष राष्ट्र हो । यसले मानव स्वतन्त्र रूपमा जन्मिएका हुन्छ । मानवीय हक र स्वतन्त्रताहरू लिङ्गको आधारमा भेदभाव नगरी बराबर रूपमा उपभोग गर्ने अधिकार पाउनु पर्दछ । महिलाले पुरुषसँग राजनीतिक, आर्थिक, सांस्कृतिक जीवनमा समान सहभागिता हुनु पर्दछ भन्ने उद्देश्यका साथ महिला पुरुष बीच समानता कायम गर्नु यो महासन्धिको मुख्य उद्देश्य हो । बेचबिखन तथा बेश्यावृत्तिका लागि गरिने यौन शोषण विरुद्धको अधिकार, सार्वजनिक राजनीतिक जीवनमा सहभागिताको अधिकार, लगायतका अधिकारहरुको ब्यवस्था पक्ष राष्ट्रले आफ्नो कानूनमा ब्यवस्था गर्नुपर्छ भन्दछ ।

[16]संयुक्त राष्ट्रसंघीय महासभा, प्रस्ताव ४०/३४ (२९ नोभेम्बर १९८५) ।

साथै सशस्त्र सङ्घर्षका नाउमा महिला र बालिकाले कुनै पनि हिंसाको सिकार बन्न नपरोस् भन्नाका खातिर संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको १३२५ र १८२० प्रस्तावलाई नेपाल सरकारले पूर्ण पालनाको प्रतिबद्धता समेत व्यक्त गरेको अवस्था छ ।

त्यसको अलावा नेपालको संविधान २०७२ को धारा २१ को उपधारा १ मा अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हकको व्यवस्था गरिएको छ । यस्तै, उपधारा २ मा अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने उल्लेख छ । अपराध पीडितको लागि यी प्रावधान धेरै महत्वपूर्ण रहेको छ । त्यस्तै संविधानको धारा ३८ को उपधारा ३ मा महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनिएको छ ।

त्यस्तै गरेर घरेलु हिंसा (कसुर तथा सजाय) ऐन २०६६ मा भएको कानुनी व्यवस्था, मुलुकी अपराध संहिता २०७४ मा भएका व्यवस्था तथा नेपाल सरकारले लैङ्गिक सशक्तिकरण तथा तथा लैङ्गिक हिंसा अन्त्य सम्बन्धी तयार गरेको राष्ट्रिय कार्ययोजना लगायत थुप्रै ऐन कानून नीति नियमहरु महिला विरुद्धका हिंसा अन्त्य गर्न, रोक्नका लागि ल्याइएको छ ।

यसको साथ साथै अपराध पीडित तथा यस्ता हिंसा पीडितको शुरक्षा जाहेरी परेपछि नै हुनुपर्छ भनी कानुनी सहयोग तथा परामर्श केन्द्र ल्याकका अधिवक्ता पुण्यशिला दवाडी घिमिरेसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय[17] भएको यौन तथा लैङ्गिक हिंसाजन्य अपराधमा पीडितको पहिचान गरी जाहेरी पर्ने बित्तिकै तत्काल उपयुक्त अन्तरिम राहत रकम, उपलब्ध गराउने प्रबन्ध मिलाउनु भन्ने परमादेश जारी गरिपाऊँ भन्ने परमादेश रिटमा सम्मानित सर्वोच्च अदालतले व्याख्या गर्दै

यौन हिंसाका पीडितको न्यायमा पहुँच प्रचलित अन्तर्राष्ट्रिय कानूनमा पनि संरक्षित अधिकारको विषय हो । कानुनी उपचार सुनिश्चित गर्ने कार्य न्यायमा पहुँचको एउटा महत्वपूर्ण भाग हो । घटनाबाट पीडित भएपश्चात् पीडितले न्याय प्रणालीमार्फत् उपचारको खोजी तथा प्राप्त गर्ने सामर्थ्य गुमाएको अवस्थामा न्यायको पहुँचबाट बञ्चित भएको मानिन्छ। साथै यस्तो अवस्था सिर्जना हुनु भनेको कानुनी अधिकार उपभोग गर्नबाट बञ्चित हुनु हो । यसकारण चेतनाको कुनै लिज हुँदैन । हामी मानव जो जेरूपमा प्राकृतिक रूपमा जन्मिएका छौं, हामी लिङ्ग रोजेर जन्मिएका पनि होइन । तसर्थ समान अधिकारको प्रत्याभूति राज्यले आम नागरिकलाई प्रदान गर्नु राज्यको अभिभावकीय दायित्व हुन आउने भन्दै ।

[17]नेपाल कानून पत्रिका, २०७४, अंक १, पृ.३७, नि.नं.९७४१ ।

बालअधिकार सम्बन्धी महासन्धि १९८९ ले हिंसा पीडित बालबालिकाहरूको न्यायमा पहुँच तथा कानुनी उपचारको अधिकारलाई सुनिश्चित गरेको छ । जसको धारा ३ मा हिंसा पीडित बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखेर राज्यले यथोचित उपायहरू अपनाउनु पर्ने हुन्छ भने धारा ३९ ले हिंसाबाट पीडित कुनै पनि बालबालिकाको शारीरिक तथा मनोवैज्ञानिक पुनर्लाभ र सामाजिक पुनर्स्थापना प्रवर्द्धन गर्न सबै समुचित उपायहरू अपनाउने तथा बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र प्रतिष्ठाको प्रवर्द्धन गर्ने दायित्व तोकिएको पाइँदा सोको व्यावहारिक परिपालनाका लागि राज्य मुकदर्शक बन्न नमिल्ने भन्दै यौन हिंसाबाट पीडित भनी पहिचान भइसकेपछि मुद्दामा अनुसन्धान वा न्याय निरूपणको प्रक्रिया जारीरहे वा नरहेपनि वा सोको टुंगो लाग्दासम्मको लागि पीडितको स्वास्थ्य, शिक्षा, राहत, न्यायिक एवं कानुनी सहायता तथा संरक्षणको लागि चाहिने व्यवस्थाको लागि लैङ्गिक हिंसा सम्बन्धी कोषको व्यवस्था गर्न, स्थापित कोषबाट तदनुकूल सुगम ढंगले उपयोग गर्न सक्ने कार्यविधि समेत निर्धारण गरी पीडितको राहतमा पहुँच अभिवृद्धि गर्ने लगायतको छुट्टै कार्यक्रम सरोकारवालाहरूको आवश्यकता अनुसार परामर्श गरी लागू गर्न तथा मुद्दाको किनारा नभएसम्मका लागि अन्तरिम राहत व्यवस्थापन गर्ने समेत निर्देशात्मक आदेश जारी गरेको छ ।

सो निर्देशनात्मक आदेश जारी भएपछि अपराध पीडित संरक्षण ऐन, २०७५ तथा कसूरबाट पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ अन्तर्गत फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ बनिसकेको छ ।

### अपराध पीडित संरक्षण ऐन, २०७५ मा भएका ब्यवस्था

- ऐनमा प्रत्यक्ष पीडितलाई 'प्रथम स्तर' को पीडितको रूपमा परिभाषित गरिएको छ भने पीडितका साक्षीलाई समेत 'द्वितीय स्तर' को पीडित मानिएको छ । पीडितको परिवारलाई पनि 'पारिवारिक पीडित' को रूपमा परिभाषित गरेर क्षतिपूर्ति दिने ऐनमा ब्यवस्था गरिएको छ ।
- ऐनको प्रस्तावनामै पीडितको अधिकारको संरक्षण स्पष्ट रूपमा गरिएको छ । प्रस्तावनामा फौजदारी अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने उल्लेख छ । यस्तै, कानून बमोजिम सामाजिक पुनःस्थापना, पीडितलाई अपराधबाट पर्न गएको प्रतिकूल असरको न्यूनीकरण र कसूरको परिणाम अनुसारको क्षतिपूर्ति सहितको न्याय पाउने व्यवस्था गरी पीडितको हकहितको संरक्षणको ऐनमा ब्यवस्था गरिएको छ ।
- कसूरबाट पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने ऐनमा ब्यवस्था गरिएको छ । महिला विरुद्धका हिंसा रोक्न ल्याइएका माथि उल्लेखित ऐन कानून अन्तर्राष्ट्रिय कानूनहरुले व्यक्तिका हक अधिकारहरू हनन भएको अवस्थामा कानुनी उपचारको व्यवस्था गरेको छ । यसरी गरेको कानुनी उपचार अन्तर्गत कतिले उजुर गरे, कतिले न्याय पाए भन्ने सवालमा एकातर्फ राज्यसंग भरपर्दो तथ्याङ्कको अभाव छ भने अर्कोतर्फ न्यायलय समक्ष पुगेका यस्ता घटनाहरु फैसला भई न्याय पाए पनि कार्यान्वयन प्रभावकारी रूपमा हुन नसकेको कारण पीडितमा वितृष्ण पैदा भइरहेको पाइन्छ । अपराध पीडितको शुरक्षा गर्नुपर्छ भनेर कानून नै बनिसकेको भए पनि आजसम्म पनि सुरक्षा हुन सकेको छैन ।

खड्गमाया पुलामी समेत विरुद्ध प्रधानमन्त्री तथा म.प.का. समेत[18]भएको मुद्दामा सम्मानित सर्वोच्च अदालतले पीडितको पीडाको सम्बोधन पीडितमैत्री एवं पीडितको संरक्षण गर्ने खालको कानूनको निर्माण र त्यसको उचित कार्यान्वयनबाट मात्र हुन सक्छ भनेर सर्वोच्च अदालतबाट ब्याख्या भइसकेको र अपराध पीडित संरक्षण ऐन आइसकेपछि पनि आजसम्म प्रभावकारी रूपमा पीडितको संरक्षण हुन सकेको अवस्था छैन । उदाहरणको लागी घटना नं १[19]

परिवर्तित नाम ०७८/०७९ सातदोबाटे (९७) को जाहेरीले नेपाल सरकार विरुद्ध शुशील राज चटौत भएको जबरजस्ती करणी मुद्दामा पीडित (०७८/०७९ सातदोबाटो ९८) लाई प्रहरीले जबरजस्ती करणी भयो भन्ने थाहा पाएपछि काम गर्न बसेको घरमा नपठाई १०९८ वाल हेल्पलाइनको संरक्षणमा पठायो। पीडितको बाबु जो पीडक बुबाको लगानीमा रहेको जलविद्युत परियोजनामा सहयोगीको काम गरेर बस्दथे। उनीहरुलाई पीडकका परिवारले काठमाण्डौ लिएर आए। पछि पीडितको आमाले पीडित बालिकालाई मुद्दा फिर्ता लिन दवाब दिन थालिन् तर बालिका नमान्दा उनीमाथी कुटपिट पनि भयो। पीडित बालिका बेहोस भएर अस्पताल भर्ना गर्नु पर्‍यो। पटक-पटक घरपरिवारको दवाब थेग्न नसकेर अस्पताल भर्ना भएकी पीडित बालिकालाई जबरजस्ती उपचार गराईरहेको अस्पतालबाट नै पीडितको आमाको प्रयोग गरेर प्रतिवादीहरुले आफुसंगै लिएर गए। पछि सम्मानित अदालतमा पीडितको बयान गर्न आउँदा समेत पीडककै घरपरिवारसँगै एउटै गाडीमा[20] आएर सरकारी वकिल कार्यालयलाई समेत पीडित बयानको लागि उपस्थित गराएको जानकारी नदिई अदालतबाट बोलाएपछि जानकारी पाएको अवस्था विद्यमान थियो। त्यस्तो अवस्थामा ल्याइएकी पीडितले भएको ब्यहोराको बयान नगरी बयान फेरेर गएको घटनाले पीडितको संरक्षण कसरी भैराखेको छ भन्ने कुरा देखाएको छ।

यी पीडित बालिकाको सुरक्षा काम गर्ने घरमा पठाएमा नहुने देखेर नै प्रहरीले १०९८ वाल हेल्पलाइनको संरक्षणमा पठाएको बालिकालाई, अदालतको मञ्जुरी वेगर जबरजस्ती अस्पतालबाट लैंजादा प्रहरीमा खबर गर्दा समेत केही गर्न नसकी मुकदर्शक भएर हेर्न बाध्य भै बयान गराउन समेत पीडककै गाडीमा राखेर ल्याउँदा अपराध पीडित संरक्षण ऐन कै धज्जी उड्न पुगेको छ।

घटना २[21] आमा नभएकी काकाको संरक्षणमा रहेकी पीडित ९ बर्षकी बालिका मुस्ताङ जिल्ला, छुसाङ स्थित एउटा विद्यालयको छात्रावासमा बसेर अध्ययन गर्दथिन्। उनीमाथि छात्रावासमा नै बस्ने शिक्षकद्वारा पटक-पटक जबरजस्तीकरणी भयो। तर कसैलाई भनेमा मारीदिने धम्की दिएको कारण नाबालक बालिकाले कसैलाई पनि यो कुरा भन्न सकिनन्। पछि शिक्षकको सरुवा भएपछि सो कुरा प्रकाशमा आयो। शिक्षकसंगै बस्दा डरको कारणले उजुर गर्न नसकी चूप लागेर बस्न बाध्य भइन्।

[18]ने.का.प.२०७६ अंक ३ निर्णय नं. १०२१२

[19]Setopati online srawan 27, 2079

[20]Silaptra, २५ जेष्ठ २०७९ अभियुक्तकै प्ाडो चढाएर अदालत पुर्‍याइन्छ वालात्कृत नाबालिका, बयान पनि फेरियो

[21]श्रृष्टि तामाङ समेत विरूद्ध नेपाल सरकार समेत, रिट नं. ०७३-WC-०००९, रिटः उत्प्रेषण परमादेश समेत

शिक्षकको सरुवा भएर गएपछि प्रहरी कार्यालय मुस्ताङमा जाहेरी दिन जाँदा हदम्याद नभएको भनी जाहेरी दर्ता भएन । उजुर गर्न जाँदा हदम्याद गएको कारण मुद्दा नै दर्ता हुन नसकी न्याय नपाएको अवस्थामा कानुनी सक्षमताको दृष्टिबाट बालबालिकाको विशेष अस्थालाई ध्यानमा राखी मुलुकी ऐन अदालती बन्दोबस्तको ४० नं मा "हदम्यादभित्र नालिस गर्नुपर्ने महिला सोह्र वर्ष नाघेको रहेनछ भने सोह्र वर्ष नाघेको दिनदेखि हदम्यादसम्म नालिस दिए लाग्छ । सो नाबालक सोह्र वर्ष नपुग्दै मऱ्यो भने सो मरेको दिनदेखि हद म्यादसम्म हकवालाले नालिस गरे लाग्छ" भन्ने व्यवस्थालाई आधार मानेर पीडित लगायत कानुनी सहयोग तथा परामर्श केन्द्र सहित अन्य संस्था मिलेर रिट निबेदन दर्ता गरी मुलुकी ऐनको जबरजस्ती करणी महलको ११ नं. कायम रहेको अवस्थामा उक्त कानूनले तोकेको हदम्याद भित्र जाहेरी पर्न नगई सो हदम्याद नाघिसके पश्चात् २०७१ सालदेखि २०७२ सालसम्मको घटनाको सम्बन्धमा मिति २०७३।६।१३ मा मात्र जाहेरी दरखास्त लिएर गएको देखिँदा कानूनतः बहाल रहेको अवस्थामा उक्त कानूनले तोकेको हदम्याद भित्र नगएको अवस्थामा जाहेरी दरखास्त दर्ता भई कारवाही अगाडि बढ्न सक्ने देखिएन । तसर्थ मिति २०७३ साल असोज १३ गतेको जाहेरी दरखास्त दर्ता नगर्ने गरी जिल्ला प्रहरी कार्यालय, जोमसोम मुस्ताङबाट भएको दरपीठ आदेश उत्प्रेषणको आदेशले बदर गर्नुपर्ने अवस्था देखिएनभनी रिट खारेज गरेकोकारणले पीडितले न्याय पाउन त सकिनन् तर रिट खारेज भए पनि यसमा सरकारको नाममा निर्देशनात्मक आदेश चाही जारी गरेको छ ।

रिट निवेदन खारेज हुने ठहरे तापनि विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने साथै बालगृह, बाल सुधार गृहमा रहेका बालबालिकाको पुनर्स्थापना तथा सामाजिक पुनर्एकीकरण गर्ने दायित्व लिएका संस्थाबाट र संरक्षकको दायित्व भएका व्यक्तिबाट नै बालबालिकाहरू पीडित हुने गरेको अवस्था देखिन्छ । यसर्थ बालबालिकाको हेरचाह र पालनपोषण गर्ने जिम्मा लिएका व्यक्ति, संस्था र संरक्षकबाट बालबालिका उपर हुने यौन दुर्व्यवहार र जबरजस्ती करणी सम्बन्धी घटनाको रोकथाम गरी बालबालिकामा पर्ने नकारात्मक असरबाट बचाउनका लागि प्रभावकारी संयन्त्रको आवश्यकता अपरिहार्य देखिन्छ । तसर्थ बालगृह, बालसुधार गृह, बालबालिकाको संरक्षण गने उद्देश्य लिएर स्थापित संस्थाहरूको नियमित रूपमा अनुगमन, निरीक्षण बालमनोविज्ञान समेत समावेश भएको समितिबाट गराई प्राप्त प्रतिवेदनका आधारमा बालबालिकालाई आवश्यक र उचित सेवा प्रदान गर्ने र दुर्व्यवहार लगायतका कार्यमा तत्काल कानुनी उपचारतर्फ अग्रसर हुने व्यवस्थालाई प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्य गर्नु, गराउनु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेतको नाउँमा निर्देशनात्मक आदेश जारी गरेको छ ।

**घटना ३**

त्यस्तै गरेर अर्काको घरमा काम गर्न बसेकी १२ बर्षकी बालिका माथी जबरजस्ती करणी भयो । बालिका विक्षिप्त अवस्थामा संस्थाको सेल्टरमा पुगिन् तर पीडक पहुँचवाला र प्रतिष्ठित व्यक्ति भएको कारण उनको जाहेरी दर्ता नै गरिएन । बल्ल-बल्ल विभिन्न संघ-संस्था र मिडियाको कारण जाहेरी दर्ता गरियो । त्यसपछि पीडित बालिकाका आमा-बाबुलाई किन्ने काम भयो । आमाले पैसा लिन नमानेपछि बुबालाई लालचमा ल्याएर पैसा दिई आमालाई घरबाट निकालियो । जाहेरवाला आमाको अब पाटीको बास भयो । मुद्दामा ध्यान दिनेभन्दा उनको अवश्यकता गाँस र बास बन्न पुग्यो । पाटीको बास भए पनि उनले छोरीलाई साथ दिइन्, मुद्दा लडिन् । जिल्ला अदालतबाट उनको मुद्दा फैसला हुन

३ बर्ष लाग्यो तर उनले न्याय पाइन । पीडकलाई १३ बर्ष थुनामा राख्ने आदेश दियो । तर त्यसको विरुद्ध विपक्षीहरु तत्कालिन पुनरावेदन अदालत गए । एक महिनामा नै मुद्दा फैसला भई पीडकलाई सफाई पाए । त्यसको विरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन जानु पर्नेमा महान्यायधिवक्ताको कार्यालयले उक्त मुद्दामा पुनरावेदन गर्नु नपर्ने भनी निर्णय गरी मुद्दा दर्ता नै गरेन । महान्यायधिवक्ताको कार्यालयले पीडितको मुद्दाको निणर्य गर्दा न त पीडितहरुलाई जानकारी दियो न त उक्त मुद्दा हेर्ने जाहेरवालाको कानून व्यवसायीहरुलाई यो कुराको जानकारी दिइयो । पीडकले सफाई पाएर गएपछि पीडितको आमामाथि गाउँ समाजमा दुर्व्यवहार भई हाल उनी मानसिक सन्तुलन गुमाएर बस्न बाध्य भएकी छन् ।

यस्ता घटनाहरु केबल उदाहरण मात्र हुन् । यस्ता घटना हाम्रो समाजमा हजारौं घटिरहेका छन् । नब्बे प्रतिशत जति यस्ता घटनाहरु सामाजिक लोकलाज, घरपरिवारको दवाब, इज्जत र प्रतिष्ठामा आँच आउँछ भन्ने डर तथा चेतनाको अभाव आदि कारण प्रकाशमा नै आउँदैनन् । प्रकाशमा आएका जम्मा १० प्रतिशत घटनामा पनि प्रहरी, छरछिमेकी । राजनैतिक दवाब लगायत अन्य निकायका कर्मचारीको व्यवहारका कारण न्यायालय समक्ष पुग्नु अगावै न्यायमा पहुँच नै नभई छाड्न बाध्य हुन्छन् । खासगरी यौन दुर्व्यवहारका मुद्दामा न्यायालय समक्ष पुगेर पनि त्यहाँको कर्मचारीको व्यवहारका कारण फैसला हुनु अगाडी नै मुद्दा छाड्ने गरेको पाइएको छ । फैसला भएका मध्ये पनि अधिकांश फितलो अनुसन्धानका कारण ठहर हुन सक्तैनन् भने अदालतमा मुद्दा चल्दा-चल्दै डर, धम्की, लोकलाज, प्रलोभनका कारण बयान फेर्ने गरेको पाइएको छ ।

**निष्कर्ष**

अन्तमा, हिंसा पीडित महिलाहरुको न्यायमा पहुँचको कानून बनाएर मात्र पुग्दैन । प्रभावकारी रूपमा उक्त कानून लागू भएको छ, छैन । अनुसन्धान अभियोजन लगायत अपराध पीडितको संरक्षण सुरक्षाको अवस्था के कस्तो छ ? पीडितले राज्यबाट पाउनु पर्ने जानकारी सबै पाएका छन्, छैनन् । अपराध पीडित तथा साक्षीलाई पर्याप्त सहायता, सुरक्षा र संरक्षण गर्न सकिएको अवस्था छ, छैन हेर्नु अति आवश्यक छ । अपराध पीडितलाई न्यायको अनुभूति गराउन उनीहरूको सुरक्षा, पुनःस्थापना तथा क्षतिपूर्तिको उचित व्यवस्था र सम्बन्धित मुद्दाको अनुसन्धान, अभियोजन र सुनुवाईको प्रक्रियामा सहभागी हुन पाउने र सो सम्बन्धी कारबाहीको जानकारी पाउने अधिकार हुन्छ । यो अधिकारको सम्मान र संरक्षण हुन सकेमा मात्र फौजदारी न्याय पद्धतिप्रति पीडितको विश्वास रहने र उनीहरूको सहयोग प्राप्त हुने हुन्छ । यसो हुन सकेमा पीडितलाई न्यायको अनुभूति दिलाउने तथा राज्यको शान्ति सु-व्यवस्था कायम गर्ने कार्यमा प्रभावकारिता आउँछ ।

***

# बोक्सीको आरोपमा महिलाले भोग्नु परेको हिंसा र हिंसा अन्त्यको लागि नेपालले गरेको प्रयास

*अधिवक्ता चण्डेश्वरी तण्डुकार*
*कानुनी सहयोग तथा परामर्श केन्द्र (LACC)*



समाजमा विद्यमान हानिकारक परम्परागत अभ्यासहरु जस्तैः बालविवाह, बहुविवाह, दाईजो प्रथा, बालिका भ्रुण पहिचान गरी गरिने गर्भपतन, छाउपडी, बोक्सीको आरोप लगाई गरिने कार्यबाट प्रत्येक बर्ष महिला हिंसाको शिकारबाट प्रताडित हुनु परेको अवस्था छ ।

साँस्कृतिक वा सामाजिक/साँस्कृतिक मान्यताहरुबाट निर्देशित हुँदै कुनै पनि व्यक्ति वा समाजद्वारा जानीजानीकन, अर्को व्यक्तिको शरीर र मनोविज्ञानमाथि नियन्त्रण गरी वा प्रभाव पारी गरिने त्यस्ता सम्पूर्ण कार्यहरु जसले, त्यसरी नियन्त्रित भएका व्यक्तिहरुको शरीर, मनोविज्ञान र मानव अधिकारमा गम्भीर असर पार्दछ, त्यस्ता कार्यहरुलाई हानिकारक परम्परामा आधारित कार्यहरु भनिन्छ ।[22]

आजको युग आधुनिक युग भनेता पनि नेपालमा रुढीवादी सोच, अन्धविश्वास, हानिकारक परम्परामा आधारित कार्य कायम नै रहेको छ । जसको ज्वलन्त उदाहरण बोक्सीको आरोपमा महिलामाथि हुने हिंसालाई लिन सकिन्छ । समाजमा कमजोर अवस्थामा रहेका एकल महिला, आर्थिक अवस्था कमजोर भएका महिला, दलित महिला प्रायः यो हिंसाको शिकार भएका छन् । बैज्ञानिक तथ्य वा आधारबिना कसैलाई बोक्सीको आरोप लगाई मानिसको कपाल काट्ने, मानव मलमूत्र खुवाउने जस्ता अमानुषिक व्यवहार गरी महिलाको अस्मिता, ईज्जत, मान-प्रतिष्ठामा आघात पुऱ्याउनुका साथै, कुटपिट गर्ने, बसोबास गरेको स्थानबाट निकाला गरी यातना, प्रताडित गर्ने जस्ता अमानवीय कार्य गर्ने गरेको पाईन्छ । जसले महिलाको आत्मसम्मानमा चोट पुऱ्याउनुका साथै शारीरिक, मानसिक रूपले पीडा दिन्छ, चोट पुऱ्याँउछ ।

बोक्सीको आरोपमा विभिन्न हिंसाका स्वरूपहरु हुन्छन् । यसको स्वरूपमा एक रूपता नभई विविधता हुनुको साथै यसले पार्ने असर र प्रभावमा पनि भिन्नता छ । मुख्यतया हत्या गर्ने, गाउँ निकाला गर्ने, जिउँदै गाड्ने, सामाजिक बहिष्कार गर्ने, कुटपिट गर्ने, दिसापिसाब खुवाउने, कपाल मुण्डन गर्ने, तातोपानी शरीरमा खन्याउने, सिस्नोपानी लगाउने, कपडा च्यातिदिने, पन्यूँ तताएर शरीरका विभिन्न ठाउँमा डाम्ने, हातखुट्टा बाँधेर झुण्ड्याउने, नुन खान लगाई पानी खान नदिने, खुर्सानीको धुवाँमा सास फेर्न लगाउने, उम्लिएको वा वरफ झैं चिसो पानीमा हातखुट्टा आदि डुबाउन लगाउने जस्ता कार्यहरु

[22] joint general recommendation no 31 of committee on CEDAW/General comment no 18 of the committee on the rights of the child on harmful practice

गर्ने गरेको कुराहरु उल्लेख गरेको पाइन्छ ।[23] कतिपय अवस्थामा बोक्सीको आरोपमा महिलाको हत्या समेत हुन्छ । महोत्तरी गा.पा. ३, मरहनीमा बोक्सीको आरोपमा एक महिलाको हत्या भएको थियो ।[24] यसरी बोक्सीको आरोपमा महिलाले सम्मानपूर्वक मानव भएर बाँच्न पाउने अधिकारबाट समेत बञ्चित हुनु परेको अवस्था छ ।

महिला विरुद्ध हुने हिंसा दिन प्रतिदिन बढ्दै गएको अपराध तथ्याङ्कहरुले देखाउँछ ।

| अपराधका प्रकारअनुसार नेपाल प्रहरीको तथ्याङ्क | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सि. नं. | आर्थिक वर्ष | जवरजस्ती करणी | जवरजस्ती करणी उद्योग | बहुविवाह | बालविवाह | बोक्सी | गर्भपतन | छुवाछुत | बाल यौन दुर्व्यवहार | घरेलु हिंसा |
| १ | ०७३/०७४ | ११३३ | ५३६ | ४६४ | २६ | २४ | २२ | १७ | - | ११६२९ |
| २ | ०७४/०७५ | १४८० | ७२७ | ६०२ | ५९ | ४८ | १८ | १८ | - | १२२२५ |
| ३ | ०७५/०७६ | २२३० | ७८६ | १००१ | ८६ | ४६ | २७ | ४३ | २११ | १४७७४ |
| ४ | ०७६/०७७ | २१४४ | ६८७ | ७३४ | ६४ | ३४ | २९ | ३० | २३२ | ११७३८ |
| ५ | ०७७/०७८ | २५३२ | ७३५ | ८५२ | ८४ | ६१ | २७ | ३९ | २१८ | १४२३२ |

प्रदेशगत मुद्दा दर्ता संख्या

| सि.नं. | घटनाको प्रकार | मुद्दा दर्ता संख्या | प्रदेश नं १ | प्रदेश नं.२ | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बीनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | बोक्सीको आरोप | ६१ | ४ | २५ | १३ | २ | ९ | ४ | ४ |

स्रोत : नेपाल प्रहरी

लैङ्गिक हिंसाको बार्षिक तथ्यपत्र आर्थिक वर्ष ०७७/०७८ मा प्रहरीमा बोक्सीको आरोपमा ६१ वटा मुद्दा दर्ता भएको छ भने प्रदेश २ मा सबैभन्दा बढी २५ वटा उजुरी परेको छ । नेपालको राजधानी जुन बाग्मती प्रदेशमा पर्छ र बाग्मती प्रदेश जस्तो ठाउँमा समेत बोक्सीको आरोप सम्बन्धी प्रहरीमा उजुरी १३ वटा भएको तथ्यबाट स्वयंसिद्ध रूपमा प्रमाणित हुन्छ की मानिसहरु अझै पनि अज्ञानता, भ्रम र अन्धविश्वासको कारणबाट महिलाले हिंसाबाट प्रताडित हुनु परेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको बार्षिक प्रतिवेदन २०७७/०७८ अनुसार आयोगको प्रदेश २ कार्यालयमा दर्ता भएका ३२ उजुरीमा ८ वटा महिला हिंसा बोक्सीको आरोपसँग सम्बन्धित छन् । जसबाट थाहा हुन्छ की प्रदेश २ मा मानिसहरु अज्ञानता र अन्धविश्वासको भ्रममा परी महिलामाथि अमानवीय कार्य गरी हिंसा गरिरहेका छन् भनि मान्नु पर्ने हुन्छ ।

[23] बोक्सी प्रचलन र तत्सम्वन्धी कानूनी व्यवस्थाको पुनरावलोकन, राष्ट्रिय मानव अधिकार आयोग, २०६२ पृष्ठ ३
[24] राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन २०७७।२०७८ पृ.६७

मनोचिकित्सक डा. सन्दीप रेग्मीको भनाई अनुसार बोक्सी मनोवैज्ञानिक समस्या भएकाले त्यस अनुसारको समाधान खोज्नुपर्ने धारणा राख्छन् । धामी, झाँकी काम्नु, विरामी बर्बराउनु वा कसैलाई बोक्सी भन्नु मनोवैज्ञानिक समस्या हो ।[25] बोक्सीको आरोप लगाउने कार्य जुन कानूनले निषेध गर्नुको साथै दण्ड सजायको व्यवस्था गरेको छ । यद्यपी समाजमा बोक्सीको आरोपबाट महिलाले यातना भोगिरहेका छन् । समाजमा अन्धविश्वासको रूपमा विद्यमान रहेको बोक्सा-बोक्सी जस्तो मान्यता निर्मूल गर्ने कार्य चुनौतपूर्ण रहेको छ । बोक्सी आरोप सम्बन्धी कसूरको उन्मूलन गर्न कानून बनाएर मात्र पर्याप्त हुँदैन ।

## बोक्सी आरोप सम्बन्धी कसूर अन्त्यका लागि नेपालले गरेको प्रयास

### संवैधानिक प्रयास

**सम्मानपूर्वक बाँच्न पाउने हक**[26] : नेपालको संविधान २०७२ ले मौलिक हकको रूपमा सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति गरेको छ ।

**शोषण विरुद्धको हक**[27]: प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक प्रदान गरेको छ । धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन भन्ने उल्लेख गरेको छ ।[28]

महिलाको हक अन्तर्गत महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न पाउने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने मौलिक हकको व्यवस्था गरेको छ ।[29]

यसको अलावा धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामुलक समाजको निर्माण गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ भन्ने राज्यको निर्देशक सिद्धान्तमा व्यवस्था गरेको छ ।[30] समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने नीतिको व्यवस्था गरेको छ ।[31]

### कानुनी प्रयास

[25]कान्तिपुर, मंगलबार १३ पुस २०७८
[26]नेपालको संविधान, धारा १६
[27]नेपालको संविधान, धारा २९
[28]नेपालको संविधान, धारा २९(१)
[29]नेपालको संविधान, धारा ३८(३)
[30]नेपालको संविधान, धारा ५०(२)
[31]नेपालको संविधान, धारा ५१(ग)(५)

मुलुकी अपराध संहितामा भएको व्यवस्था अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने[32]
कसैले कसैलाई अपमानजनक वा अमानवीय व्यवहार गर्न वा गराउनु हुँदैन ।

**सजाय**

अपमानजनक वा अमानवीय कसूर गर्ने व्यक्तिलाई ५ वर्षसम्म कैद र ५० हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।[33]

**क्षतिपूर्ति**

भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर गर्ने व्यक्तिबाट पीडितलाई पुगेको क्षति वा पीडा वापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।[34]

**बोक्सीको आरोप (कसूर तथा सजाय) ऐन २०७२**

वि.सं.२०७२ साल भन्दा अगाडि बोक्सीको आरोप कसूर सम्बन्धी छुट्टै ऐन कानूनको निर्माण भएको थिएन । अधिवक्ता रेश्मा थापा समेत विरुद्ध नेपाल सरकार, मन्त्री परिषद् सचिवालय समेत[35] को नाउँमा बोक्सीको दोषारोपण गर्ने कार्यलाई सजाय गर्ने कानूनको निमार्ण समेत गरी पाउँ भन्ने रीट सर्वोच्च अदालतमा दर्ता गरे पश्चात् सर्वोच्च अदालतबाट महिला वर्गमाथि बोक्सीको आरोप लगाई हुने गरेको अन्याय, अत्याचार, उत्पीडन, यातना दिने कार्य रोकथाम, नियन्त्रण एवं सजाय गर्ने प्रभावकारी ऐनको अभाव रहेकोले त्यस्तो प्रभावकारी ऐनको तर्जुमा गर्न तथा सामाजिक चेतना अभिवृद्धि गरी रुढिवादी, अन्धविश्वासी अज्ञानता हटाउने उद्देश्यले (Awareness Programme) समेत संचालन गर्न अपरिहार्य हुन गएकोले सो समेत गर्ने सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरे पश्चात केही नेपाल ऐन संशोधन गर्ने ऐन २०६३ मार्फत् मुलुकी ऐन २०२० को अदलको महल अर्न्तगत बोक्सा-बोक्सीको आरोप लगाउने कसूरमा दण्ड सजाय सम्बन्धी व्यवस्था गरेको पाइन्छ भने २०७२ सालमा बोक्सीको आरोप (कसूर तथा सजाय) ऐन २०७२ कार्यान्वयनमा आएको छ । जसले बोक्सी आरोप लगाउने कार्यलाई फौजदारी प्रकृतिको अपराधमा समावेश गरिएको छ ।

कुनै पनि व्यक्तिलाई बोक्सा-बोक्सीको आरोप लगाउने, आरोपित व्यक्तिलाई क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा कुनै किसिमले यातना दिने जस्ता अमानवीय कार्यलाई दण्डनीय बनाई सामाजिक कुरीति तथा अन्धविश्वासको रूपमा रहेको त्यस्तो कार्य निवारण गर्न र सो कार्यबाट पीडित व्यक्तिको संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नको लागि यो ऐन कार्यान्वयनमा आएको छ ।

बोक्सीको आरोप (कसूर तथा सजाय) ऐन २०७२ अनुसार बोक्सीको आरोप भन्नाले कुनै व्यक्तिलाई बोक्सा, बोक्सी वा यस्तै अन्य नामबाट लाञ्छन् लगाउने कार्य सम्झनु पर्छ ।

[32]मुलुकी अपराध संहिता, दफा १६८
[33]मुलुकी अपराध संहिता, दफा १६८(२)
[34]मुलुकी अपराध संहिता, दफा १६९
[35]ने.का.प.२०६२, नि.नं.७४९८, अंक २, पृ.२०५

बोक्सीको आरोपमा हुने कार्य देहाय बमोजिम छन् :

- बोक्सीको आरोप लगाउने,
- गाली बेइज्जती गर्ने,
- बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने,
- सामाजिक बहिष्कार गर्ने,
- बसोबास गरेको ठाउँबाट निकाला गर्ने,
- धामी, झाँक्री, टुनामुना, तन्त्र-मन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाउने,
- कुनै व्यक्तिलाई कुटपीट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने, मलमूत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने,
- अंगभंग गर्ने,
- कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गर्ने,

**कसूर गरेको मानिने** : माथि उल्लेखित कुनै त्यस्तो कार्य गर्ने, उद्योग गर्ने, त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिने वा सो कार्य गर्न मद्दत गर्ने जुनसुकै कार्य गरेमा बोक्सीको आरोप सम्बन्धी कसूर गरेको मानिनेछ । यसको साथै बोक्सीको आरोप लगाउने कार्यलाई मद्दत पुग्ने उद्देश्यले कुनै भेला गरे वा गराएमा पनि कसूर गरेको मानिनेछ ।

**कसूरको सूचना र पीडितको संरक्षण** : कुनै ठाउँमा बोक्सीको आरोप सम्बन्धी कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले यथासक्य छिटो सो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्नेछ । उक्त जाहेरी दरखास्त दिन ल्याएमा प्रहरी कार्यालयले तुरुन्तै दर्ता गर्नु पर्नेछ र चौबीस घण्टाभित्र पीडकलाई झिकाई वा पक्राउ गरी प्रचलित कानून बमोजिम अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ ।

कुनै पीडित शारीरिक वा मानसिक रूपमा अशक्त भएको देखिएमा प्रहरी कार्यालयले निजलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगी तत्काल उपचार गराउनु पर्नेछ ।

**सजायः** कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी कसूर गर्ने व्यक्तिलाई छ महिना कैद र पाँच हजार जरिवानादेखि आठ वर्षसम्म कैद र एकलाख रूपैयाँसम्म जरिवाना हुन्छ । बोक्सीको आरोप सम्बन्धी कसूरमा सजाय पाइसकेको व्यक्तिले पूनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।

कसैले आफ्नो संरक्षण वा अभिभावकत्वमा रहेको व्यक्ति विरुद्ध बोक्सीको आरोप सम्बन्धी कसूर गरेमा वा सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले बोक्सीको आरोप सम्बन्धी कसूर गरेमा त्यस्तो व्यक्तिलाई पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

**क्षतिपूर्ति सम्बन्धी व्यवस्था** : मुद्दाको फैसला गर्दा पीडकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनेछ । अदालतबाट भएको आदेश बमोजिमको क्षतिपूर्ति रकम नेपाल सरकारले ६० दिनभित्र पीडितलाई उपलब्ध गराउनु पर्नेछ ।

**पन्ध्रौं योजना** (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)

'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्न आगामी २५ वर्षका लागि दीर्घकालिन सोच सहित पन्ध्रौं योजना कार्यान्वयनमा आएको छ । लैङ्गिक समानता तथा महिला सशक्तिकरणका लागि दीर्घकालिन राष्ट्रिय लक्ष्य सुरक्षित सभ्य र न्यायपूर्ण समाज (Safe, civilized and just society) लिएको छ ।

**सो लक्ष्य हासिल गर्न निम्न उद्देश्यहरु रहेका छन् :**

- लैङ्गिक उत्तरदायी शासन व्यवस्था संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुश्निचित गर्नु ।
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव हिंसा र शोषणको अन्त्य गर्नु ।
- महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा समान पहुँच सुनिश्चित गर्नु ।

**ती उद्देश्यहरु प्राप्त गर्नको लागि निम्न रणनीति तय गरिएको छः**

- लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति, कानून तथा कार्यक्रम तर्जुमा गर्ने ।
- तीनै तह र क्षेत्र तथा निकायमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने ।
- सबै तहमा लैङ्गिक उत्तरदायी बजेट पद्धति संस्थागत गर्ने ।
- विपन्न र पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिँदै आर्थिक सशक्तिकरण र सामाजिक रूपान्तरण गर्ने ।
- निरोधात्मक तथा संरक्षणात्मक उपायद्वारा न्यायमा महिलाको पहुँच अभिवृद्धि गर्ने ।

**राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७**

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ ले कुरीति, कुप्रथा र भेदभाव हटाउन निम्न उद्देश्य, रणनीति र कार्यनीति लिएको छ ।

**उद्देश्य**

- महिला, किशोरी तथा बालिकाको सामाजिक आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्नु ।
- लैङ्गिक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी समानता र लैङ्गिक मूल्य मान्यतामा आधारित समाज स्थापित गर्नु ।
- लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्नु ।
- महिलाको आर्थिक सशक्तिकरण गर्नु ।

## रणनीति

निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने ।

## नीति तथा कार्यनीति

- लैङ्गिक समानता कायम गर्न आवश्यकता अनुसार नेपाल कानूनलाई परिमार्जन गर्दै लैङ्गिक समानता युक्त बनाइने ।
- महिलाको मर्यादालाई अवमूल्यन गर्ने हानिकारक सामाजिक अभ्यास र कुप्रथा विरुद्ध अभियान सञ्चालन गरिने ।
- बोक्सी प्रथा विरुद्ध शून्य सहनशीलताको कानुनी व्यवस्थालाई कार्यान्वयन गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने ।

## नेपालले लैङ्गिक हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रयासहरु

मानव अधिकार रक्षाको लागि नेपालले मानव अधिकार सम्बन्धी विभिन्न सन्धि तथा महासन्धि अनुमोदन गरिसकेको छ । नेपालले महिला अधिकार मानव अधिकारको रूपमा स्थापित गरी महिला हिंसा अन्त्य गरी लैङ्गिक न्याय कायम गर्न विभिन्न अन्तराष्ट्रिय सन्धि तथा महासन्धि अनुमोदन गरी हिंसा अन्त्यका लागि प्रयास गरेको छ । कुनै पनि राष्ट्रले अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धि अनुमोदन गरे पश्चात् त्यसमा भएका व्यवस्थाहरुको सम्मान (Respect) गर्नुपर्ने, संरक्षण गर्नुपर्ने (Protect) र परिपूर्ति (Fullfill) गर्नुपर्ने दायित्व रहेको हुन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र, १९४८ ले कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिईने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार सजाय गरिने छैन भनि व्यवस्था गरिएको छ ।[36]

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६: यस प्रतिज्ञापत्रमा उल्लेखित सम्पूर्ण आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोग गर्ने पुरुष तथा महिलाको समान अधिकार सुनिश्चित गरेको छ ।[37]

यस प्रतिज्ञा-पत्रका पक्ष राष्ट्रहरुले प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार प्रदान गरेको छ ।[38]

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञा-पत्र, १९६६: यस प्रतिज्ञापत्रले कसैलाई पनि यातना दिइने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहारका साथै दासत्व विरुद्धको अधिकार प्रत्याभूत गरेको छ ।[39]

---

[36] मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र धारा ५

[37] आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञा-पत्र, धारा ३

[38] Ibid धारा १२ (१)

[39] Ibid धारा ७

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९: महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिले लिङ्गको आधारमा महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव अन्त्य गर्नको लागि राज्य पक्षलाई उत्तरदायी बनाउनुका साथै सो भेदभाव अन्त्यको लागि पक्ष राष्ट्रले सबै उपयुक्त उपायहरु अवलम्बन गर्नुपर्ने गरी महासन्धिको कार्यान्वयनको लागि समेत जवाफदेही बनाएको छ ।

CEDAW समितिको एघारौं सत्रले सिफारिस नं १९ ले महिला विरुद्धको हिंसालाई मानव अधिकारको उल्लंघनको रूपमा लिएको छ ।

लिङ्गको आधारमा महिलामाथि हुने हिंसा भेदभावकै एक स्वरूप हो, जसले महिलालाई स्वतन्त्रता र अधिकारको उपभोग गर्नबाट बञ्चित गर्दछ । लैङ्गिक हिंसा भन्नाले महिला विरुद्ध लक्षित त्यस्तो हिंसा हो, जो उनी महिला भएकै कारणले गरिएको हुन्छ वा जसले महिलालाई असमान असर गर्दछ । महिला विरुद्धको भेदभाव अन्तर्गत शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुऱ्याउने साथै त्यस्ता कार्य गर्ने धम्की, दवाव वा स्वतन्त्रतामा बन्देज लगाउने कार्यहरु पर्दछ ।[40]

सबै प्रकारका लैङ्गिक हिंसा सार्वजनिक वा निजी जीवनमा हुने हिंसालाई निर्मूल गर्नको लागि पक्ष राज्यहरुले उपयुक्त र प्रभावकारी उपायहरु अपनाउन सिफारिस गरिएको छ ।

**महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणा-पत्र, १९९३**

यस घोषणा पत्रले महिला विरुद्ध हिंसा भन्नाले सार्वजनिक वा निजी जिवनमा लिंगको आधारमा हुने हिंसाजन्य कार्य हो जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना राख्दछ, जसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की दवाव र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज लगाउँछ भनि परिभाषित गरिएको छ ।[41]

हानिकारक परम्परागत अभ्यासहरुलाई निर्मूल गर्नका लागि अन्तर्राष्ट्रिय स्तरबाट नेपाल सरकारलाई प्रदान गरिएको सुझावहरु महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि अन्तर्गतको नेपालको छैठौं आवधिक प्रतिवेदन उपर संयुक्त राष्ट्र संघीय महिला विरुद्ध भेदभाव उन्मूलन समितिले दिएको निष्कर्ष सुझाव समिति पक्ष राष्ट्रलाई निम्नलिखित सिफारिस गर्दछ :

- सबै प्रकारका परम्परागत हानिकारक अभ्यासहरू उपर प्रतिबन्ध लगाउने कानून चाँडै पारित गरी त्यस्ता कार्य गर्नेहरू उपर अनुसन्धान तथा अभियोजन गरी पर्याप्त सजायको व्यवस्था गर्ने र पीडितलाई क्षतिपूर्ति समेत दिलाउने व्यवस्था गर्ने ।
- हानिकारक अभ्यासहरू सम्बन्धी कानुनी व्यवस्था र त्यस्ता अभ्यासले महिला र बालिकाहरूमाथि पर्ने दुष्प्रभावका सम्बन्धमा प्रहरी, न्यायपालिका, गाउँमा रहेका स्वास्थ्य सञ्जाल, धार्मिक

[40] महिलाविरुद्ध भेदभाव उन्मूलन समितिको सिफारिस नं. १९(२९ ।०१ ।९२), ११ औं सत्र, १९९२

[41] संयुक्त राष्ट संघीय महिला विरुद्ध हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र (४८ ।१०४), १९९३

समुदायका नेताहरू समेतका सरोकारवालाहरू माभ्क जनचेतना अभिवृद्धि गर्नका निमित्त ठोस लक्ष्य र स्रोतहरूको व्यवस्था समेत गरी नागरिक सवाल र स्थानीय सरकार समेतसँगको सहकार्यमा विस्तृत रणनीति विकास गर्ने कार्य चाँडै गर्ने ।

- हानिकारक अभ्यासबाट पीडित भएका व्यक्तिहरूलाई बदलाको भावनाको डर वा सामाजिक लाञ्छन् बिना नै उजुरी गर्न पाउने व्यवस्था सुनिश्चित गर्ने र उनीहरूलाई कानुनी, सामाजिक, उपचारात्मक र मनोवैज्ञानिक परामर्श सहितको सहयोग र आवासको व्यवस्था समेतमा पहुँच हुने व्यवस्था मिलाउने ।

**बोक्सीको आरोप (कसूर र सजाय) सम्बन्धी मुद्दामा पीडितले भोग्नु परेका चुनौतीहरुः**
बोक्सी आरोपको कसूरमा पीडित कानुनी प्रकृयामा जाने क्रममा विभिन्न चुनौतीको सामना गर्नु परेको अवस्था छ । कानुनी सचेतनाको अभावमा जब पीडित उजुरी दिन स्थानीय निकायका जनप्रतिनीधिसँग सहयोगको लागि याचना गर्दा गाउँले छिमेकीसँग मिलेर बस्नु पर्ने अर्ती दिने काम हुन्छ जबकी स्थानीय तहका पदाधिकारीले लैङ्गिक हिंसा, छुवाछुत जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्न, गराउन लागी पर्नुपर्ने दायित्व हुन्छ ।

कपिपय अवस्थामा पीडितले स्थानीय निकाय न्यायिक समितिमा बोक्सी आरोप कसूरको उजुरी दिंदा प्रहरीकोमा मुद्दा दर्ता गर्न सहयोग गर्नुको सट्टा गाली, बेइज्जती शीर्षकमा दर्ता गरी मेलमिलाप गरेर पठाएको पाईन्छ । यसरी जनप्रतिनिधिले नै बोक्सी आरोपको मुद्दालाई सामान्य रूपमा लिंदा मेलमिलाप गरी पठाउँदा महिला माथि हुने हिंसा/दुर्व्यवहारमा कमी आएको पाईंदैन । कान्तिपुर पत्रिकामा *बोक्सीको आरोपमा प्रताडनाः जनप्रतिनिधि नै मतियार* शिर्षकको समाचारमा २०७४ देखि २०७७ असारसम्म बोक्सी आरोप लगाउने र मतियार बन्ने ३५ जनप्रतिनिधि विरुद्ध उजुरी परे पनि प्रमाणको अभावमा अधिकांश रिहा भनि प्रकाशित गरेको छ ।[42] जसले हाम्रो न्याय प्रणालीमा रहेको 'गरिबलाई ऐन धनीलाई चैन' भन्ने उक्तिलाई चरितार्थ गरेको छ । त्यसैगरी बोक्सी आरोपमा मरणासन्न हुने गरी कुटपिट गरेको सम्बन्धमा बोक्सी सम्बन्धी कसूरको प्रहरीमा जाहेरी दिंदा जाहेरी परिवर्तन गरी सार्वजनिक अपराधमा दर्ता गरेको पाईएको छ ।[43]

त्यसैगरी अदालती बहस पैरवीको क्रममा पनि बोक्सी आरोप कसूर सम्बन्धी मुद्दामा बोक्सीको नाउँमा जुन निर्मम तरिकाले कुटपिट गर्ने, मानव मलमूत्र खुवाउने जस्ता निकृष्ट प्रकृतिको अमानवीय तरिकाले यातना दिने कार्यलाई पीडित (पक्ष) लाई बोक्सी आरोप लगाएको होईन, पक्षको शरीरमा प्रवेश गरेको बोक्सी भगाउन कुटपिट गरेको हुनाले सो मुद्दा बोक्सीको आरोप कसूर नभई कुटपिटमा मुद्दा चलाउनु पर्ने जिकिर लिई मुद्दाको गाम्भीर्यतालाई कमी तुल्याई पीडकलाई कम दण्ड सजाय दिने वा सफाई दिनु पर्ने जिकिर लिई बहस पैरवी गर्ने गरेको पाईएको छ ।

यसरी पीडितले न्यायको लागि कानुनी प्रकृयामा जाँदा पनि विभिन्न प्रकारका चुनौतिहरुको सामना गर्नु परेको अवस्था छ ।

[42]कान्तिपुर मंगलबार, १३ पुस २०७८
[43]राष्टिय मानव अधिकार आयोगको बार्षिक प्रतिवेदन २०७७।०७८, पृ.१३८

**निष्कर्ष र सुझावः**

कसैलाई बोक्सीको आरोप लगाउनु, सताउनु वा बहिष्करण गर्नु, आक्रमण गर्नु, सामाजिक बेइज्जती गर्नु वा हत्या गर्नु जघन्य प्रकृतिको अपराध हो । यसले व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने, आत्मा सम्मानमा गहिरो चोट पुग्ने, स्वतन्त्रतापूर्वक हिंडडुल गर्न पाउने, कारोबार, व्यवसाय गर्न पाउने हकबाट बञ्चित गरी मानव अधिकारको हनन गर्दछ । विज्ञान प्रविधिले धेरै उन्नतीको फड्को मारी चन्द्रमामा मानव पुगिसकेको अवस्थामा पनि हाम्रो समाजमा बोक्सा बोक्सीको आरोपमा प्रायः गरी महिला माथि हिंसा हुने गरेको छ। अतः नेपालले बोक्सा-बोक्सीको आरोप कसूरबाट कुनै पनि मानवले अमानवीय हिंसा भोग्न नपरोस् र कसूर गर्ने व्यक्तिले कानून बमोजिम दण्ड सजाय पाओस् भनि ऐन कानूनको व्यवस्था गर्दा पनि बोक्सीका नाउँमा अझै पनि हिंसा यथावत् कायम रहेको पाईन्छ ।

बोक्सीको आरोपमा हुने गरेको अन्याय, अत्याचार, उत्पीडन, यातना दिने कार्य रोकथाम, नियन्त्रण एवं सजाय गर्ने प्रभावकारी ऐन कानूनको अभाव रहेकोले ऐनको तर्जुमा गर्नु भनि मिति २०६१।४।२६ मा सर्वोच्च अदालतबाट आदेश[44] भएपछि २०६३ सालमा मुलुकी ऐन अदलको १०(ख) मा बोक्सीको आरोप लगाउने कार्यलाई अपराधको रूपमा स्वीकार गरेको पाईन्छ भने २०७२ सालदेखि बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ मार्फत् बोक्सीको आरोप लगाउने कार्य अपराध मानेको छ। लैङ्गिक हिंसा समानता, विकास र शान्तिको बाधक भएको हुनाले बोक्सीको आरोपमा महिला माथि हुने हिंसाको अन्त्य हुनुपर्छ ।

जबसम्म महिला हिंसा विरुद्ध शून्य सहनशीलता अवलम्बन गर्दैनौं, जबसम्म अन्धविश्वासको भ्रममा बिना आधार बिज्ञानसम्मत नभएको तथ्यमा परी बोक्सीको आरोपमा महिलामाथि बर्वरतापूर्ण अमानुषिक कार्य हुन्छ, तबसम्म पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) ले लिएको साझा राष्ट्रिय आकांक्षा 'समृद्ध नेपाल सुखी नेपाली' र राष्ट्रिय लक्ष्य सुरक्षित सभ्य र न्यायपूर्ण समाज (Safe, civilized and just society) कायम हुन सक्दैन भन्नेमा दुई मत नहोला । सुरक्षित सभ्य र न्यायपूर्ण समाज कायम हुनको लागि सबैजना सुरक्षित र हिंसा रहित (Non violence) तरिकाले सबै मानवले सम्मानपूर्वक (Dignified life) बाँच्न पाउनु पर्दछ । जुन कुरामा बैज्ञानिक आधार सम्मत छैन, त्यसलाई स्वीकार नगरी सभ्य समाजको निर्माण गरी कडा दण्ड सजाय कार्यान्वयनको प्रावधान हुनुपर्छ । पीडितले न्यायको अनुभूति गरेको हुनुपर्छ ।

**सुझाव**

- ❖ बोक्सीको आरोप कसूर अन्धविश्वास र भ्रममा आधारित भएको हुँदा समाजमा बोक्सा-बोक्सी हुँदैन भन्ने विश्वास दिलाउन खोज तथा अनुसन्धान गरी समाजमा जनचेतना फैलाउनु पर्ने ।
- ❖ झारफुक, धामी-झाँक्रीको आडमा बोक्सीको भ्रम, अन्धविश्वास समाजमा फैलाउने हुँदा यो विरुद्ध राज्यले कडा कानुनी प्रावधान अवलम्बन गर्नुपर्ने ।
- ❖ विद्यमान कानूनहरुको कडा कार्यान्वयन हुनुपर्ने ।
- ❖ महिलाको शैक्षिक, आर्थिक, सामाजिक स्तरमा सवलीकरण गर्ने ।

[44]ने.का.प.२०६२, नि.नं.७४९८, अंक २, पृ.२०५

- CEDAW कमिटीले दिएको निष्कर्ष सुझावको कार्यान्वयन गर्ने ।
- समाजमा विद्यमान हानिकारक अभ्यासहरुको अन्त्यको लागि कानुनी अधिकार सचेतनामूलक कार्यक्रमहरु सातै प्रदेशमा सञ्चालन गर्ने ।
- यो कुप्रथाको बारेमा विद्यालयको पाठ्यक्रममा समावेश गर्नुका साथै सञ्चार माध्यमबाट वृहतरूपमा प्रचार-प्रसार गर्ने ।
- हानिकारक अभ्यास लगायत महिला हिंसा जडबाट नै उखाल्न सबै समूहका व्यक्ति सबै तह तप्काबाट एकजुट भएर लाग्नु पर्ने ।
- जनप्रतिनिधिहरु, सुरक्षाकर्मी लगायत राजनीतिकर्मीहरु तदारुकताका साथ सकृय भएर लागेमा महिला हिंसा अन्त्य हुने ।
- समाजमा विद्यमान हानिकारक अभ्यासहरुको अन्त्य नभएसम्म लैङ्गिक न्याय प्राप्त गर्न कठिन हुने हुँदा लैङ्गिक न्याय प्राप्त गर्न र हिंसा न्यूनिकरणको लागि संघ, प्रदेश स्थानीय सरकारहरु एक आपसमा समन्वयमा लैङ्गिकमैत्री काम गर्नुपर्ने ।
- समाजमा घट्ने सबैखाले महिला विरुद्ध हुने हिंसा तथा हानिकारक अभ्यासहरुलाई अन्त्य गर्न सामूहिक रूपमा जिम्मेवार लिनु पर्ने ।
- पीडितको न्यायमा पहुँच हुनुपर्ने ।
- महिला हिंसालाई महिलाको मात्र सरोकारको विषय मान्न नहुने ।

**सन्दर्भ सामग्री**


- नेपालको संविधान २०७२
- मुलुकी अपराध संहिता २०७४
- बोक्सीको आरोप (कसूर र सजाय ) ऐन २०७२
- पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७–२०८०/८१)
- राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७
- मानव मर्यादा संरक्षण सम्बन्धी कानुनी व्यवस्था र न्यायिक दृष्टिकोण महान्यायधिवक्ताको कार्यालय, काठमाण्डौ, नेपाल
- बोक्सी प्रचलन र तत्सम्बन्धी कानुनी व्यवस्थाको पुनरावलोकन, राष्ट्रिय मानव अधिकार आयोग, २०६२
- राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन २०७७/०७८
- ने.का.प.२०६२, नि.नं.७४९८, अंक २,
- ने.का.प.२०७४, नि.नं ९७९१, अंक ४
- मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र, १९४८
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञा-पत्र, १९६६
- महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९
- कान्तिपुर दैनिक, १३ पौष, २०७८
- www.nepalpolice.gov.np


***

# मानव बेचबिखनका प्रभावितहरुको न्यायमा पहुँच र चुनौतिहरु



*अधिवक्ता उमा तामाङ*
*कानून अधिकृत*

**मानव बेचविखन तथा ओसारपसार**

वास्तवमा हेर्ने हो भने मानव सभ्यताको कलंकको रूपमा स्थापित भइरहेको मानव बेचबिखन एवं ओसारपसार आज विकराल समस्याको रूपमा बढ्दै विश्वमा लागू औषध र हातहतियारपछि तेश्रो ठूलो अपराधको रूपमा देखा परिसकेको छ । मानव कलंकको रूपमा रहेको यो समस्याको इतिहासतर्फ फर्केर हेर्दा यसको विभिन्न कालखण्डहरु लैङ्गिकतामा आधारित हिंसा, भेदभावपूर्ण श्रम अभ्यास, पारिवारिक विखण्डन, बधुवाश्रम, बाध्यात्मक श्रम, दासत्व, असुरक्षित आप्रवासन व्यवसायिक यौन शोषण, हाल आएर मानव अंग प्रत्यारोपण, महिला र बालबालिकाको बेचबिखन सहित पुरुषहरुको समेत बेचबिखन (श्रम शोषणको रूपमा), जातिय र धार्मिक सीमान्तीकरण, असन्तुलित शक्ति संरचना, बाँधा श्रमको परम्परागत प्रयोग, कम उमेरमा हुने विवाह, जवरजस्ती विवाह, सम्बन्ध विच्छेद, अशिक्षा, आर्थिक अवसरको असमानता र गरिबी जस्ता पक्षहरुले मानव बेचबिखनको समस्यालाई निरन्तरता दिइरहेको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा पनि पहिलो शर्त भनेको "सबैका लागि हिंसाबाट मुक्ति नै हो" । अझ महिला तथा बालिकालाई हिंसाबाट मुक्ति एवं उनीहरुको मानव अधिकारको सुनिश्चतता कायम गर्नु प्रथम दायित्व हो । तर विश्वका अन्य देशहरुमा जस्तैः नेपालमा पनि महिला तथा बालिकाहरु विरुद्धको हिंसा आज पनि व्यापक रूपमा सबैभन्दा बढी अवस्थामा दिनानुदिन फैलिई मानव अधिकार हननको बिषय हुन गइरहेको अवस्था छ । नेपाल सरकारले कानुनी प्रावधानहरुलाई व्यवहारिक गर्दै महिला तथा बालिका विरुद्धको सबै प्रकारको हिंसाको अन्त्य लगायत उनीहरुको मानव अधिकारको रक्षाका लागि नीति तथा रणनीतिहरु अवलम्बन एवं त्यसको कार्यान्वयनको लागि कार्यक्रमहरु बनाई लागू गर्दै आएको छ । साथै कार्यक्रमको व्यवस्थापन र कार्यान्वयनको लागि जिम्मेवारीपूर्ण बिभिन्न संस्थागत व्यवस्था पनि गरेको छ । जसको ज्वलन्त उदाहरणको रूपमा सत्य निरूपण ऐनमा भएको व्यवस्था अनुसार यौनजन्य हिंसालाई आममाफीका रूपमा क्षमादान दिन नसकिने अपराध मानेको छ।

विश्वमा मानव बेचबिखन तथा ओसारपसार अपराध वर्तमान अवस्थालाई फर्केर हेर्ने हो भने यो अपराध विश्वव्यापी रूपमा नै जघन्य अपराधको रूपमा परिभाषित बिषय बन्न पुगेको छ । पहिला पहिला मानव बेचबिखन कार्यको प्रयोजन केवल यौन सन्तुष्टिका लागि युवतीहरुलाई बिक्री गरिने कार्य मानिथ्यो र जसका लागि युवतीहरुलाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य विशेषतः महिला बेचाीखन अपराधको रूपमा मान्दै यसप्रकारको ओसारपसार कार्यलाई बर्जित गर्दै आएको पाइन्छ । मुख्य रूपमा कुनै उद्देश्य राखी वा लिई महिला, बालबालिकालाई कुनै ठाउँमा राखिन्छ भने यसप्रकारको

कार्य बाधा, दासी, बधुवा तथा वादी जस्ता शब्दार्थको प्रयोग हुने गरेतापनि व्यवसायिक र व्यापारिक प्रयोजनको लागि राखिने वा गरिने कार्यलाई वेश्यालय र वेश्यावृत्ति शब्दावलीको प्रयोग हुँदै आएको भेटिन्छ । हालको वर्तमान अवस्थामा घरेलु कामदारको रूपमा राखेर महिला तथा बालबालिकालाई यौन शोषण गर्ने कार्य पनि प्रचलित हुँदै आएको र यो कार्यको प्रवृति अझ मौलाउँदै गईरहेको पाइन्छ । अझ मानव बेचखिन तथा ओसारपसार यौन शोषण वा अन्य गलत मनसाय राखी आन्तरिक रूपमा वा बाह्य रूपमा संलग्न भई गरिने ओसारपसार कार्य अमानविय, गैरकानुनी र मानवता विरुद्धका कार्य हुन् । मानव बेचबिखन अपराध अन्तर्राष्ट्रिय सीमामा मौद्रिक फाईदाको लागि महिला र बालबालिका विरुद्ध आधुनिक दासतापूर्ण कार्यका रूपमा शोषण गरी गरिने कार्य मान्न सकिन्छ । मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराध मानवता विरुद्धको कार्य हो, जसलाई वस्तु सरह किनबेच गरिंदै आई यस प्रकृतिको अपराधजन्य कार्यमा विविधता आएको छ । जुन अपराध अन्तरदेशिय संगठित अपराध (Trans border organozed crime) र अत्यन्तै मजबूत सञ्जालयुक्त अपराध (Networking crime) का रूपमा बुझ्न सकिन्छ । समयक्रमसंगै यसको प्रकृति, प्रवृति र फैलावटमा व्यापकता आएको पाइन्छ । जस्तै : केही दशकयता खासगरी विश्वव्यापारीकरण, उदारीकरण, शीतयुद्धको अन्त्य र विश्व खुल्ला बजारीकरण व्यवस्थाको प्रभावसंगै यौनजन्य उद्देश्यको कारणबाट हुने बिक्री तथा ओसारपसारमा मात्र सीमित नभई श्रमिक ओसारपसार, घरेलु कामदारको नाउँमा हुने बेचबिखन, धर्मपुत्र, धर्मपुत्रीको नाममा अत्याधिक रूपमा महिला तथा बालबालिकाहरु बिदेश लैजाने वा पुऱ्याउने कार्यसम्म यसको क्षेत्र विस्तार हुँदै गइरहेको छ । परिवर्तित रूपमा यस्ता प्रकारका अपराधमा देखिएका स्वरूप र नविनतम आयामहरुलाई नियन्त्रण गर्न सोही अनुसारको कानुनी व्यवस्था र संरचनाको आवश्यकता पर्दछ । यस प्रकृतिको अपराध नियन्त्रण र रोकथामको लागि २०४३ सालमा बिशेष ऐनको रूपमा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ हुँदै हाल मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ प्रचलित रहेको छ ।

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ अनुसार बेचबिखन भन्नाले:**

क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,

ख) कुनै प्रकारको फाईदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अंग झिक्ने,

घ) वेश्यागमन गर्ने ।

**ओसारपसार भन्नाले**

किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले शारीरिक वा मानसिक रूपमा दवाव वा प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लाने वा आफुसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले मन्जुरी बिना वा झुक्यानमा पारी नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।

अतः मानव बेचखिन तथा ओसारपसार भन्नाले शोषण गर्ने उद्देश्यले धम्की वा शक्ति वा अन्य कुनै प्रकारको बल प्रयोग गरी, कब्जामा लिई, जालसाझ गरी, झुक्याई, पद वा जोखिम अवस्थाको दुरूपयोग

गरी, अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने, कुनै व्यक्तिको स्वीकृत प्राप्त गर्न रकम वा लाभ दिनुलिनु गरी व्यक्तिलाई भर्ती गर्ने, ओसारपसार गर्ने या स्थान्तरण गर्ने, आश्रय दिने र शोषण भन्नाले यौन व्यवसायमा लगाएर वा अन्य प्रकारको यौन शोषण गरेर गरिने शोषण लगायत बाध्यकारी श्रम र सेवाहरु दासत्व वा दासत्वपूर्ण कार्यहरु, मानव अङ्ग झिक्नु आदि कार्यहरु हुन् ।

समयक्रमसंगै कानूनमा संशोधन गर्ने क्रममा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ जारी भएको र २०७२ सालमा यस ऐनमा समसामयिक संशोधन भए पनि प्रभावकारी रूपमा कानून कार्यान्वयन हुन नसक्दा संगठित अपराध रोक्ने दिशामा अपेक्षित रूपमा सफलता मिलेको छैन । घटेका अपराधिक घटनाहरुका दिशामा नियन्त्रण गर्न पनि अपेक्षित सफलता प्राप्त गर्न नसक्नुमा समग्र अभियोजन प्रभावकारी नभएको देखिन्छ । यसको प्रमुख कारणहरुमध्ये सुरुमा किटानी सहितको जाहेरी दरखास्त तथा कागज गर्ने पीडित साक्षीहरुले अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिकूल बकपत्र गर्नु प्रमुख चुनौतीको रूपमा रहेको पाइन्छ । जाहेरवाला/पीडित तथा प्रभावितहरुले प्रतिकूल बकपत्र गर्नाले मुद्दा असफल हुने मात्र नभई राज्यको श्रोत साधन खेर गई अपराधमुक्त समाज स्थापना गर्न र अपराध नियन्त्रण गरी शान्ति स्थापना गर्ने कार्यमा समेत थप चुनौती थपिंदै गइरहेको छ । यसैले मानव बेचबिखन मुद्दामा समयको परिवर्तन र त्यसका आयामहरुलाई सम्बोधन गर्न, पीडितहरुका लागि पुनःस्थापना गर्न समेत यो ऐनमा संशोधन आवश्यक छ । यस सम्बन्धमा अदालतले निरन्तर सुनुवाई अन्तर्गत पीडित एवं प्रभावितहरुलाई जाहेरी दरखास्त दर्ता भई अदातलमा बयान प्रमाणितको लागि पीडित उपस्थित भएपछि पूनः उपस्थित हुन नपर्ने वातावरण सृजना हुनु पर्दछ ।

**मानव बेचबिखन विरुद्ध नयाँ कार्य क्षेत्र, नाबालिकाहरुको प्रयोग, मानव बेचबिखन तथा अनुसन्धान व्युरोको पहलः**

मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अब नाबालिकाहरुको नयाँ कार्य क्षेत्र भनेकै डान्सबार, क्याबिन, मसाज पार्लर, खाजा घर, अपार्टमेन्ट, दोहोरी साँझ, स्पा सेन्टर, भाडामा लिएका कोठाहरु मुख्य रहेको छ । यी नाबालिकाहरुले आफ्नो कार्यक्षेत्रमा यौनिक हिंसा, यौन दुर्व्यवहार, अनैतिक व्यवहार जस्ता हिंसा भोग्दै आईरहेका हुन्छन् । कतिपय बालबालिकाहरु मनोरञ्जन क्षेत्रमा कार्यरत छन् भने यसको एकिन तथ्याङ्क नभएतापनि स्वतन्त्र अभियान संस्थाका अनुसार ६०,००० महिला तथा बालबालिकाहरु मनोरञ्जन क्षेत्रमा कार्यरत छन् ।

मानव बेचबिखन तथा ओसारपसार गम्भीर समस्या भएको हुँदा यसप्रकारको हिंसा विरुद्धको अभियानमा अझ सशक्त रूपमा कारवाही प्रकृया अगाडी बढाई पीडित तथा प्रभावितहरुलाई न्यायमा पहुँच र न्याय प्राप्तिको लागि मानव बेचबिखन अनुसन्धान व्यूरो यसै उद्देश्यले स्थापना भएको छ ।

मानव बेचबिखन व्यूरो बिषेशगरी मुद्दाको अनुसन्धान र अन्वेषण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसंग समन्वय गर्न, व्यापार, पढाई, वैवाहिक सम्बन्ध र वैदेशिक रोजगारको सिलसिलामा हुने बेचबिखन तथा ओसारपसार रोक्न र प्रदेश प्रहरीलाई सहयोग र समन्वय गरी पीडितहरुको उद्धार, पुनर्स्थापना एवं अपराधीलाई पक्राउ गरी कानुनी दायरामा ल्याउने महत्वपूर्ण कार्य गर्दैछ । व्यूरोको तथ्याङ्क अनुसार ०७४/०७५ मा मात्र ३०५ वटा, ०७५/०७६ मा २५८ वटा, २०७७/०७८ मा १३४

वटा र २०७८/०७९ मा १४२ वटा मुद्दा दर्ता भएका छन् । मानव अधिकार आयोगको हालको तथ्याङ्क अनुसार बार्षिक ३५ हजार मानिसहरु बेचिन्छ भने असोज महिनामा काठमाडौं र ललितपुरको बिभिन्न स्थानहरुमा राष्ट्रिय बाल अधिकार परिषद्को पहल र नेतृत्वमा बालबालिका खोजतलास समन्वय केन्द्र समेतको टोलीले उद्दार गरिएकोमा १५ जना बालिकाहरु रहेका थिए भने जसमा ३-१८ बर्षसम्मका बालिकाहरु थिए । जुन बालिकाहरु व्यवसायिक यौन पेशामा लागेकाहरु पनि पनि भेटिए थिए ।

मानव बेचबिखनका पीडित/प्रभावितहरुको न्यायमा पहुँच सहज र सरल वा पीडित मैत्री बनाउन के गर्नु पर्ला ?

- सरकारी, गैर सरकारी र न्यायक्षेत्र बीच थप सशक्त र प्रभावकारी सम्बन्धको विकास आवश्यक
- होस्टाइल हुने क्रमलाई निरुत्साहित गर्न थुनछेकको लगत्तै वकपत्र, पीडितको सुरक्षाको प्रत्याभूति, र परामर्श तथा होस्टाइल हुनेलाई कारवाही जस्ता विषयहरुमा प्राथमिकीकरण अनुरूप कारवाही प्रकृया अगाडी बढाउन जरुरी ।
- मानव बेचविखनको मुद्दामा निरन्तर सुनुवाईको व्यबस्थाको बावजुद पनि अपेक्षिकृत रूपमा फैसला छिटो हुन नसकेकोले यसलाई सम्बोधन गरिनुपर्ने ।
- पीडित संरक्षण कानून ऐन लागू गरी बेचबिखनमा परेका महिला तथा बालबालिकालाई आवश्यक सेवा प्रदान गरिनु पर्ने ।
- देशका प्रमुख शहरहरुमा अवस्थित मसाज पार्लर, डान्सबार, क्याविन रेष्टुराँ जस्ता ठाउँहरुलाई बेचबिखन रहित बनाउनु पर्ने र तत्काल उद्धार तथा पुनर्स्थापना गरिनुपर्ने ।
- बेचबिखनमा परेका महिला तथा बालबालिकालाई सुलभ र सहज ढङ्गले उचित क्षतिपूर्ति प्रदान गरिनुपर्ने ।

**गैरसरकारी संस्थाहरुको भूमिका**

- पीडितलाई सहयोगको लागि सरकारी निकायहरुसंग समन्वय र मानव बेचबिखनमा परेकाहरुको सहयोगको लागि त्यस्तो कार्यमा संलग्न व्यक्तिहरुको पहिचान गर्ने ।
- आर्थिक तथा कानुनी सहयोग प्रदान गर्ने ।
- सल्लाह तथा सुझाव दिने एवं क्षतिपूर्ति सम्बन्धमा विशेषज्ञहरुसंग आवश्यक भएमा राय सल्लाह गर्ने ।
- निःशुल्क परामर्श सेवा लगायत पीडितको क्षतिपूर्तिको लागि निरन्तर पहल गर्ने ।

**क्षतिपूर्तिको अधिकार :**

- सरकारले पीडितहरुको क्षतिपूर्ति र पुनरावृत्तिमा पहुँच प्रदान गर्न उपयुक्त प्रकृया स्थापित गर्ने र पीडितहरुलाई आफूले पाउने क्षतिपूर्ति अधिकार सम्बन्धमा जानकारी उपलब्ध गराउने । साथै मानव बेचबिखनमा परेका पीडितहरुलाई क्षतिपूर्ति उपलब्ध गराउने उपायहरुको सुनिश्चित गर्ने।
- उपयुक्त र अनुपातिक ढङ्गमा पीडितहरुको आर्थिक रूपमा मूल्याङ्कन गर्न सकिने क्षतिलाई परिस्थिति र क्षतिको गाम्भीर्यता बुझेर क्षतिपूर्ति प्रदान गर्न सकिने ।

- यदि क्षतिपूर्ति सम्बन्धमा पीडक वा अन्य श्रोतबाट प्राप्त नभएमा पूरा क्षतिपूर्ति उपलब्ध गराउन नसकेको खण्डमा राज्यले कोष मार्फत् प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

**के-कस्ता चुनौतिहरुको सामना गरिरहनु परेकोछ ?**
**न्यायिक पहुँचका पूर्व चुनौतिहरु :**

- पीडितहरु कानुनी प्रकृयाका बारेमा अनभिज्ञ हुने र न्याय प्राप्तीको पहल नै नगर्ने,
- पीडितहरुसँग श्रोत र साधनको कमी हुनु,
- सामाजिक परिवेश महिला मैत्री नहुनु, जसले गर्दा न्यायको लागि पहल गर्ने महिला लाञ्छित र बहिष्कृत हुने अवस्था सिर्जना हुनु ।
- पीडित महिलालाई परिवारले सहयोग नगर्ने र दवाव दिनाले न्याय प्राप्तीको प्रयास असफल हुनु,

**न्यायिक पहुँचका चुनौतिहरुमा :**

- दर्ता प्रकृयामा सुस्तता र यो प्रकृया पीडित मैत्री नहुनाले पीडितलाई न्यायिक प्रकृयाप्रति वितृष्णा हुनु,
- पीडितलाई बकपत्रको म्यादको जानकारीमा ढिलाई,
- पीडितले अदालतको फाँटबाट ढिलासुस्ती र असहयोग भएको गुनासो गर्ने गरेको,
- कागजात प्रतिलिपी लिनमा समस्या,
- कार्य व्यस्तता र समय अभावका कारण मुद्दाको बहसको दौरान अदालतमा सरकारी वकिलको उपस्थिति भए हालेतापनि मुद्दा अवधि समयसम्म कम उपस्थिति रहने,
- वैदेशिक रोजगारको दौरानमा हुने मानव बेचविखनको घटनामा प्रतिवादी पक्रनमा समस्या, (जस्तैः भारत मनिपुरबाट फर्काइएका अधिकांशले मुद्दा दर्ता गर्न अग्रसर नभएको) दर्ता भै हालेता पनि अधिकांश मुद्दा मिलापत्र वा होस्टाइलमा अन्त्य हुने,
- पीडितलाई होस्टाइल हुन प्रतिवादी, अभिभावक र आफन्तले नै उक्साउने र उनीहरुले नै बन्धी प्रत्यक्षीकरणको रिट दायर गर्ने,
- फैसला कार्यान्वयन हुन नसक्नु र फैसलाको जानकरी पीडितले प्राप्त गर्न नसक्नु ।

**मानव बेचबिखनको मुद्दामा कारबाही सम्बन्धी अन्य व्यवस्थाहरु :**
गोपनियताः

उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राख्न लिखित अनुरोध गरेमा प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नुपर्ने ।

उजुरकर्ताको काल्पनिक (कोड) नाम राख्ने, अनुसन्धान, अभियोजन र न्याय निरोपणको सिलसिलामा माग भएको अवस्थामा बाहेक अन्य अवस्थमा खुलासा गर्न हुँदैन ।

**सजाय नहुने:**
आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको थाहापाई उम्कन, भाग्न खोज्दा कसैले बाधा-विरोध गरेमा बल प्रयोग गर्दा जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा कुनै चोटपटक लागेमा कुनै सजाय नहुने ।

**सजायको माग दावीमा छुट:**
कसूर गरेको भनि अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी सो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल वा अदालतलाई सघाउ पुऱ्याएको र निजले पहिलो पटक कसूर गरेको रहेछ भने त्यस्तो कसूरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा पच्चीस प्रतिशतसम्म सजाय छुट दिन सक्नेछ ।

सजायको माग दावीमा छुट दिन नसकिने :

क) मुख्य अभियुक्तलाई सजायको मागदावी छुट दिन,
ख) बालबालिका बेचबिखन वा ओसारपसार गरेकोमा,
ग) एकपटक सजायको छुटको सुविधा पाइसकेको ।

**मानव बेचबिखन मुद्दामा क्षतिपूर्तिका मान्य स्वरूपहरु :**

- प्रतिवादीबाट भराउने,
- प्रतिवादीलाई हुने जरिवाना रकमबाट भराउने,
- क्षतिपूर्ति कोषबाट भराउने,
- सीधा सरकारबाट भराउने,
- पीडितलाई सरकारबाट उपलब्ध गराउने र सरकारले प्रतिवादीबाट असूल गर्ने ।

अन्त्यमा, समाजमा अपराधिक कार्य नियन्त्रणका लागि फौजदारी न्याय प्रशासनको मुख्य उद्देश्य हो भने निर्दोष मानिसहरुका लागि निर्दोषिताको प्रत्याभूति र अपराध गर्ने व्यक्तिले दण्ड पाउनुपर्छ भन्ने विश्वास दिलाउनु सक्नुपर्छ । मानव बेचबिखनका स्वरूपहरु नियमन गर्न उक्त कानूनमा संशोधन हुन जरुरी भइसकेको छ र हाल संशोधनको तयारीमा रहेको हुँदा छिटोभन्दा छिटो संशोधनको पहलकदमीको लागि नागरिक समाजहरुको भूमिका अत्यन्त आवश्यक छ ।

विशेषगरी बैदेशिक रोजगारको नाउँमा हुने मानव बेचबिखन तथा ओसारपसारजन्य क्रियाकलाप नियमन गर्न विद्यमान कानूनमा संशोधनको साथै महिला र बालबालिकालाई विशेष प्राथमिकता स्वरूप यौन शोषण, श्रम शोषण, र गैरकानुनी अंग प्रत्यारोपण लगायत सबै प्रकारका शोषणका लागि हुने बेचबिखन तथा ओसारपसारको सवाललाई सम्बोधन गर्न "मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने र सजाय गर्ने इच्छाधिन आलेख, २००० (पालेर्मो प्रोटोकल)" नेपाल सरकारले अनुमोदन गर्न सफलता प्राप्त गरेको छ । यसको कार्यान्वियनको साथै वैदेशिक रोजगारको नाममा हुने आप्रवासनमा गएकाहरुको बेचबिखनका समस्याहरुलाई यस पालेर्मो प्रोटोकलले समेट्न सकेमा पीडितहरुले न्यायको अनुभूति गर्न पाउने र न्यायमा पहुँच प्राप्त गर्न सक्ने अपस्था रहन्छ ।

***

# बालविवाह सम्बन्धी कानून र बालविवाहले निम्त्याएको चुनौति



*अधिवक्ता सजनी जोशी*

**पौराणिक कालमा**

विवाह भनेको दुई व्यक्तिहरु मध्ये नरनारीको सामाजिक, धार्मिक अथवा कानुनी रूपबाट एक अर्कासँगै जीवन बिताउन गर्ने सम्बन्ध हो । धर्मशास्त्र अनुसार विवाह गर्नको मुख्य उद्देश्य घरेलु अनुष्ठान कर्मको माध्यमबाट धर्म, सन्तान उत्पादन गर्न, वंशवृद्धि गर्न र मृत्यु उप्रान्त पितृलाई जल चढाउन हो । आदीकालमा महिलाहरु बयस्क भएपछि विवाह गरिन्थ्यो भने वैदिककालमा विवाह सम्बन्धी स्वतन्त्र धारणा थियो । इसापूर्व ८००-६०० माजुन बुबाले छोरीको विवाह रजस्वला हुनु भन्दाअघि गर्दैन । उसले भ्रूण हत्या अपराध गरे सरह हुन्छ भन्ने कथन थियो । मनुस्मृतिको अध्याय ८, श्लोक १३ मा बधुको उमेरभन्दा वरको उमेर तीन गुणा बढी हुनु पर्दछ भनि लेखिएको छ । वाल्मीकि रामायणमा सीताको विवाहको समयमा सीताको उमेर ६ बर्षको थियो । The Wonder, that was India,पेज 168) अनुसार जब बालिकाहरु युवती हुन थालेपछि उनीहरु आफैंले नै आफ्नो लागि वर खोज्ने सम्भावना हुन्छ । आमाबाबुले छोरीको रेखदेख गर्नुपर्ने हुन्छ, यदि उनीको कुमारीत्व भंग भएमा विवाह हुन कठिन हुने हुँदा बालविवाह गरिन्छ ।

**नेपालको सन्दर्भमा**

नेपालको सन्दर्भमा मध्यकालमा राजा तथा उच्च घरानियाहरुले बालविवाह गरेको प्रसङ्ग धेरै भेटिन्छ । भारतमा मुसलमानले साम्राज्य बिस्तार गर्दै जाँदा आफ्नो अविवाहित छोरीचेलीहरु चोरिने डर र आफूले संरक्षण गर्न नसक्नुका कारणले गर्दा बालविवाह गर्न थालेको हो । यसको प्रभाव नेपालमा पनि परेको हो भन्ने भनाई रहेतापनि यसको इतिहास केलाउँदै जाँदा यसको शुरुवात कहिले भयो त भन्न कठिन नै छ । बालविवाह उच्च रहेको मुलुकहरुमध्ये नेपाल अग्रस्थानमा पर्दछ । दक्षिण एशियामा बंगलादेश, भारतपछि नेपाल तेश्रो स्थानमा पर्दछ । त्यसमा पनि बालक भन्दापनि बालिकाहरु १८बर्ष नपुग्दै विवाह गरिन्छ भन्ने सरकारी र विभिन्न गैरसरकारी निकायहरुको डाटाहरुबाट देखिन्छ । युनिसेफको एक प्रतिवेदन अनुसार विश्वभरी कुल ७६ करोड ५० लाख बालबालिकाले बालविवाह गरेको हुन्छ ।बालविवाह हुनेमा धेरैजसो बालिकाहरु छन् । प्रतिवेदन अनुसार ५ जना बालिकाहरु मध्ये १ जनाले बालविवाह गरेका छन् । राष्ट्र संघिय जनसंख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने मध्ये ४३ प्रतिशत महिला र शहरी क्षेत्रमा बस्ने २७ प्रतिशत महिलाले १८ वर्ष उमेर नपुग्दै विवाह गर्ने गरेको पाईएको छ । त्यसैगरी प्रवेशिका वा सो भन्दामाथि अध्ययन गरेका महिलाहरुको विवाहको उमेर २२ वर्ष देखिन्छ भने विद्यालय नगएका महिलाहरुको विवाह गर्ने उमेर १७ वर्ष देखिन्छ । बालकहरुको बालविवाह हुने देशमा नेपाल दशौं स्थानमा पर्दछ । २० देखि २४ बर्षसम्मको १० युवामध्ये १ जनाले बालविवाह गरेको हुन्छ । यसका विभिन्न कारणहरु रहेका छन् । जस्तैः अशिक्षा, निम्न आय, ग्रामीण क्षेत्रमा बसोबास, घरेलु हिंसा, पितृसत्तात्मक सोच, कुरीति, विवाहलाई महिला र पुरुषको दाम्पत्य जीवनभन्दा पनि विवाह बन्धनको रूपमा लिने धार्मिक एवं

सांस्कृतिक मान्यता । विवाहलाई पुरुष र महिलाको पारिवारिक मिलनसँग जोडी सामाजिक मर्यादालाई बढी महत्व दिने परम्परा, उमेर नपुग्दै हुने विवाहबाट हुन सक्ने हानी र थप समस्याको बारेमा जानकारीको न्यूनता, छोरीलाई दायित्व र भारको रूपमा लिने पितृसत्तात्मक सोच, किशोर-किशोरीमा अपरिपक्वता र ज्ञानको अभाव, किशोर किशोरीहरुको विद्यालय शिक्षामा निरन्तरताको कमी, वैवाहिक कार्यमा अभिभावकको निर्णायक भूमिका, सञ्चार सामाग्री र सामाजिक सञ्जालको दुरूपयोगबाट किशोर-किशोरीमा पर्न गएको नकारात्मक प्रभाव, बालविवाह दण्डनीय अपराध भएको बारेमा जनचेतनाको कमी, विद्यमान कानूनको कमजोर कार्यान्वयन रहेको छ । घरमा काम गर्ने मानिसको कमीले गर्दा पनि छोराको सानै उमेरमा विवाह गरिन्छ । समुदायका मानिसले इज्जत र लाजको कारणले गर्दा बालविवाह विरुद्ध बोल्न सकेका हुन्नन् । बालविवाह सुन्नको लागि सामान्य लागेतापनि भोग्नेको लागि निकै पीडादायी समस्या हो । यसले व्यक्तिलाई मात्र नभै सिंगो राष्ट्रलाई नै नकारात्मक असर पारिरहेको हुन्छ ।

**केही घटनाहरु**

वर्तमान समयमा बालविवाहलाई रूपान्तरण गरी जबरजस्ती करणीको मुद्दा चलाएको घटनाहरु हाम्रो अगाडी छन् । मकवानपुरकी तामाङ थरकी १५ बर्षकी बालिका र तराईमूलको १७ बर्षीय बालकबिच प्रेम सम्बन्ध भयो । बालकले आफ्नी प्रेमीकासँग नजिकैको मन्दिरमा गई विवाह गऱ्यो । घर लैजान परिवारलाई मनाएर आउँछु भनि केटा घर जाँदा कोभिडको कारणले गर्दा मकवानपुर फर्कन सकेन । केटा नआएपछि केटीका अभिभावकले जबरजस्ती करणीमा मुद्दा दायर गरे । लकडाउनपछि केटाले केटीलाई लिन मकवानपुर आउँदा उनलाई पक्राउ गरी कानुनी कारवाही गरियो । केटीले बच्चा जन्माई, उनी बच्चासहित माइतीघरमा बस्दै आएकी छिन् भने केटा थुनामा छन् । दोश्रो घटना केटा मुस्लीम समुदायको, केटी हिन्दु । दुवैको उमेर १७/१७ बर्ष थियो । दुवैजना भागेर भारत गए । केटीको अभिभावकले प्रहरीमा उजुरी दिएपछि दुवैजना प्रहरीको सम्पर्कमा आई अभिभावकहरुले जिम्मा लिए । केटीको अभिभावकले केटी पूनः सोही केटासँग भाग्लान् भन्ने डरले स्वजातिय केटासँग विवाह गरिदिए ।

**बालविवाहको प्रत्यक्ष प्रभाव**

बालविवाह देशभरी व्याप्त छन् । पहाडी जिल्लाहरु र तराईमा यसले अझै विकराल रूप लिएको छ । बालविवाह समाजमा खुलेआम रूपमा भएतापनि प्रहरीमा उजुरी नपरेको कारणले गर्दा खासै कारवाही गरिएको छैन । बालविवाहको प्रत्यक्ष असरमा - बालविवाहपछि बालिकाहरु स्कुल पढ्न पाउँदैनन्, घरकै काममा व्यस्त हुन्छन् । अझ बच्चा जन्मेपछि त झन् उनको प्रगतिमा फुलस्पट नै लाग्छ भने बालकहरु बालविवाह गरेतापनि पढाई तथा आफ्नो करियर अगाडी बढाएको हुन्छ । बालकहरु पढाई पुरा गरेपछि घरकी श्रीमती उनलाई नसुहाएको अनुभव गर्छ र बहुविवाह गर्छ । त्यस्तै महिलाहरु सानै उमेरमा आमा बनेपछि उनी छिटै पाको उमेरको देख्ने हुँदा उनीहरुको श्रीमान्ले श्रीमतीलाई नराम्री देखेर बहुविवाह गर्ने, बालबच्चालाई नहेर्ने, घरेलु हिंसा गर्ने, अझ यसको परिणाम मानव बेचबिखनसम्म पनि हुने गरेको घटनाहरु यथेष्ट पाइन्छ । कोरोना, लकडाउनपछि विद्यार्थीहरुको पढाईदेखि लिएर सबैको काम पनि अनलाइन हुन थालेपछि यसले सकारात्मक असर भन्दा पनि नकारात्मक असर बढी

पर्न थाल्यो । बालबालिकाहरु अनलाइनमा नै रमाउने सानै उमेरमा प्रेम गर्ने र भागेर जाने जस्ता समस्या बढ्न थाल्यो ।

**बालविवाह सम्बन्धी कानून, नीतिहरु र कानुनी समस्या**

नेपालको फौजदारी संहिता २०७४ पनि विवाह गर्ने उमेर महिला र पुरुषको २०/२० बर्ष तोकिएको छ । १८ बर्षमुनिका नाबालक भए तर १८ बर्षदेखि २० बर्षको हकमा कानून मौन छ । अहिले पनि भागेर होस् वा पारिवारीक समझदारीमा बालविवाह भैरहेको छ । यसरी विवाह भै छोटो समयमा श्रीमान् श्रीमती बिच बेमेल भएर छुट्यो भने विवाहले कानुनी मान्यता नपाएको कारणले गर्दा श्रीमान्को तर्फबाट कानुनी अधिकार पाउँदैन साथै बच्चा जन्मेको छ भने ती बच्चाको पनि कानुनी अधिकार पाउन समस्या हुन्छ । बालविवाह सम्बन्धी फरक-फरक अवधारणा रहेतापनि केही राजनीतिहरुले विवाहको उमेर घटाउन पर्नेमा जोड दिएको छ । विशेषगरी तराईको सांसदहरुको भनाईमा बालिकाहरुको सानै उमेरमा विवाह नगरी दिएमा उनीहरु आफैं प्रेम गरी गएमा बाबु आमाको इज्जतमा दाग लाग्ने हुँदा बालविवाहको उमेर घटाउन पर्छ । तर बालविवाहको उमेर घटाउँदैमा मात्र यसको समस्या समाधान हुँदैन । बालविवाह विरुद्ध नेपालको संविधान २०७२, मुलुकी अपराध संहिता २०७४, मुलुकी देवानी संहिता २०७४, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२, बालबालिका सम्बन्धी ऐन २०७५, स्थानिय सरकार सञ्चालन ऐन २०७४, पन्ध्रौं पञ्चबर्षिय योजना, प्रारम्भिक बालबालिकाको राष्ट्रिय रणनीति २०७५-२०८७ रहेको छ भने त्यस्तै बालअधिकार सम्बन्धी सन्धि सम्झौताहरु रहेका छन् । नेपाल सरकारले विशेषगरी बालविवाहलाई २०२० सालमै गैरकानुनी ठहर गरेको नेपालले सन् २०३० सम्ममा मुलुकबाट बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति पनि अनुमोदन गरेको छ ।

**बालविवाहको अन्त्य गर्न के गर्ने ?**

बालिका र किशोरीको सशक्तिकरण : औपचारिक अनौपचारिक, दौतरी शिक्षा, बालक्लब, सामाजिक गतिविधी मार्फत् बालविवाह र यसका नकारात्मक असरहरुको बारेमा छलफल चलाउने, यौन तथा प्रजनन स्वास्थ्य, लैङ्गिक समानताको बारेमा सचेत गराउने ।

बालिका तथा किशोरीहरुका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने : विद्यालयहरुमा बालिका मैत्री पूर्वाधारहरु तयार गरी विद्यालयका गतिविधीहरुमा बालिका तथा किशोरीहरुको सहभागिता सुनिश्चित गर्ने । विद्यालयहरुमा बालिकाहरुको समस्या सम्बोधन गर्न महिला शिक्षकहरुलाई फोकल शिक्षकको रूपमा व्यवस्था गरी नियमित अन्तरकृया गर्ने ।

बालक तथा पुरुषहरुको सहभागिता : बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य, बालविवाह सम्बन्धी सचेतना कार्यहरुमा बालकिशोर तथा पुरुषहरुलाई सहभागिता गराउने । बालविवाहले मानवअधिकार मात्र नभै देशको समग्र अर्थिक अवस्थामा नै नकारात्मक प्रभाव पार्नेछ भन्ने सबैले बुझौं र बुझाऔं ।

***

# सम्बन्ध विच्छेद

*अधिवक्ता शकुन्तला बस्नेत के.सी.*



**सम्बन्ध विच्छेद सम्बन्धी कानून व्यवस्था र प्रकृया**

सम्बन्ध विच्छेद भनेको पति-पत्नीबीचको वैवाहिक सम्बन्धलाई कानून बमोजिम विच्छेद गरिनु हो । यसलाई साधारण बोलचालको भाषामा छोडपत्र वा पारपाचुके पनि भनिन्छ । कुनै पनि महिला र कुनै पनि पुरुष बिच वैवाहिक सम्बन्ध कायम भईसके पश्चात् बिना आधार कारण सम्बन्ध विच्छेद गर्न पाईदैन । सो कारण हाम्रो साविक कानून मुलुकी ऐन २०२०, महल १२, लोग्ने स्वास्नीको महल अन्तर्गत सम्बन्ध विच्छेद गर्ने आधार र प्रकृयाको सम्बन्धमा व्यवस्था थियो । मौजुदा कानून मुलुकी देवानी संहिता २०७४ को परिच्छेद–३ सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्था को ९३ नं. बमोजिम पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पति पत्नीको सम्बन्ध विच्छेद गर्न सक्नेछन् । तर कानूनमा पतिले सम्बन्ध विच्छेद गर्न सक्ने आधार र पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने आधारहरु छुट्टा-छुट्टै व्यवस्था छ ।

**पतिले सम्बन्ध विच्छेद गर्न सक्ने आधारहरु :**

(क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मन्जुरी नलिई लगातार तीन बर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
(ख) पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
(ग) पत्नीले पतिको अङ्गभङ्ग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा,
(घ) पत्नीले अन्य पुरुषसंग यौन सम्बन्ध राखेको ठहरेमा ।

**पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने आधारहरु :**

(क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मन्जुरी नलिई लगातार तीन बर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
(ख) पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
(ग) पतिले पत्नीको अङ्गभङ्ग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा,
(घ) पतिले अर्को विवाह गरेमा,
(ङ) पतिले अन्य महिलासंग यौन सम्बन्ध राखेको ठहरेमा,
(च) पतिले पत्नीलाई जवरजस्ती करणी गरेको ठहरेमा ।

मुलुकी देवानी संहिता २०७४ लागू हुनुभन्दा पहिला केही फरक प्रकृया अपनाउनु पर्दथ्यो । मुलुकी देवानी संहिता २०७४ लागू हुनुभन्दा पहिला पतिले सम्बन्ध विच्छेद गर्न चाहेमा गाउँ विकास समिति

वा नगरपालिकामा निवेदन गर्नुपर्ने व्यवस्था थियो र गाउँ विकास समिति वा नगरपालिकाले पनि दुवै थरीलाई भरसक सम्झाई बुझाई मेलमिलाप गराई दिनुपर्दथ्यो । त्यसरी सम्झाउँदा बुझाउँदा पनि मेलमिलाप हुन नसकेमा र विवाह कायम राख्नुभन्दा सम्बन्ध विच्छेद गराउनु श्रेय भएमा निवेदन परेको एक बर्षभित्र आफ्नो राय समेत संलग्न गरी प्राप्त निवेदन सम्बन्ध विच्छेद गर्न अधिकार भएको सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्दथ्यो । तर मुलुकी देवानी संहिता २०७४, सम्वत् २०७५ साल भदौ १ गतेदेखि प्रारम्भ भए पश्चात् सम्बन्ध विच्छेद गर्न चाहने पति वा पत्नीले अदालतमा निवेदन दिनु पर्नेछ भन्ने कानुनी व्यवस्था भएको कारण पति पनि सम्बन्ध विच्छेद गर्न सीधै अदालतमा जान पाउने कानुनी व्यवस्था भएको कारण सम्बन्ध विच्छेद मुद्दा दर्ता हुने संख्यामा बढी वृद्धी भईरहेको अवस्था छ । आ.व. २०७७/०७८ र आ.व. २०८/०७९ को श्री ललितपुर जिल्ला अदालतमा दर्ता भएका सम्बन्ध विच्छेद मुद्दाको विवरण ।

| क.सं. | महिना | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| १ | साउन | ५१ | ८५ |
| २ | भदौ | १३ | ७१ |
| ३ | असोज | ५१ | ६७ |
| ४ | कार्तिक | २८ | ४९ |
| ५ | मंसीर | ६० | ६९ |
| ६ | पुष | ५५ | ६३ |
| ७ | माघ | ४४ | ५२ |
| ८ | फागुन | ५० | ५० |
| ९ | चैत्र | ५० | ६९ |
| १० | बैशाख | २२ | ४६ |
| ११ | जेठ | ० | ५७ |
| १२ | असार | ३० | ८३ |
| **जम्मा** | | ४५४ | ७६१ |

उपरोक्त उल्लेखित श्री ललितपुर जिल्ला अदालतको २०७७/०७८ र आ.व. २०८/०७९ सम्बन्ध विच्छेद मुद्दाको विवरणलाई हेर्दा सम्बन्ध विच्छेद गर्ने संख्या बढ्दोक्रममा देखिन्छ । साधारण मुद्दा दर्तालाई मात्र हेर्ने हो भने अंशसहितको सम्बन्ध विच्छेद मुद्दा दर्ता ६५% र अंश नलिईकन सम्बन्ध विच्छेद मुद्दा दर्ता ३५% देखिन्छ तर अंशसहितको सम्बन्ध विच्छेद मुद्दा दर्ता हुँदैमा सबैले अंश लिएको भनि अनुमान गर्न मिल्दैन किनकी अनेक प्रकृयाको कारण शुरुमा अंशसहितको दावी लिएता पनि पछि अंशमा दावी छोडी फैसला वा मिलापत्र गरी सम्बन्ध विच्छेद हुन पनि सक्ने सम्भावना भएको हुनाले वास्तविक डाटा छुट्याएर राख्ने अदालती प्रकृया नभएको कारण वास्तविक सत्यतथ्य विवरण प्रस्तुत गर्न गाह्रो छ ।

मुलुकी देवानी संहिता २०७४ लागू भएपछि आ.व. २०७५ भदौ १ गते पछिको यस कानुनी सहयोग तथा परामर्श (ल्याक) को सम्पर्कमा आएका पतिको तर्फबाट दायर भएको सम्बन्ध विच्छेद मुद्दालाई

नियालेर अवलोकन गर्दा अधिकांश सम्बन्ध विच्छेद गर्न चाहने पुरुषले घरमा श्रीमती र छोराछोरी भएको अवस्थामा अन्य महिलासंग विवाहोत्तर सम्बन्धमा रहेको कारण रहेका छन् । **पतिले सम्बन्ध विच्छेद गर्न सक्ने आधारहरु** पनि किटान गर्न नसक्ने अवस्थामा पनि बनावटी र काल्पनिक रूपका आधारहरु राखी सम्बन्ध विच्छेद मुद्दा दायर भैरहेको अवस्था छ। यी मुद्दाहरु हेर्दा सामान्य लागेता पनि यी मुद्दासंग सम्बन्धित महिला तथा बालबालिकाहरुलाई धेरै जटिल समस्याहरु निम्ताई रहेको अवस्था छ ।

**पतिले सम्बन्ध विच्छेद मुद्दा दर्ता गरिसके पश्चात् महिलाहरुमा देखा परेका समस्याहरुः–**

***अदालतबाट सम्बन्ध विच्छेद मुद्दाको म्याद आउँदाको समस्या :–***

जिल्ला अदालतबाट सम्बन्धित महिलालाई फोन आउँछ तथा पतिले दायर गरेको सम्बन्ध विच्छेद मुद्दाको म्याद आउँछ। सो अवस्थामा सो म्याद भनेको के हो ? अब म के गर्नुपर्छ ? कहाँ जानुपर्छ ? केही पनि थाहा हुँदैन । कतिपय महिलाहरु त म अदालतमा उपस्थित नभएको अवस्थामा सम्बन्ध विच्छेद नै हुँदैन भन्ने केही महिलाहरुको भावना रहेको अवस्था छ। ती अनभिज्ञ महिलाहरुले देवानी कानूनका सामान्य सिद्धान्त अनुसार कानूनको अज्ञानता क्षम्य नहुने तथा कानून सबैले जानेको अनुमान गरिनेछ भन्ने कुरा उनीहरुलाई थाहा जानकारी नै हुँदैन। यता कानुनी प्रकृयालाई हेर्ने हो भने सम्बन्ध विच्छेद मुद्दाको म्याद स्वयम् महिला आफैंले नै बुझी अदालतमा उपस्थित नभएमा पतिको सम्बन्ध विच्छेदको फिरादलाई स्वीकार गरेको अनुमान गरी अदालतले पति पत्नीको सम्बन्ध विच्छेद हुनेगरी एकतर्फी फैसला भईरहेको अवस्था छ । अदालतबाट सम्बन्ध विच्छेद भैसके पश्चात् अदालतको फैसलालाई आधार बनाई दोस्रो विवाह गरी जेठी श्रीमती र जेठी श्रीमतीको सन्तानलाई अलपत्र पारी सारै नै अन्यायमा परिसके पश्चात् न्यायको खोजीमा जाँदा श्रीमान्‌ले सम्बन्ध विच्छेद मुद्दाको फैसला पेश गर्दा मात्र ती महिलालाई थाहा हुन्छ की सम्बन्ध विच्छेद मुद्दामा सम्बन्ध विच्छेद हुने गरी फैसला भैसकेको रहेछ भन्ने कुरा। यसरी अदालतबाट फैसला भइसकेको अवस्थामा कानुनी प्रकृया अपनाउन गाह्रो हुन सक्छ। सो कारण मुद्दाको म्याद आएमा वेवास्ता गर्नु हुँदैन । सो म्यादमा मुद्दाको प्रकृति अनुसार समय सीमा निर्धारण गरिएको हुन्छ। सो समयभित्र आफ्नो जो भएको यथार्थ सत्य कुरा राखी प्रतिउत्तर-पत्र सम्बन्धित अदालतमा पेश गर्नुपर्छ भन्ने कुराको समेत जानकारी नभएको पाईन्छ ।

**अदालतको म्याद भनेको के हो ?**

अदालतमा फिराद-पत्र दर्ता भएपछि प्रतिवादीको नाममा फिराद-पत्र समेत साथै राखी म्याद पाए वा कानून बमोजिम टाँस भएको मितिले यति दिन भित्रमा प्रतिउत्तर-पत्र र कानून बमोजिमको लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु भनि सूचित गरिएको कागज हो ।

**म्याद पाएपछि कहाँ जाने ?**

म्याद पाएपछि आर्थिक रूपमा विपन्न महिला भए राष्ट्रिय महिला आयोगमा जाने वा ११४५ मा फोन गरी कानुनी सहयोग माग्ने, कानुनी सहयोग तथा परामर्श केन्द्र ल्याक जस्ता कानुनी सहयोग गर्ने संघ संस्थामा जाने वा सीधै कानून व्यवसायीकोमा जाने ।

**म्याद पाएपछि के गर्ने ?**

म्याद पाएपछि चुप लागेर बस्नु हुँदैन आफ्नो सत्य साँचो व्यहोराको प्रतिउत्तर-पत्र पेश गर्नु पर्दछ । म्याद पाएपछि चुपलागी बसेमा विपक्षी तथा फिरादीले जुन कुराको दावी लिएर फिराद-पत्र दायर गरेको हो, सो कुरालाई समर्थन हुने गरी फैसला हुने सम्भावना बढी हुन्छ । त्यसैले कुनै व्यक्ति म्याद पाएपछि अन्य व्यक्तिहरुको कुरामा विश्वास गरी नबसौ । कानून बमोजिमको म्यादभित्र प्रतिउत्तर-पत्र पेश गरौं ।

**यो सत्य घटना पनि थाहा पाई राख्नुहोस्:**

कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) मा आउनु भएको पीडितहरु मध्येकी एक नाम परिवर्तन गरिएकी सबिना पौडेल स्नातक सम्मको डिग्री लिएपछि बुबाआमाले दिएको पुरुषसंग मागी विवाह हुन्छ । विवाह गरी पतिको घरमा गएपछि सबिना पौडेल घर नजिकैको स्कुलमा शिक्षिकाको रूपमा अध्यापन गर्ने काम गर्छिन् । निजको श्रीमान् पनि सो गाउँमा शिक्षक पेशामा थिए । निज सबिना पौडेल घरमा वृद्ध सासु-ससुराको सेवा गरी घरको सबै काम सिद्धाएर स्कुलमा गई एक शिक्षिकाको भूमिका पनि निर्वाह गरी जीवनयापन गरिरहेकी थिइन् । सोहीक्रममा निजको श्रीमान्ले हामीहरु शिक्षक पेशामा मात्र सीमित भएर हुँदैन म विदेश जान्छु भन्ने प्रस्ताव राखे । निज सबिनाले पनि श्रीमान्को इच्छालाई स्वीकार गरिदिइन् । श्रीमान् विदेश गए । सबिनाले आफुले शिक्षक पेशाबाट आएको रकमबाट घर व्यवहार गर्दै आइन् । एक बर्षसम्म पनि श्रीमान्ले कुनै रकम पठाएनन् । एक बर्षपछि श्रीमान् आफैं म काठमाडौंमा छु, बिरामी छु भनि फोन गरे । बिरामी भए उपचार गर्नुहोस् भनि सबिनाले भनिन् । मैले धेरै उपचार गरिसकें । केही पनि देखिंदैन, सबै ठिक नै छ भन्ने रिपोर्ट आउँछ । म वाक्क दिक्क भएर मैले ज्योतिषलाई देखाएको थिएँ । ज्योतिषले हाम्रो ग्रहहरु नमिलेको हुनाले सम्बन्ध विच्छेद गरिसकेपछि मात्र ठिक हुन्छ रे भन्नुभयो । सबिना अचम्म परिन् । फोन गरेको भोलिपल्ट निजको श्रीमान् घरमा पुगे । सबिनालाई सम्बन्ध विच्छेदको लागि ललाई-फकाई गर्न सुरु गरे । सबिनालाई श्रीमान्ले मेरो साथीको पनि श्रीमतीसंग सम्बन्ध विच्छेद भएपछि ठिक भयो, उनीहरुको अहिले राम्रो छ भनि फकाए । सबिना शिक्षित महिला भए पनि आफ्नो श्रीमान्लाई पूर्णरूपमा विश्वास गरिन् । सबिनाले आफ्नो माइतीको बुबा आमासंग एकपटक सल्लाह गर्नको लागी केही समय दिनुहोस् भनि प्रस्ताव राखिन् तर श्रीमान्ले हामीहरु कसैलाई पनि नभनौं किनकी केही समय सम्बन्ध विच्छेद गरेता पनि पछि हामी मिल्ने नै हो, त्यसैले तिमीले पनि कसैलाई पनि नभन म पनि कसैलाई पनि भन्दिन भनि सबिनालाई अरुसँग सल्लाह लिनबाट पनि बञ्चित गरीदिए । आफु बसोबास गर्ने जिल्लाको अदालतबाट सम्बन्ध विच्छेद गरौं भन्दा पनि श्रीमान्ले मानेनन् र सबिनालाई काठमाडौं लिएर आए । निजको श्रीमान्ले कानून व्यवसायीसंग पहिला नै सल्लाह गरिसकेका रहेछन् । सबिनाको तर्फबाट सम्बन्ध विच्छेदको मुद्दा दर्ता गराए र पति पत्नीको सम्बन्ध विच्छेद हुने गरी मिलापत्रबाट सम्बन्ध विच्छेद भयो । सम्बन्ध विच्छेदपछि निज सबिनाको श्रीमान्ले सबिनालाई कसरी आफ्नो घरबाट टाढा राख्ने भन्ने तर्फ योजना बनाउन सुरु गरे । किनकी निजलाई सबिना घरमा बसेमा कान्छी श्रीमतीसंग विवाह दर्ता गराउन कठिनाई पर्ने देखी सबिनालाई तिमी काठमाडौं बसी सरकारी लोकसेवाको तयारी गर । गाउँमा बसी शिक्षकको जागिरले मात्र पुग्दैन भनि शिक्षक जागिरबाट पनि राजिनामा गराएर काठमाडौंमा कोठा खोजी राखे । सबिनालाई काठमाडौंमा राखी घरमा गएर कान्छी श्रीमतीसंग विवाह दर्ता गरी काठमाडौं सबिनाको कोठामा आएछन् । सबिनासंग मलाई अलि ठिक भयो म विदेश जान्छु भनि विदेश गए । विदेशबाट तीन महिनासम्म राम्रोसंग नै फोनमा कुराकानी भयो । तीन महिना

पश्चात् फोन गर्न पनि छोडिदिए । सबिनाले फोन सम्पर्क गर्दा मेरो तेरो सम्बन्ध विच्छेद भैसक्यो, अब मलाई फोन नगर्नु भनी श्रीमान्ले फोन राखिदिए पछि सबिना आकाशबाट भुईंमा खसेको अनुभूती गरिन् । अनि कानुनी सहयोग र परामर्शका लागि यस संस्था कानुनी सहयोग तथा परामर्श केन्द्रको सम्पर्कमा आइपुगिन् । सबिना श्रीमान्संगको अन्धो विश्वासले गर्दा कानून बमोजम कमजोर भईन् । सबिना एक ज्वलन्त उदाहरण मात्र हुन् । सबिना जस्ता महिलाहरुको मानसिकतामा खेलवाड गरी झुक्याएर सम्बन्ध विच्छेद भएका धेरै मुद्दाहरु छन् । अदालतमा सम्बन्ध विच्छेदको संख्या बढ्नुमा के कारण छ भन्ने कुराको जडसम्म पुग्नु आवश्यक छ ।

*<u>सम्बन्ध विच्छेद गर्नुभन्दा अगाडी विचार गर्नुपर्ने कुराहरु</u>*

- सम्बन्ध विच्छेद गर्दाको अवस्थामा सम्पत्ति नलिएपछि सम्पत्तिमा दावी गर्न पाईंदैन ।
- सम्बन्ध विच्छेदपछि दोस्रो विवाह गर्न कानून बमोजिम छुट हुन्छ ।
- तुरुन्त कुनै पनि अन्धविश्वासमा परी झुक्यानमा परी वा प्रलोभनमा परी हतारमा सम्बन्ध विच्छेद नगरौं ।
- आवश्यक कानुनी परामर्श, पारिवारिक परामर्श लिएर र सम्बन्ध विच्छेद भएपछिको कानुनी परिणामलाई समेत बुझेर मात्र सम्बन्ध विच्छेद गर्नुपर्छ ।
- आफ्नो श्रीमान् तथा आफ्ना परिवारका सदस्यहरुले नै गलत आइडी बनाएर वा गलत व्यक्ति पछि लगाएर अदालत प्रवेश गर्न कानुनी आधार बनाउन अनेक उपायहरु रचि अनेक प्रलोभन देखाउन लगाएर सम्बन्ध विच्छेदको लागि कतै पहल गरिरहेका त छैनन् बुझ्न जरुरी छ ।
- सम्बन्ध विच्छेदपछि छोराछोरीको भविष्यमा पर्ने असर र परिणामको बारेमा समेत पूर्ण जानकार भई व्यवस्थापन समेत गरेर मात्र सम्बन्ध विच्छेदको लागि कदम अगाडी बढाऔं ।
- आवेशमा आएर सम्बन्ध विच्छेद गरी फुर्सदमा नपछुताऔं । मेलमिलाप भनेको पति पत्नी दुवैजना साथै आश्रित परिवारसमेत सबैको जीत हो ।

***

# लैगिक हिंसा सम्बन्धि कानून र कार्यान्वयनमा देखिएका चुनौतिहरु



- *अधिवक्ता राधा तण्डुकार*
*NV VSO Nepal*

नेपालले महिला हिंसा अन्त्य गरी लैगिंक न्याय कायम गर्न विभिन्न अन्तराष्ट्रिय सन्धि, महासन्धि, प्रतिज्ञापत्र अनुमोदन गरी हिंसा अन्त्यका लागि प्रयास गरेको छ । यसरी नेपाल विभिन्न मानब अधिकार सम्बन्धी सन्धि महासन्धि प्रतिज्ञापत्रहरुको पक्ष राष्ट्र भए पछि नेपाल सन्धि ऐन, २०४७ को दफा ९ ले नेपाल पक्ष राष्ट्र भएको कुनै सन्धिमा भएको व्यवस्था प्रचलित कानूनसँग बाझिएमा त्यो सन्धिको प्रयोजनका लागि बाँझिएको हदसम्म अमान्य हुने र तत्तसम्बन्धी सन्धिको व्यवस्था नेपाल कानून सरह लागु हुने स्पष्ट व्यवस्था गरि सन्धि महासन्धिहरुको कार्यान्वयन गर्नुपर्नेमा जोड दिईएकोछ। सो मध्ये केही अन्तराष्ट्रिय कानूनले महिला हिंसा अन्त्यका लागि निम्न महत्वपुर्ण व्यवस्था गरेको छ ।

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**

कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिईने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार सजाय गरिने छैन भनि व्यवस्था गरीएको छ[45] यसका साथै कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई सर्वत्र व्यक्तिको रुपमा मान्यता पाउने अधिकार प्रदान गरेको छ ।[46]

**आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**

यस प्रतिज्ञापत्रमा उल्लेखीत सम्पूर्ण आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको उपभोग गर्ने पुरुष तथा महिलाको समान अधिकार सुनिश्चित गरेको छ।[47] यस प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार प्रदान गरेको छ ।[48]

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र**

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु आफ्ना ईलाका तथा क्षेत्राधिकारभित्र रहेका सबै व्यक्तिहरुलाई जाति, वर्ण, लिंग भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरुको सम्मान र सुनिश्चतता प्रदान गर्ने पर्ने गरी पक्ष राष्ट्रलाई उत्तरदायि बनाएकोछ ।[49]

---

[45] मानव अधिकारको विश्वव्यापी घोषणा पत्र धारा ५

[46] *Ibid* धारा ६

[47] आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, धारा ३

[48] *Ibid धारा १२ (१)*

[49] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र,धारा २

यस प्रतिज्ञापत्रले कसैलाई पनि यातना दिइने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहारका साथै दासत्व विरुद्धको अधिकार प्रत्याभुत गरेको छ।[50]

**महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि**

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिले लिगंको आधारमा महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव अन्त्य गर्नको लागि राज्य पक्षलाई उत्तरदायि बनाउनुका साथै सो भेदभाव अन्त्यको लागि पक्ष राष्ट्रले सबै उपयुक्त उपायहरु अवलम्बन गर्नु पर्ने गरी महासन्धीको कार्यान्वयनको लागि समेत जवाफदेही बनाएको छ।

यस महासन्धिले मुख्य गरेर ३ वटा सिद्धान्त लाई अंगिकार गरेको पाईन्छ :

- अविभेदको सिद्धान्त
- राज्यको दायित्वको सिद्धान्त
- समानताको सिद्धान्त

**महिला विरुद्ध भेदभाव उन्मूलनसमितिको सिफारीस नं. १९**

**CEDAW समितिको एघारौं सत्रले सिफारीस नं १९ ले महिला विरुद्धको हिंसालाई मानव अधिकारको उल्लंघनको रुपमा लिएको छ।**

लिगंको आधारमा महिला माथि हुने हिंसा भेदभावकै एक स्वरुप हो जसले महिलालाई स्वतन्त्रता र अधिकारको उपभोग गर्नबाट बञ्चित गर्दछ। लैगिंक हिंसा भन्नाले महिला विरुद्ध लक्षित त्यस्तो हिंसा हो, जो उनी महिला भएकै कारणले गरिएको हुन्छ वा जसले महिलालाई असमान असर गर्दछ। महिला विरुद्धको भेदभाव अन्तर्गत शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुर्याउने साथै त्यस्ता कार्य गर्ने धम्की, दवाव वा स्वतन्त्रतामा बन्देज लगाउने कार्यहरु पर्दछ।[51] सबै प्रकारका लैगिंक हिंसा सार्वजनिक वा निजी जिवनमा हुने हिंसालाई निर्मूल गर्नको लागि पक्ष राज्यहरुले उपयुक्त र प्रभावकारी उपायहरु अपनाउन सिफारिस गरिएको छ।

**महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र,१९९३**

सबै मानव जातीको समानता,सुरक्षा, स्वतन्त्रता,स्वाभिमान र प्रतिष्ठासँग सम्बन्धित सिद्धान्तहरु महिला अधिकारको रुपमा विश्वव्यापी कार्यान्वयनको अनिवार्य आवश्यकतालाई महसुस गर्दै महिला विरुद्धको हिंसा समानता, विकास र शान्तिका बाधक भएको हुँदा अन्तर्राष्ट्रिय संयन्त्रहरुमा उल्लेख भएको महिलाको अधिकारको प्रयोग र पालनामा प्रभावकारीता ल्याउने उद्देश्यले संयुक्त राष्ट्र संघको महासभाबाट सन् १९९३ मा महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र जारी गरियो।

यस घोषणा पत्रले महिला विरुद्ध हिंसा भन्नाले सार्वजनिक वा निजी जिवनमा लिंगको आधारमा हुने हिंसाजन्य कार्य हो जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक षति वा पीडा पुर्याउँछ वा

---

[50] *Ibid* धारा ७

[51] महिला विरुद्ध भेदभाव उन्मूलन समितिको सिफारिस नं.१९

पुर्‍याउने सम्भावना राख्दछ, जसअर्न्तगत त्यस्तो कार्य गर्ने धम्की दवाव र स्वेच्छाचारी रुपमा महिलाको स्वतन्त्रतामा बन्देज लगाउँछ भनि परिभाषित गरिएको छ ।[52]

*लैगिंक हिंसा अन्त्यका लागि लागू भएका केही राष्ट्रिय कानूनहरु*

यसरी नेपालले विभिन्न मानव अधिकार सम्बन्धी दस्तावेजहरुलाई अनुमोदन गर्नुका साथै ऐन कानूनहरुको व्यवस्था गरेको भएता पनि समाजमा महिला हिंसा, घरेलु हिंसा कायम नै रहेको अवस्था छ । नेपालले लैगिंक हिंसा अन्त्यका लागि विभिन्न ऐन कानूनहरुको निर्माण गरेको छ ।

**नेपालको संविधानले** महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकको प्रत्याभुति दिएको छ । यसको साथै समानताको हक,न्याय सम्बन्धी हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, शोषण विरुद्धको हक, महिलाको हक लाई मौलिक हकको रुपमा प्रत्याभुत गरिएको छ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, घरेलु हिंसा ऐन, २०६६, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२, अपराध पीडित संरक्षण ऐन, २०७५ जस्ता विशेष ऐनहरुको निर्माण गरी लैगिंक हिंसा अन्त्यको लागि कानूनी संयन्त्रहरुको निर्माण गरिएको छ ।

मुलुकी अपराध संहिता अन्तर्गत भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर, विवाह सम्बन्धी कसूर गर्भ संरक्षण विरुद्धको कसूर, कुटपिट वा अङ्गभङ्ग सम्बन्धी कसूर, अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर, करणी सम्बन्धी कसूरहरुमा दण्ड सजायको साथै क्षतिपूर्तिको व्यवस्था गरेको छ । मुलुकी देवानी संहिता अन्तर्गत नागरिक अधिकार सम्बन्धी व्यवस्था, विवाह सम्बन्धी व्यवस्था, सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्था गरी लैगिंक हिंसा उन्मूलनको लागि कदम चालिएको छ ।

*कार्यान्वयनको अवस्था*

**घटना १**

परिवर्तीत नाम रमा यादब घर परिवारले दिएको शारिरीक तथा मानसीक यातना सहन गर्न नसकेपछि बच्चा सहित माईती आएर बस्छीन र हदम्याद भित्रै आफ्नै घरमा बस्न पाउँनेगरी ब्यबस्था मिलाईपाउँ भनि बारा जिल्ला अदालतमा घरेलु हिंसाको उजुरी दर्ता गराउँछीन । अदालतबाट उनको माग बमोजिम पिडितलाई सोही घरमा बस्न दिनु भनि विपक्षीको नाउँमा अन्तरीम संरक्षणात्मक आदेश जारी हुन्छ । तर अदालतको आदेश कागजमा मात्र सिमीत हुन्छ र अदालतको आदेश पश्चात पनि पिडितलाई सो घरमा बस्न सक्ने बातावरण हुदैन ।

[52] संयुक्त राष्ट्र संघीय महिला विरुद्ध हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र, धारा १

**घटना २**

परिवर्तीत नाम केशरी शर्मा श्रीमानको विवाहहेत्तर सम्बन्धको कारण दिनदिनै शारिरीक तथा मानसीक यातना सहेर बसेकी थिईन । सहनै नसक्ने स्थिती भएपछि बाध्य भएर श्रीमान विरुद्ध प्रहरीमा घरेलु हिंसाको उजुरी गर्छिन् । प्रहरीले निजको श्रीमान र अर्की महिलालाई प्रहरी कार्यालयमा उपस्थित गराएर अव उपरान्त सम्बन्धमा नबस्नु भनी दुबैजनालाई नसीहत दिन्छ । प्रहरीले केशरीलाई श्रीमानलाई एक पटकको मौका दिई सँगै मिलेर बस्नु भनी मिलापत्र गराईदिन्छ । त्यसपछि पनि श्रीमानको बानी व्यहोरामा कुनै परिवर्तन आउदैन । केशरीले प्रहरी कार्यालयमा पून : उजुरी दिदा विवाहहेत्तरका सम्बन्धमा प्रहरीले कारवाही चलाउन नसक्ने दुवै पक्ष विवाह गरी बसेमा मात्र बहुविवाहको उजुरी लाग्ने बताउँछ । केशरी दिन प्रतिदिन श्रीमानबाट शारिरीक तथा मानसीक यातना हुदा पनि उचित कानूनी उपचार नपाउँदा आज उनि डिप्रेसनको शीकार भएकी छिन ।

**घटना ३**

परिवर्तीत नाम रीमा रम्तेल र विवेक खड्काले सँगै बाँच्ने र मर्ने कसम खाई दुवै जनाको परिवारको अनुपस्थितीमा भागेर अन्तरजातीय प्रेम विवाह गरी डेरामा बस्छन् । दुवै जनाको सम्बन्धबाट एक छोरीको जाय जन्म हुन्छ । केही समय पश्चात रीमाले श्रीमानसँग छोरीको जन्म दर्ता र आफ्नो विवाह दर्ताको माग गर्छिन् तर उनको माग कहिले पुरा हुदैन । बरु उल्टो कचकच गरी भन्दै उनी माथि कुटपिट हुन थाल्छ । श्रीमानले जति कुटपिट गरेपनि उनि आफ्नो अडानबाट पछि हटिनन् । अचानक एकदिन श्रीमान विना जानकारी गायव हुन्छन् । श्रीमान केही दिनसम्म पनि डेरामा नआएपछि चिने जानेका आफन्तहरुकोमा सोधखोज गर्दा पनि पत्ता लगाउन सक्दीनन् र पछि राष्ट्रिय महिला आयोगमा घरेलु हिंसाको उजुरी दिन्छिन् । राष्ट्रिय महिला आयोगले प्रहरी मार्फत निजलाई आयोगमा उपस्थित गराईदीनु भनी प्रहरी कार्यालयमा पत्राचार गर्छ । तर प्रहरीले उनको श्रीमानलाई खोजी गरेर उपस्थित गराउन नसक्ने भनी रीमालाई जानकारी गराउछ ।

यि ३ वटा त प्रतिनिधि घटनाहरु मात्र हुन जुन घरेलु हिंसा अन्तर्गत पीडितले न्याय पाउन नसकेको वा अदालतबाट न्याय दिए पनि पीडितले व्यवहारमा न्यायको अनुभुति गर्न नसकेको ।

घरेलु हिंसाको उजुरी ४ निकायमा दिन सकिने कानूनी व्यवस्था रहेको छ । स्थानिय वडा कार्यालय, प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग वा सोभै जिल्ला अदालतमा । स्थानिय वडा कार्यालय, प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोगमा परेको धेरै जसो कानून बमोजिम मेलमिलाप हुन सक्ने उजुरीहरु संभव भएसम्म मेलमिलापको माध्यमबाट समस्याको समाधानका उपायहरु खोजी गरी मिलापत्र गराईन्छ भने मिलापत्रबाट समस्या समाधान नहुने भएमा अदालती प्रकृयामा पठाइन्छ ।

प्राय घरेलु हिंसा उजुरीहरुको मिलापत्र पश्चात दुवै पक्ष एकै साथ बसे तापनि हिंसा पटक पटक दोहोरीने पाईएको छ । कतिपय अवस्थामा पिडक घरपरिवारको वास्ता नगरी विना कुनै जानकारी लुकेर बसीदिदा पीडितले आफ्नो सन्तानको लालन पालन पोषण स्वास्थ्य शिक्षा जस्ता आधारभुत आवश्यकता बाट समेत बञ्चित हुनु परेको अवस्था छ । कानूनी कागजात विवाह दर्ता, बच्चाको जन्म दर्ता नागरीकता श्रीमानले नबनाईदिदा अनेकौं समस्याहरु भेल्न बाध्य हुनुपरेको छ ।

माथि उल्लेखित प्रतिनिधि घटनाहरु र महिला र बालबालिकाहरुले भोग्दै आएका चुनौतीहरुको कारण घरेलु हिंसा ऐनको औचित्य माथि नै प्रश्न खडा भएको छ। घरेलु हिंसा ऐन प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने हेतु घरेलु हिंसा (कसुर र सजाय) ऐनको निमार्ण भएको थियो। यस्तो कसुर गर्ने व्यक्ती लाई तिन देखि पच्चिस हजार रुपैयासम्म जरिवाना वा छ महिनासम्म कैदको जायको व्यवस्था गरेको छ। तर पीडितले सो अनुरुपको न्यायको अनुभुत गर्न नसकेको कारण यस ऐनको पुनरावलोकन गर्नु पर्ने बेला भएको छ।

*घरेलु हिंसा ऐनको कार्यान्वियनमा भएका चुनौतीहरु*

- ❖ उजुरी सुन्ने निकायहरुबाट भएको मिलापत्रको कार्यान्वयन भयो वा भएन भनि हेर्ने संयन्त्रको अभाव हुनु
- ❖ मिलापत्रको कार्यान्वयन विपक्षद्वारा नगरेमा कुनै दण्ड सजाय वा जरीवना गर्ने व्यवस्था नहुनु
- ❖ उजुरी सुन्ने सम्बन्धित निकायहरु विच समन्वयको अभाव हुनु
- ❖ घरेलु हिंसालाई श्रीमान श्रीमती विचको घर भित्रको झगडा त हानी भनि सामान्यकरण गर्नु
- ❖ यदि पिडकको आर्थिक अवस्था कमजोर भएमा वा सरकारी जागीर नभएको अवस्थामा परिवारको लागि मानाचामल, अंश भराउन कठीन हुनु
- ❖ प्राय उजुरी सुन्ने निकायहरुमा काम गर्ने कर्मचारीहरु पितृसत्तात्मक सोचबाट ग्रसीत हुनु
- ❖ महिला केन्द्रीत विषयहरुमा Pro-active भई कार्य गर्ने इच्छा शक्तिको अभाव हुनु
- ❖ उजुरी सुन्ने निकायहरु पिडित मैत्री बातावरण नहुनु
- ❖ उजुरी सुन्ने निकायहरुमा कार्यरत कर्मचारीहरुमा ऐन कानूनको बारेमा राम्रोसँग जानकारी नहुनु
- ❖ उजुरी सुन्ने निकायहरुले Due Diligence तत्परताकासाथ कानुनको कार्यान्वयन नगर्नु

*घरेलु हिंसा उन्मुलनको लागि हुनु पर्ने अबको मार्ग*

न्याय दिएर मात्र हुदैन पीडितले न्याय पाएको अनुभुति पनि गर्नु पर्दछ। घरेलु हिंसाको उजुरी लिएर मात्र पुग्दैन। हिंसा पीडित महिलाले न्यायको अनुभुति गर्न पाएको हुनुपर्छ। हिंसाको सम्बोधन हुनु पर्दछ। पीडितले राहत स्वरुप क्षतीपूर्ती पाउने अवस्था हुनुपर्छ भने पिडकले जरीवना सहित दण्ड सजाय पाउनु पर्दछ। अनि मात्र घरेलु हिंसा ऐन जुन मर्मलाई सम्बोधन गर्न बनेको हो सो मर्मको भावना अनुरुप कानूनको कार्यान्वयन भएमा मात्र सार्थकता पाउँछ। अन्यथा कागजमा मात्र ऐन कानून सीमीत भई घर परिवारका सदस्यहरु विच दण्डहिनता कायम रहि महिला सधै नै हिंसा बाट प्रताडीत भईरहनु पर्ने हुन्छ।

सो अवस्था नआओस भन्नको लागि अबको मार्ग यस्तो हुनुपर्दछ :

- ❖ महिलालाई आर्थिक रुपमा सशक्त बनाउन आर्थिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने

- कानूनी साक्षरता सम्बन्धी कार्यक्रमहरु स्थानीय तहबाट नै सञ्चालन गर्ने
- उजुरी सुन्ने निकायहरु अधिकार सम्पन्न बनाई लैंगिक न्याय मैत्री बनाउने
- सम्बन्धित निकायहरु विच समन्वय र सहकार्य हुनु पर्ने
- सम्बन्धित निकायमा कार्य गर्ने कर्मचारीहरु Pro-activeर Due Deligence का साथ पीडितलाई न्याय दिन लाग्नु पर्ने
- भेदभावजन्य ऐन कानूनहरु खारेज गरी समान कानूनहरु निमार्ण गर्नु पर्ने

नेपालले हिंसा उन्मुलनका लागि अन्तराष्ट्रिय स्तरमा विभिन्न सन्धि तथा महासन्धिहरु अनुमोदन गनूका साथै राष्ट्रिय स्तरमा पनि विभिन्न ऐन कानूनहरुको निमार्ण गरेको भएता पनि समाजमा हिंसा अन्त्य हुन नसकेको अवस्था छ ।

नेपाल विभिन्न अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरुको पक्ष राष्ट्र भएकोले महिला विरुद्ध हुने सबै खाले भेदभाव र हिंसाको न्यायिक (De jure) र बास्तविक (De facto) रुपमा अन्त्य गर्न आफ्नो दायित्व पूरा गर्नु पर्दछ । विभिन्न सन्धि तथा महासन्धिहरुको पक्ष राष्ट्र भएपछि सीर्जित दायित्वहरु जस्तै सन्धि महासन्धिहरुले व्यवस्था गरेका अधिकारहरुको सम्मान गर्ने दायित्व संरक्षण गर्ने दायित्व, पालना गर्ने दायित्व वहन गर्नुपर्दछ ।

अन्त्यमा महिलालाई कसैको छोरी कसैको श्रीमतीको रुपमा मात्र नभई महिलाको स्वतन्त्र अस्तीत्वलाई स्वीकार गरी महिलालाई स्वतन्त्र मानवको रुपमा सबैले समान व्यवहार गरेमा मात्र समतामूलक समाजको निमार्ण हुन सक्दछ ।

***

# Institutionalizing Paralegals in Nepal its Challenges and Prospects



*Adv. Manisha Paudel*

## Introduction to Paralegals

Paralegals are those people who are working in the community from the time immemorable. In simple terms, paralegals can be defined as a non-lawyer with basic legal and social knowledge. Paralegals are called by different names in different places – including "Grassroots Legal advocate," "barefoot lawyer," "community legal worker. According to Oxford learner's Dictionary Paralegal means a person who is trained to help a lawyer. According to American Bar Association "A paralegal is a person qualified by education, training or work experience who is employed or retained by a lawyer, law office, corporation, governmental agency or other entity who performs specifically delegated substantive legal work for which a lawyer is responsible.[53]

Paralegals is a person who is trained in substantive knowledge of legal matters but is not qualified as a lawyer who can provide initial legal assistance to the needy and marginalized people. Paralegals are agents who bridge the gap between the state and the community people mainly the under-represented, poor, marginalized and disadvantage groups by facilitating in ensuring access to justice. Community-based paralegals emerged in response to the demands of marginalized communities, who were unable to have easy access to lawyers and formal justice mechanisms due to various barriers such as social, cultural, economical, geographical and cultural barriers. They can often resolve and identify the issue much faster than lawyers and other actors because the community person has more faith in them because they are the community peoples.

Although constitution of Nepal has guaranteed rights and benefits of legal aid to all Nepali citizens including the right to legal assistance, accessing many of these benefits remains a challenge for those who live in remote areas and those who cannot afford legal representation. Community-based paralegals fill this gap by providing legal assistance service to them. Community –based paralegals are real hero of the society as they could identify the real cause and readdress the individual and community problems.

## Paralegals initiatives for accessing justice to poor and marginalized group

In Nepal paralegal program was implemented by UNICEF and financially supported by DFID in 2010 to August 2013, the program scaled up nationally and closely integrated with the Government of Nepal's own Women's Development Program. The Department of Women and Children, Ministry of Women, Children and Senior Citizen' with technical assistance from UNICEF. In the initial period this program was focus on access to justice of Victim/Survivors of domestic violence, sexual harassment, rape, trafficking, early marriage, witchcraft, property disputes and polygamy. The situation of women was not good, women faced difficulty in accessing justice, lack of support for victims and lack of adequate social services (legal, health and psychosocial support) makes the situation worse for women and children. The overall goal of the program was to support para-legal committees to prevent and respond to violence, abuse, exploitation and discrimination against women

[53] https:// www.americanbar.org visited date 13th August,2022

and children.[54] 1246 GBV watch groups were formed and carry out awareness raising activities; 2340 GBV watch groups were formed by Women and Children office of throughout 75 districts of Nepal. In this regards the past experiences of Nepal, regarding the contribution of community-based paralegals working for social justice and accessing to justice for marginalized people was remarkable.

After the restructuring of the state, in the federal structure of the government, the women children district office was dissolved and merged to local government (Municipality / Rural Municipality). In this situation municipality are unknown about the community paralegal program and the role of the paralegal so both municipality and paralegal are in dilemma about the paralegal program. In Nepal there are two types of paralegal programs are exit in present context. Government paralegals means Unicef trained paralegals at community level under the Ministry of Women, Children and Senior Citizen's. There are about 10 thousand trained paralegals but the specific term paralegal has not been used. But they act like paralegals in the society. Another is civil society based paralegals there are following different modality in training and using paralegal. Paralegal programs cover different thematic issues/groups such as women, children, prisoners, migrant workers, disability, caste-based discrimination, single women, domestic violence, GBV, child marriage, trafficking, dowry and any other harmful social norms etc.

**National and International Legislative framework on Paralegals**

**National legal framework**

Access to justice is a fundamental right guaranteed by constitution of Nepal to its citizen ensuring the modern feature of criminal justice system. Constitution of Nepal 2015, article 20(10) has guaranteed the legal Aid right as a fundamental right which mentions any indigent party shall have the right to free legal aid in accordance with law. Nepal government has enacted Legal Aid Act 1997, which set criteria for legal aid and established institutional mechanisms to manage legal aid system. Central legal aid committee and district legal aid committee are also providing legal aid service. Nepal has three kind of legal aid scheme; government lead legal aid managed by Nepal Bar Association, Court lead legal aid provided by stipendiary lawyer and CSO lead legal aid e.g LACC, PDS Nepal, Peoples Forum. Recently Nepal government has adopted new integrated Legal Aid Policy but still it has not incorporated the term paralegal, the contribution and role of paralegal has not been formally recognized or defined by Nepalese law. Therefore, the lack of recognition in laws and policies has been hindrance in development and systematic operation of paralegal services in the communities. Paralegals cover different thematic issues/groups such as women, children, prisoners, migrant workers, Dalit, disable, single women, domestic violence, GBV, child marriage, trafficking, dowry and any other harmful social norms etc. Basically, there are two types of Paralegal in Nepal: Paralegal working in criminal justice system and Community paralegal who has no legal recognition in the society.

[54] http://www.gov.uk Intervention summary of the UNICEF Paralegal Program, 2010 visited on 13th August,2022

*According to Lekhapdhi Vyawasayi Niyamawali 2051, Rule 4, it is stated that the roles of paralegals can be conduction of legal literacy campaigns, awareness about legal aid and legal coordination. They can also work as bridge between police, local level, concerned authorities and people in need.*

However, similar legal intermediaries, “Document Drafters” or “Lekhapadis” are recognized. They are considered the legal assistant of lawyers. Besides this government should recognise and institutionalize community paralegals too because they are also the justice actors of the state.[55] The government should not ignore the role and importance of paralegals in Nepalese context because still people need assistance service from paralegals in various matter due to the procedural complexities, lack of legal empowerment, geographical context and financial constraints etc.

**International Laws**

Article 10 of Universal Declaration of Human Rights ensures that access to justice is basic human rights of everyone. Nepal has also ratified the International Covenant on Civil and Political Rights (ICCPR), 1966. It has guarantees the right to have legal assistance to the person who can’t make payment or afford .[56] It guarantees the basic human rights, fair trial and free legal aid to people who cannot hire lawyer by themselves. United Nations Principles and Guidelines on Access to Legal Aid in Criminal Justice Systems recognizes role of paralegal in promoting access to justice. Articles 14 mentioned that States should, in accordance with their national law and where appropriate, recognize the role played by paralegals or similar service providers in providing legal aid services where access to lawyers is limited. For this purpose, States should, in consultation with civil society and justice agencies and professional associations, should introduce measures:

1. To develop, where appropriate, a nationwide scheme of paralegal services with standardized training curricula and accreditation schemes, including appropriate screening and vetting,
2. To ensure that quality standards for paralegal services are set and that paralegals receive adequate training and operate under the supervision of qualified lawyers,
3. To promote, in consultation with civil society and justice agencies, the development of a code of conduct that is binding for all paralegals working in the criminal justice system;

**Challenges and Prospects of Paralegals**

